# साँचो खुशीयाली तपाईको हुन सक्छ

उपहार स्वरूप प्रदान गरियो

______________________________

प्रदान कर्त्ता

______________________________

मलाई सम्पर्क गर्ने ठेगाना

______________________________

______________________________

______________________________

______________________________

True Happiness Can Be Yours
साँचो खुशीयाली तपाईको हुन सक्छ

Copyright © 2000 by DENSU ®

All Rights Reserved
Printed in India.

First English Edition 2000, USA
First Nepali Edition, 2004, Feburary

Copies : 5000

**SOUTH ASIA CO-ORDINATOR**
Densu Ministries
P.O. Box No. : 969
Perambur Barracks
Chennai - 600 012.
E-Mail : southasia@densu.com

AGAPE
GPO Box No. 111567
Kathmandu
NEPAL
E-Mail : southasia@densu.com
robby@helpmins.wlink.com.np

# साँचो खुशीयाली तपाईको हुन सक्छ

## अध्याय - १



*साँचो खुशीयाली एउटा यस्तो कुरा हो जो प्राप्त गर्नलाई हामी सबैले इच्छा गर्छौं र खोज्छौं हाम्रो राष्ट्रीयता, जाति, उमेर, लिङ्ग, सामाजिक स्तर, बौद्धिकता, धर्म वा शिक्षा चाहे जे सुकै होस् , हामी सबैले साँचो खुशीयाली अनुभव गर्न र उपभोग गर्न चाहन्छौं*

*हामीले साँचो खुशीयाली पाउने र अनुभव गर्ने एउटा विश्वव्यापी चाहना बोकेको सत्यताले हामीलाई बताउँछ कि यो हाम्रो दैनिक जीवनको एउटा अभिन्न अङ्ग हुनु पर्ने हो औ साँचो खुशीयाली खोज्ने हरेक पुरूष वा स्त्रीमा यो खोज हुनु न्यायोचित र ठीक ठहरिन्छ*

*सारा संसारको पद्धतिले सँधै हामी कहाँ साँचो खुशीयाली ल्याउने कुनै थोक र सबै थोक प्रस्तुत गर्ने कोशिष गरिरहेको छ तर यदि हामी*



*आफ्नो जीवनको गुणस्तर बारे इमान्दार भयौं भने हामी साँच्चै खुशी छैनौं भनेर स्वीकार्नै पर्छ ; अझ केही कुराको कमी भइरहेछ!*

*यस पुस्तकका लेखकहरू यो विश्वास गर्छन् कि हरेक व्यक्ति, चाहे उ कुनै पुरूष वा स्त्री होस् , उसले एउटा साँचो खुशीको जीवन पाउनको निम्ति बनिएको र अधिकार पाएको हो यसैकारण अब हामी यस विषय तपाईसंग बाँटछौं :*

## साँचो खुशीयाली तपाईको हुन सक्छ...

आदिमा परमेश्वरले स्वर्गहरू र पृथ्वी सृष्टि गर्नु भयो सबै कुरा असल थियो पृथ्वी एउटा उदेकको सुखलोक थियो जहाँ परमेश्वरले आफ्नै स्वरूप र समानतामा मानिस र स्त्रीलाई सृजेर राखि दिनु भयो

तिनीहरूले आफ्ना सृष्टिकर्त्ता सँगै राज्य गर्दै एउटा उदेकको आशीषित जीवन यापन गरे परमेश्वरले तिनीहरूलाई पृथ्वीमाथिका सबै जीवित प्राणीहरूमाथि शक्ति र प्रभुत्व गर्न दिनु भयो र तिनीहरूलाई फल्दै-फुल्दै, गुणात्मक वृद्धि गर्दै पृथ्वीलाई भर्दै अधीन गर्न दिनु भयो परमेश्वरले तिनीहरूलाई सबै कुराको जिम्मेवार तुल्याउनु भयो यहाँ सम्म कि पशुहरूलाई नाउँसम्म तिनीहरूले दिए

अदनको बगैंचा, जो तिनीहरूको घर थियो, त्यो एउटा सुखलोक थियो अदन शब्दको अर्थ सुख र आनन्द हो तिनीहरूको आफ्ना सृष्टिकर्त्तासंग अटूट संगति र मिलन भएको थियो अनि उहाँको सृष्टिसंग एकता त्यहाँ कुनै पाप थिएन, कुनै हत्या थिएन, कुनै रोग वा बिमार थिएन, कुनै कमी वा कुनै प्रकारको घटी थिएन र मृत्यू पनि थिएन सबै मानिसको निम्ति परमेश्वरको योजना यही थियो औ आज पनि छँदैछ !

पहिलो मानिस आदम र उसकी पत्नी हव्वाले संसारमा अन्य कसैले उपभोग नगरेको अचम्भको जीवन पाएको थियो यो पनि सबै मानव जातिको निम्ति परमेश्वरको योजना थियो - सबै जो आदम र हव्वाबाट जन्मनेहरूका निम्ति तिनीहरूलाई साँच्चै खुशी तुल्याउनलाई तिनीहरूसंग सबैकुराको प्रशस्तता थियो तर तिनीहरूको खुशीलाई रक्षा गर्नको निम्ति परमेश्वरले तिनीहरू माथि एउटा प्रतिबन्ध लगाउनु भयो **"तर असल र**

**खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् त्यसै दिन तँ मर्नेछस "** परमेश्वरले आदम र हव्वालाई चुन्ने सामर्थ दिनुभयो उहाँले तिनीहरूलाई कठपुतली वा मशीन (robot) जस्तो सृजनु भएन उहाँले तिनीहरूसंग यस्तो सम्बन्ध जोड्न चाहनु भयो जो आपस्तको भरोसा र सम्मानमा आधारित थियो तिनीहरू मरेको परमेश्वरले चाहनु भएन र उहाँले त्यो एउटा रूखको फल नखानु भन्नु भयो तिनीहरूले परमेश्वरलाई भरोसा गरेनन् र यसरी तिनीहरू छलमा परे :

**"परमप्रभु परमेश्वरले बनाउनुभएका वनपशुहरूमध्ये साँप धूर्त थियो त्यसले स्त्री लाई भन्यो, के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै रूखको फल नखानू भनी भन्नुभएको छ?" स्त्रीले साँपलाई भनिन् , बगैंचाका रूखहरूका फल हामी खानसक्छौं, तर बगैंचाको बीचमा भएको रूखको फलको विषयमा परमेश्वरले भन्नुभएको छ, "त्यो चाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ " साँपले स्त्रीलाई भन्यो, तिमीहरू कदापि मर्दैनौ किनकि परमेश्वर जान्नु हुन्छ कि जुन दिन "तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन् , र असल र खराबको ज्ञान पाएर तिमीहरू पनि परमेश्वरजस्तै हुनेछौ " अनि जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, औ कसैलाई बुद्धिमान बन्नलाई सो रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन् ,तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन् ,औ तिनले पनि खाए अनि दुवैका आँखा खोलिए, र 'नाङ्गै पो रहेछौं ' भनी तिनीहरूले थाह पाए अनि नेभाराका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए**

**अनि बेलुकी परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, औ मानिस र तिनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके तर परमप्रभु परमेश्वरले मानिसलाई हपारेर बोलाउनुभयो, "तँ**



**कहाँ छस् ? " तिनले भने, "मैले तपाईको सोर बगैंचामा सुनें, र म डराएँ, किनभने म नाङ्गै थिएँ र म लुकें " औ उहाँले सोध्नुभयो, तँ नाङ्गै छस् भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिँए के तैंले त्यो खाइस्? अनि मानिसले भने, " जुन स्त्री तपाईले मलाई मसँगै रहन भनी दिनुभएको थियो त्यसैले मलाई त्यो रूखको फल दिई, र मैले खाएँ " अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तैंले यो के गरिस् " स्त्रीले भनिन् , "साँपले पो मलाई छल गरयो, र मैले त्यो खाएँ "**

आफ्ना सृष्टिकर्त्तामाथि भरोसा नराखेको प्रतिफल एंव उहाँको वचनलाई पालन नगर्नाले सम्पूर्ण मानव जातिमा त्यसबेला र अहिले पनि विध्वंसक बन्न पुग्यो आदम र हव्वाको अविश्वास र अनाज्ञाकारिताले संसारमा पाप ल्यायो र मानिस जातिलाई उनीहरूका सृष्टिकर्त्तादेखि अलग गरायो तिनीहरूकै अविश्वास र पापले सबै प्रकारको खराबी र स्वार्थता, त्यसको साथमा बिमार, रोग र मृत्यूसम्म पछ्यायो

मानव जातिका पिता - माता आदम र हव्वाले आफ्नो सृष्टिकर्त्ता परमेश्वरलाई विश्वास गर्नको साटो त्यो सर्प, दियाबल वा शैतानलाई विश्वास गर्न रोजे न केवल मानिस जाति पापले परमेश्वरबाट अलग भए तर अब उसो पृथ्वीमा मानिस जातिमध्ये शैतानले प्रभुत्व जमाए परमेश्वरले आदम र हव्वालाई सर्प लगायत सबै लौकिक प्राणीहरू माथि अधिकार दिनु भएको थियो, तर शैतानमाथि आफ्नो अधिकार प्रयोग गर्नुको साटो तिनीहरू पाप र शैतानका कमारा बने तिनीहरूका सृष्टिकर्त्ता परमेश्वरसंग राज गर्न र शासन गर्नको साटो

संसारमा तिनीहरू र सबै जातिको निम्ति जीवन परमेश्वरले शुरूमा चाहनु भएको जस्तो हुन सकेन जिउनु परमेश्वरको आशीष र प्रशस्तताले भरपूर हुनुको साटो केवल एउटा अस्तित्व हुन गयो संसारमा पापको प्रवेश भएको फलस्वरूप मानिस परमेश्वरदेखि टाढ़िन गयो र आज पृथ्वीमा बढ़िरहेको शैतानिक क्रिया- कलापले हामीलाई यो बुझ्नमा सहायता गर्छ कि किन मानव जाति एउटा अस्त-व्यस्त (chaos) अन्योलपना र

खलबलिएको (turmoil) अवस्थामा छ औ मानिसले किन यति निम्न स्तरको जीवन अनुभव गर्दैछन् - सारा स्वार्थता, रोग र व्याधि, आत्महत्या, हत्या, यौन सम्बन्धी पाप र विकृति, अख्तियारको विरूद्ध विद्रोह, छुटानाम, लागू पदार्थ र मदपानको दुरूपयोग र समाजमा भइरहेको अन्य सबै खराबीहरू

अज्ञानताद्वारा र शैतानको आफ्नै युक्ति (design) द्वारा प्राय: मानिसले परमेश्वरलाई दोष्याउँछन् , अथवा संसारमा आज विद्यमान अस्त - व्यस्त अवस्थाको निम्ति र तिनीहरूले आफ्नो जीवनमा, परिवारमा र देशमा सामना गर्ने समस्याहरूको निम्ति ती देवहरूलाई दोष्याउँछन् यो नबुझेर कि वास्तविक समस्या कहाँ छ औ काम नलाग्ने समाधानहरूद्वारा मानिसजातिले आफू बाँच्न लड़ाइँ गर्दछ यसरी अघि बढ़ेर जीवनमा सफल पनि बन्छ तर आखिरमा तिनीहरू मृत्यूको सम्मुख पुग्नलाई - त्यसपछि इन्साफ र परमेश्वररहित अनन्ततामा

हरेक दिन मानिसहरू जहीं - कहीं जीवनको यस्तो गति भएर जान्छन् जसले त्यो रित्तोपनलाई भर्ने केही कुराको खोज गर्दै तर असफल बन्छन् मनोरञ्जन, सांसारिक मनोविनोदहरू, यौन, लागू पदार्थ, मद - मदिरा, खेलहरू, काम - काजहरू, सम्बन्ध र धर्म सम्मले परमेश्वरले आकार दिनु भएको त्यो रित्तोपनलाई भर्न सक्तैन जो तिनीहरूका सृष्टिकर्त्तासंग रहने सम्बन्धले मात्र भर्न सक्दछ शैतान र त्यसको सांसारिक पद्धतिले थोरै समयको निम्ति सुख देला तर त्यो क्षणिक हुन्छ र त्यसले अन्तमा अझ बढ़ता कष्ट र खालीपन ल्याउँछ

परमेश्वर, जसको स्वरूप र सादृष्यमा हामी सबै सृजिएका थियौं, उहाँले मानिस जातिलाई मूल्यवान ठान्न र प्रेम गर्न जारी राख्नु भयो यद्यपि मानिस पाप र अविश्वासको कारणले उहाँबाट अलग भएको थियो यद्यपि हामीप्रति रहेको उहाँको प्रेम बदलिएको थिएन, हाम्रा सृष्टिकर्त्ताले पाप ल्याउने परिणामबारे तयार गर्नु भएको नियमलाई उलङ्घन गर्न सक्नु भएन नत्र भने उहाँको वचन विश्वसनीय ठहरिने थिएन यसकारण मानव जातिको द्विविधालाई समाधान गर्न उहाँले एउटा उपाय निकाल्नु पऱ्यो ताकि हामीसंग उहाँको फेरि संगति स्थापित हुन सकोस् र हामीलाई हाम्रो शान्ति,



आशीर्वाद र प्रशस्तताको मौलिक अवस्थामा फर्काउनलाई साथै उहाँको वचनको सत्यता र अखण्डताको रक्षा गर्नलाई

परमेश्वरको न्यायले सन्तुष्टि पाउनु पर्थ्यो मानव जातिको पाप र अनाज्ञाकारितालाई सजाय दिइनु पर्थ्यो पापको सजाय मृत्यू भयो जो केवल हाम्रो शारीरिक जीवनको अन्त थिएन तर हाम्रो आत्मिक मृत्यू पनि थियो जो परमेश्वरदेखि अलग हुनु हो यसैकारण पापमा मर्ने मानिस नरक जान्छ र परमेश्वरको उपस्थितिबाट सदा सर्वदाको निम्ति अलग हुन्छ यद्यपि नरक चाहिँ आरम्भमा शैतान र त्यससंग गिरेका स्वर्गदूतहरूको निम्ति तयार गरिएको ठाउँ थियो

तथापि सारा मानिस जातिलाई संहार गर्नको सट्टामा परमेश्वरले मानिस जातिलाई तिनीहरूको पापबाट बाँच्नलाई र आफ्ना सृष्टिकर्त्तासंग पुन: मिलाप पाउनलाई एउटा उपायको प्रबन्ध गर्नु भयो जसद्वारा परमेश्वरसंगको संगति र परमेश्वरले सँधै चाहनु भएको जीवन प्राप्त हुन सकोस् हामीलाई छुटाउन उहाँले एउटा उपाय बनाउनु भयो, हामीलाई पापको दासत्वको बजारबाट फेरि किन्न र हाम्रो जीवनमा रहेको शैतानको नियंत्रणबाट छुटाउन परमेश्वरले यो काम उहाँको पुत्र, येशू ख्रीष्टद्वारा सम्पन्न गर्नु भयो

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् , तर त्यसले अनन्त जीवन पाओस् "** परमेश्वरको पुत्र येशू, इस्राएलको बेतलेहेम शहरमा अलौकिक तौरले जन्मनु भयो मरियम नामक एउटी कन्ये केटी परमेश्वरको पुत्र येशूकी आमा थिइन परमेश्वरको पवित्र आत्माले मरियमलाई छाँया पारयो जसद्वारा तिनी गर्भवती भइन र परमेश्वरको पवित्र बालक येशूलाई पैदा गरिन्

उहाँको जन्म हुनु अघिका कैयौं शताब्दीदेखि यी सबै कुराको पूर्वसूचना दिइएको थियो - पृथ्वीमा येशू आउने उदेश्य र उहाँको जीवनमा अरू घटनाहरू हुने विषयमा उहाँ बारे गरिएका सबै अगमवाणीहरू सबैभन्दा सानो अंशसम्म पूरा भयो उहाँ परमेश्वर र मानिसको निगाहमा बड्नु भयो, संसारमा ३३ बर्ष जिएर आफ्नो आगमनको उदेश्य पूरा गरेपछि उहाँ स्वर्गमा उहाँका पिताकहाँ फर्कनु भयो

येशू अरू मानिसदेखि भिन्न थिए उहाँका सांसारिक पिता थिएनन् उहाँ आदमको वंश र रगतमा पर्दैन थिए परमेश्वर उहाँका बाबु हुनुहुन्थ्यो औ यद्यपि शुरूमा आदम र हव्वा परीक्षामा परेझैं उहाँ शैतानबाट परीक्षित हुनु भए पनि, येशूले कहिल्यै पाप गर्नु भएन। उहाँले सँधै परमेश्वरको इच्छालाई पालन गर्नु भयो र आफ्ना स्वर्गीय पिताप्रति सम्पूर्ण आज्ञाकारितामा जिउनु भयो

यसैकारण, येशू ख्रीष्टले मानव जातिलाई उद्धार गर्न परमेश्वरको योजनालाई पूरा गर्न सक्नु भयो। हाम्रो समस्याको ईश्वरीय समाधान उहाँ नै हुनु हुन्थ्यो हाम्रो पापको खातिर हामीलाई दण्ड दिनुको साटो परमेश्वरले उहाँको पुत्र येशूलाई हाम्रो स्थानमा दण्ड दिनु भयो यस पृथ्वीमाथि हिंड्ने एकमात्र सिद्ध र पाप रहित मानिस येशू ख्रीष्टले तपाई, म र समस्त मानव जातिको निम्ति उहाँको जीवन बलिदान दिनु भयो, येशू ख्रीष्ट एउटा क्रूसमा टाँगिनु भएर प्राय: २००० बर्ष अघि मर्नु भयो र हाम्रा पापहरूको दाम स्वरूप उहाँको बहुमूल्य रगत बहाउनु भयो - हामीलाई पाप र त्यसको प्रभावबाट उद्धार गर्न औ हाम्रो जीवनमा रहेको शैतानिक नियंत्रणबाट छुटाउन

**येशू ख्रीष्ट हाम्रो प्रतिनिधि बन्नुभयो त्यो क्रूसमा उहाँले हाम्रो दण्ड भोग्नु भयो "हामी उहाँमा परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पापै थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो"** उहाँले हामीसंग ठाउँहरूको लेनदेन गर्नु भयो हामी जो थियौं त्यो उहाँ बन्नु भयो ताकि हामी उहाँ जो हुनु हुन्छ सो बन्न सकौं उहाँले हाम्रा पापहरू, रोग र बिमार आफ्नै शरीरमा बोकेर त्यो क्रूसमा जानु भयो र त्यसको सट्टामा उहाँको धार्मिकता, स्वास्थ्य र प्रशस्त जीवन दिनु भयो उहाँले हाम्रो हार लिएर उहाँको जीत दिनु भयो उहाँ मर्नु भयो ताकि परमेश्वरले शुरूमा चाहनु भएको जस्तै हामीले प्रशस्तसंग जीवन जिउन सकौं भनेर

**अगमवाणी गरिए अनुसार येशू ख्रीष्ट हाम्रो पापको निम्ति मरे उहाँ गाड़िए औ धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँको पुनरूत्थान भयो उहाँ पत्रुस कहाँ अनि बाह्रै चेलाकहाँ देखा पर्नु भयो, त्यसपछि उहाँ एकैपल्ट पाँच सयभन्दा बढ़ता भाइहरूकहाँ**



**देखा पर्नु भयो** त्यसपछि चाँड़ै येशू ख्रीष्ट स्वर्गमा उक्लनु भयो जहाँ उहाँले अहिले उहाँमाथि विश्वास गर्नेहरू र उहाँलाई मुक्तिदाता र प्रभु भनी ग्रहण गर्नेहरूका निम्ति ठाउँ तयार पार्दै हुनुहुन्छ कुनै दिन, उहाँमा विश्वास गर्ने सबैलाई स्वर्गमा लैजानलाई, उहाँ फर्कनु हुन्छ

**येशू ख्रीष्टले पाप, रोग-बिमार, मृत्यू र शैतानका सबै कार्यलाई जित्नु भएको छ उहाँ जीवित हुनु हुन्छ औ अहिले र सदा सर्वदालाई विजयसंग शासन गर्नु हुन्छ उहाँले यो कार्य तपाई, मलाई र सारा मानव जातिको निम्ति गर्नु भयो, औ सबैको निम्ति जसले उहाँ कहाँ आइ आस्था राख्छन् र उहाँको बगेको रगतमा आफ्नो विश्वास राखी आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी स्वीकार गर्छन् किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ**

यस पुस्तकमा भएको सबै कुरा परमेश्वरको वचन बाइबलमा बयान गरिएको सत्यतामा आधारित छ बाइबल चाहिं परमेश्वरले मानिस जातिलाई दिनु भएको आफ्नै लिखित विवरण, बयान र प्रकाश हो हजारौं वर्षदेखि परमेश्वरले आफ्नो वचनलाई रक्षा गरेर आउनु भएको छ ताकि तपाई र मैले विश्वास गर्न पर्ने के रहेछ सो बुझ्न सकौं, हामी आफ्ना पापबाट कसरी बाँच्न सक्छौं अनि हामी आफ्ना परमेश्वर, मुक्तिदाता र मित्रसंग छुटकारा पाइ, पुनर्स्थापित भएर पुनर्मिलापमा रहन सक्छौं

अहिले तपाईले येशू ख्रीष्ट बारे सुसमाचार पढ़नु भयो - उहाँ जो तपाईको ठाउँमा २,००० बर्ष अघि क्रूसमा मर्नु भयो औ तपाईलाई परमेश्वरतर्फ फिराउन तपाईको पापको निम्ति साटो बन्नु भयो उहाँले तपाईको दण्ड र पिड़ा सहनु भयो ताकि तपाई मर्नु हुँदा नरकमा गएर अनन्तको दण्ड भोग्न नपरोस भनेर तपाईको पापले तिर्नै नसक्ने ऋण पैदा गरेको थियो उहाँले त्यो ऋण पूर्णरूपले तिरिदिनु भयो तपाईलाई छुटकारा दिलाउन उहाँले आफ्नो जीवनको मोल तिर्नु पर्‍यो औ उहाँले आफ्नो प्रेम तपाईलाई प्रमाणित गर्नलाई यो काम गर्नु भयो तपाई परमेश्वरद्वारा प्रेम गरिएको हुनुहुन्छ!

तपाईले परमेश्वरको प्रेमलाई बुझेर कसरी प्रतिउत्तर दिनु हुन्छ यो

तथ्यलाई विचार्दा कि तपाईलाई उहाँ कहाँ फर्काइ ल्याउन भनेर उहाँले आफ्ना एकमात्र पुत्रलाई तपाईको जगहमा मर्नलाई दिनु भयो ? औ तपाई प्रति येशूको प्रेमको कस्तो प्रतिउत्तर दिनु हुन्छ कि तपाईले अनन्त जीवन पाउन भनी उहाँ तपाईको ठाउँमा मर्न र तपाईको दण्ड भोग्नलाई इच्छुक हुनुभयो ? औ तपाई पवित्र आत्माप्रति कस्तो उत्तर दिनुहुन्छ जसले अहिलेको घड़ी तपाईलाई येशू प्रकट गर्दै हुनुहुन्छ? तपाईले कसरी प्रतिउत्तर दिने ? तपाईको दुइवटा चुन्ने बाटो छ!

तपाईले विश्वासमा प्रतिउत्तर दिन सक्नु हुन्छ औ सुसमाचारमा विश्वास गर्न सक्नु हुन्छ वा तपाईले अविश्वासमा प्रतिउत्तर दिन सक्नु हुन्छ, येशू विषय रहेको सुसमाचारलाई इन्कार गरेर तपाईले परमेश्वरका पुत्रले प्रदान गर्नु भएको बहुमूल्य उपहार जो उहाँले आफ्नै जीवनद्वारा दाम तिरेको कुरालाई स्वीकार गर्न सक्नु हुन्छ वा तपाईले केही पनि नगरी उहाँलाई र उहाँले दिइरहनु भएका सबै कुरालाई इन्कार गर्न सक्नु हुन्छ तपाईले परमेश्वरको क्षमालाई ग्रहण गरेर तपाईका सृष्टिकर्त्तासंग मिलापमा आउन सक्नु हुन्छ वा तपाई आफ्नो पापमा सँधैको निम्ति मरेको बन्न सक्नु हुन्छ तपाईले प्रभुको नाउँलाई पुकारेर बाँच्न सक्नु हुन्छ अथवा तपाई परमेश्वर बिहीन र आशाबिहीन भएर लगातार हराइएको बन्न सक्नु हुन्छ

परमेश्वर चाहनु हुन्छ कि तपाईले उहाँमा भरोसा राखेको अनि उहाँका पुत्र येशूलाई ग्रहण गरी त्यसद्वारा पाइने सबै फाइदाहरू तपाईको भएको तर शैतानले चाहन्छ कि शुरूमा आदम र हव्वाले जस्तै तपाईले परमेश्वरलाई शंका गरेको औ यसरी तपाई त्यसको नियन्त्रणमुनि रहेको तपाई आशीषित बन्नु भएको परमेश्वर चाहनु हुन्छ तर तपाई श्रापित बनेको शैतानले चाहन्छ परमेश्वरले तपाईलाई सहायता गर्न चाहनु हुन्छ शैतानले तपाईलाई चोट पुराउन खोज्छ तपाई पापको प्रभावदेखि स्वतन्त्र बनेर जिउनु भएको परमेश्वर चाहनु हुन्छ शैतानले तपाई पापको बन्धनमा रहेको चाहन्छ तपाई प्रशस्तता र स्वर्गीय स्वस्थ्यमा जिउनु भएको परमेश्वर चाहनु हुन्छ तर तपाई अभाव र बिमारमा रहेको शैतान चाहन्छ जीवनको कर्त्ता परमेश्वर हुनुहुन्छ मृत्यूको कर्त्ता शैतान हो उहाँसंग तपाईले सँधैभरी स्वर्गको आनन्द लिएको परमेश्वर चाहनु हुन्छ शैतानले चाहिँ तपाई त्यससंग



नरकमा सँधैभरी कष्ट भोगेको चाहन्छ **"उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिँड्नुभयो "** उहाँले रोगीलाई निको पार्नु भयो, अन्धालाई देख्ने तुल्याउनु भयो, बहिरालाई सुन्ने र लाटालाई बोल्ने उहाँले दुष्ट आत्माहरूलाई निकाल्नु भयो, उहाँले मरेकालाई बिउँताउनु भयो, कुष्ट रोगीलाई निको पार्नु भयो र लङ्गड़ालाई हिँड़्ने तुल्याउनु भयो उहाँकहाँ विश्वासमा आउने सबैलाई उहाँले निको पार्नु भयो - **चाहे तिनीहरूको रोग र बिमार कस्तै सिकिस्त किन नहोस उहाँमा भरोसा राख्ने सबैका पापहरू उहाँले क्षमा गर्नु भयो येशू ख्रीष्ट संसारमा पापीहरूलाई उद्धार गर्न आउनु भएको हो औ शैतानका कामहरू नष्ट पार्नलाई उहाँ प्रकट हुनु भएको हो**

**येशू ख्रीष्ट सदा सर्वदाको निम्ति जीवित हुनुहुन्छ औ उहाँ हिज, आज र सधैंभरि एकसमान हुनुहुन्छ** २००० वर्ष अघि उहाँले गर्नु भएका कामहरू उहाँले आज पनि गर्नु हुन्छ तपाईले येशूमा आस्था राख्न सक्नु हुन्छ उहाँको प्रेम साँचो छ परमेश्वरका सबै प्रतिक्षाहरू येशूमा **"हो"** र **"आमेन"** भन्ने छ जब येशूले भन्नु भयो, "**बाटो, सत्य र जीवन मै हूँ, म बाहेक अरू कोहीद्वारा पिताकहाँ जान सक्तैन , त्यो उहाँले त्यही बताउनु भएको थियो परमेश्वरकहाँ जाने अरू कुनै बाटो छैन, येशू ख्रीष्टमा विश्वास गर्न बाहेक "येशूले भन्नु भयो, पुनरूत्थान र जीवन मै हूँ, मलाई विश्वास गर्ने मऱ्यो भने पनि बाँच्नेछ औ बाँच्ने र मलाई विश्वास गर्ने प्रत्येक कहिल्यै पनि मर्नेछैन "**

**बाइबलले भन्छ, तर जतिले उहाँलाई ग्रहण गरे (येशू) उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने हक दिनुभयो, अर्थात उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई बाइबलले यो पनि भन्छ, "किनभने यदि तिमीले प्रभु येशूलाई आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँताउनुभयो भनी हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ" यस्तो पनि लेखिएको छ, किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ"**

अब तपाईलाई चुन्ने एउटा समय आएको छ, आफ्नो जीवनमा तपाईले लिनु हुने सबैभन्दा मुख्य निर्णय। तपाई यो ठाउँ र समयमा कुनै संयोगले आइपुग्नु भएको होइन। परमेश्वरको प्रेमले तपाईलाई यो विन्दुसम्म ल्याइपुराएको हो। उहाँको पवित्र आत्माले तपाईलाई उहाँतर्फ खिँच्दै हुनुहुन्छ ताकि तपाई बाँच्न सकोस् र एउटा सम्पूर्ण जीवन प्राप्त होस - शान्ति, आनन्द, सुरक्षा, खुशी र प्रशस्तताको जीवन एंव स्वर्गमा अनन्त जीवनको प्रतिज्ञा

*यदि तपाईको चुनाउ शैतान कै नियन्त्रणमा रहनलाई लिनु भए यो अध्यायलाई कृपया फेरि पढ्नु होस् अनि प्रार्थनापूर्वक तपाईको चयनलाई विचार्नु होस्। यदि तपाई आफ्ना सृष्टिकर्त्तासिंग पुनर्स्थापित हुन चाहनु हुन्छ औ उहाँले शुरूमा चाहनु भएको जीवन र त्यसका सबै फाइदामा जिउन चाहनु हुन्छ भने यसै घड़ी तपाईले निम्नलिखित प्रार्थना भन्न सक्नु हुन्छ: प्रेमी परमेश्वर, मलाई तपाईको स्वरूप र सादृष्यमा सृजनु भएको निम्ति धन्यवाद चढ़ाउँछु साथै मलाई नछाड़नु भएको निम्ति, मेरो मूल्य बुझिदिनु भएर औ मलाई यति बढ़ता प्रेम गर्नु भएर तपाईले आफ्ना एकमात्र पुत्र, येशू ख्रीष्टलाई दिनु भयो - मेरो स्थानमा मर्नलाई औ मलाई पापको बन्धनबाट फेरि किन्नलाई अनि शैतानको नियन्त्रणदेखि बाहिर निकाल्न येशू ख्रीष्टको रगत बहाउनु भएको निम्ति*

*म, यहाँ र अहिले, येशू ख्रीष्टको नाउँमा विश्वास गर्न चुन्छु म मेरो हृदयको ढ़ोका खोलेर येशूलाई मेरो जीवनमा ग्रहण गर्छु - मेरो मुक्तिदाता, मेरो निको पार्ने, मेरो उद्धारक, र मेरो प्रबन्धक ठानेर मेरो मुखले येशू ख्रीष्टलाई प्रभु भनेर स्वीकार गर्छु अनि तपाईले उहाँलाई मृत्यूबाट बिउँताउनु भयो भनेर हृदयमा विश्वास गर्छु येशू जीवित हुनुहुन्छ भनेर म विश्वास गर्छु अनि उहाँ हिज, आज र सधैंभरि एक समान हुनुहुन्छ भनेर म बाँच्नको निम्ति यसै घड़ी प्रभुको नाउँलाई पुकार्छु!*

*मलाई बचाउनु भएको निम्ति र मेरा पापहरू क्षमा साथै भूलि दिनुभएको निम्ति तपाईलाई धन्यवाद चढ़ाउँछु मैले विचार्ने र अनुभव गर्ने कुरामा बदलँदैछु औ मप्रति रहेको तपाईको प्रेमको कारण म पनि तपाईसंग र अरूसंग प्रेमको जीवन जिउने हृदयको संकल्प गर्छु तपाई*



*एकमात्र सत्य परमेश्वर हुनुहुन्छ भन्ने म विश्वास गर्छु अब तपाई मेरो जीवनको पहिलो व्यक्ति हुनुहुन्छ यस क्षणदेखि उसो, म तपाईलाई चिन्न र तपाईको इच्छा पूरा गर्न चाहन्छु, विगत समयमा तपाईदेखि टाढ़ा रहेर जिएको सट्टामा म शैतानलाई विरोध गर्छु औ हरेक र कुनै थोक जसले तपाईको ज्ञान र वचनको विरूद्धमा आफैलाई उच्च पार्दछ*

*धन्यवाद तपाईलाई कारण म जस्तो छु त्यस्तै मलाई ग्रहण गर्नु भएको निम्ति मलाई तपाईको पुत्र बनाउनु भएको निम्ति, मलाई एउटा पूर्ण रूपले नयाँ र प्रशस्त एंव तपाईको आशीषले भरपूर जीवन दिनु भएको निम्ति जस्तो कि मैले कहिल्यै पाप नगरेझैं मेरो स्वर्गीय पिता बन्नु भएको निम्ति तपाईलाई धन्यवाद साथै अनन्त जीवनको वरदानको निम्ति तपाईको प्रेम, क्षमादान र स्वीकार मेरो समझदेखि बाहिर छ तर म ती सबै एउटा अति कृतज्ञ र नम्र हृदयले ग्रहण गर्दछु औ तपाईसंग स्थापित भएको सम्बन्धमा बड़दै जान र तपाईको बालक बन्न पाउँदा म को हूँ भन्ने आविष्कार गर्दै जाने आशा राख्दछु*

*म अब उसो तपाईको अस्तित्व वा तपाईको वचनमा शंका गर्दिन तपाईले आफैलाई जो हूँ भन्नु हुन्छ त्यो म विश्वास गर्नेछु तपाईले प्रतिज्ञा गर्नु भएका कुरा सबै पूरा गर्नु हुन्छ भन्ने म विश्वास गर्दछु औ मेरो खातिर तपाईले गर्नेछु भनेर भन्नु भएका सबै कुरा मेरो निम्ति गरिदिनु भयो भन्ने म विश्वास गर्दछु तपाईले म को हूँ भनेर भन्नु भए अनुसार अब म हूँ भन्ने पनि म विश्वास गर्छु औ अब मैले पाएको छु भन्ने कुरा मसंग छ अनि मैले गर्न सक्छु भनेर तपाईले भन्नु भएका सबै कुरा अब म गर्न सक्नेछु*

*यसकारण तपाईको बालक जस्तो म तपाईको परिवारमा भएको मेरो नयाँ र सठीक स्थान लिँदछु मेरो नयाँ जीवनको निम्ति म धन्यवादी छु र मेरो निम्ति तपाईले सम्झनु भएको सर्वोत्तम जीवन जिउनलाई म तयार छु स्वर्गीय पिता, कृपया मलाई तपाईको पवित्र आत्माले भर्नु होस् तपाईका मार्गहरू मलाई सिकाउनु होस् औ मेरो जीवनलाई पूर्णतया अगुवाइ गर्नु होस् र निर्देशन दिनुहोस् जसै म तपाईलाई प्रेम गर्छु र सबै सत्यतामा तपाईले मलाई डोरयाउनु हुन्छ भनेर तपाईमा भरोसा राख्छु तपाईलाई कुन*

*कुराले खुशी तुल्याउँछ ती कुरा जान्न मलाई सधैं सहायता गर्नु होस् औ ती कुरा गर्ने साहस मलाई दिनु होस् म साँच्चै तपाईलाई खुशी तुल्याउन चाहन्छु*

*येशू , मेरा पापहरू, रोगहरू र व्यथाहरू तपाईको शरीरमा बोकेर क्रूसमा जानु भएको निम्ति तपाईलाई धन्यवाद, औ मेरा पापहरूले पाउने योग्यको दण्ड तपाईले भोग्नु भएको निम्ति मेरो निम्ति तपाईले बगाइदिनु भएको तपाईको रगत र अन्य प्रेमका कामहरूले मलाई तपाईको निम्ति जिउने र मेरो जीवनले तपाईलाई आदर गर्ने बनाउँछ अब तपाई ममा जिउनु भएकोमा म धन्यवादी छु, कि तपाई म कहाँ रहनलाई आउनु भएको छ औ अब उसो तपाईले छाड़ेर कहिल्यै जानु हुन्न येशू , म तपाईमा विश्वास गर्छु आमेन!*

## मेरो निर्णयको विवरण

स्वर्गमा भएका, पृथ्वीमाथि र पृथ्वीमूनि भएका सबैलाई यो थाह होस कि मैले येशू ख्रीष्टलाई आफ्नो जीवनको मुक्तिदाता र प्रभु भनेर ग्रहण गरेको छु। मेरो हृदयमा म विश्वास गर्छु कि परमेश्वरले उहाँलाई मृत्यूबाट जीवित पार्नु भयो र मेरो मुखले उहाँलाई प्रभु भनेर स्वीकार गर्छु।

नाउँ :

दिनाङ्क :

समय :

ठाउँ :

कृपया तपाईको निर्णय बारे हामीलाई लेखेर पठाउनु होस ताकि हामी पनि तपाईसंग आनन्दित बन्न सकौं र तपाईको निम्ति प्रार्थना गर्न सकौं :

**South Asia Coodinator :**
**Densu Ministries**
**PO Box : 969 Chennai- 600 012. INDIA**

**AGAPE**
**GPO Box No. 111567, KATHMANDU, NEPAL**

E-Mail : southasia@densu.com
robby@helpmins.wlink.com.np

# साँचो खुशीयाली अब तपाईको हो
## अध्याय - २



*साँचो खुशीयाली अब तपाईको हो यदि तपाईले अध्याय १ मा भएको प्रार्थना इमान्दारसंग भन्नु भएको छ भने सृष्टिकर्त्ता परमेश्वरसंग उहाँका पुत्र येशू ख्रीष्ट द्वारा एउटा नयाँ र जिउँदो सम्बन्ध गाँसिएको छ*

*परमेश्वरले तपाईको निम्ति तयार पार्नु भएको अचम्भको जीवनको तपाई कल्पना पनि गर्न सक्नु हुन्न, औ त्यसको उत्तम भाग चाहिँ त्यो कहिल्यै अन्त नहुने हो जो महिमामा हरेक दिन वृद्धि हुँदै जान्छ - यस जीवनमा र अनन्तताको निम्ति*

*यस पुस्तकको अध्याय २ ले तपाईले येशूसंग नयाँ जीवन बिताउनलाई चाहिने जानकारी दिन्छ तपाईको विचार शैली र जिउने कारण सम्पूर्ण तौरले बदलिन्छ तपाई एउटा पूर्णरूपले नयाँ मानिस बनेको कुरा तपाईले आविष्कार गर्नु हुन्छ, पुरानो कुरा बितिसकेको छ र नयाँ कुरा आएको छ, र यी सबै परमेश्वरबाट भएको हो*

*तपाई कसरी तपाईसंग हारेको शत्रु शैतानमाथि विजयी जीवन जिउनु पर्छ भन्ने विषय पनि सिक्नु हुनेछ येशू ख्रीष्टले उहाँ संसारमा*

*जिउनु हुँदा शैतानमाथि विजयी बनेर जिउनु भयो औ त्यसपछि त्यसलाई उहाँले आफ्नो मृत्यू , गाड़िनु अनि बौरि उठेर सम्पूर्ण तौरले जित्नु भयो शैतानमाथि येशूले पाउनु भएको विजय र अधिकार अब तपाईको भएको छ*

## ***साँचो खुशीयाली अब तपाईको हो.....***

येशू ख्रीष्टले बहाउनु भएको रगतद्वारा र क्रूसमा तपाईको निम्ति उहाँको बलिदान भएको कुरामा विश्वास राखेर तपाई आफ्ना सृष्टिकर्त्ता कहाँ फर्कनु भएकोमा बधाइ छ तपाईले लिनु भएको सबैभन्दा मुख्य निर्णय यही हो

कृपया तपाईले येशू ख्रीष्टलाई तपाईको मुक्तिदाता भनी ग्रहण गरेको दिन, समय र स्थानको विवरण लेखि राख्न नभूल्नु होला जुन दिन बाँच्नलाई तपाईले प्रभुको नाउँलाई पुकार्नु भयो। यो तपाईको निम्ति एउटा अर्थपूर्ण स्मारिका र सम्झना हुनेछ साथै शैतान र त्यसका भूतात्माहरूको निम्ति

अब तपाईको सम्बन्ध परमेश्वरसंग यस्तो प्रकारले पुनर्स्थापित भएको छ कि तपाईले कहिल्यै पाप नगरेको जस्तै अब शैतानमाथि तपाईले ख्रीष्टको अधिकार पाउनु भएको छ आदम र हव्वाले पाप गर्न अघि पाए जस्तै तर यसको अर्थ शैतानले तपाईको विचारहरूलाई प्रभाव पार्न र तपाईको मनमा येशू ख्रीष्टद्वारा परमेश्वरकहाँ फर्केको निर्णय बारे शंका ल्याउन छोड़छ भन्ने होइन

तपाई येशूसंग आफ्नो सम्बन्धमा जत्तिनै बदलनु र बड़नु भएपनि शैतान चाहिँ बदलँदैन त्यो मार्न, चोर्न र नष्ट गर्न आएको हो यसर्थ त्यसले चलाउने केही युक्तिहरू हो डर, झूट, दोषारोपण, छल, प्रभाव र हीन भावना बाइबलमा त्यसलाई झूटको पिता भनिएको छ यद्यपि तपाईमाथि रहेको त्यसको शक्ति तोड़िएको छ तथापि त्यसो भएको छैन भन्ने निश्चयता त्यसले तपाईलाई दिलाउन खोज्छ याद राख्नु होस् , त्यो एक झूटा हो

तर त्यहाँ कोही छन् जो कहिल्यै बदँलदैनन् औ त्यो परमेश्वर,



उहाँको वचन र उहाँको पुत्र येशू हून् जो जीवित वचन हुनुहुन्छ तपाई शैतानसंग डराउने कुनै कारण छैन अब तपाई परमेश्वरको बालक हुनुहुन्छ र तपाईभित्र जिउनु हुने येशू चाहिँ तपाईको शत्रु शैतानभन्दा महान हुनुहुन्छ

शैतानले तपाईलाई आक्रमण गर्न र छल्न चाहने पहिलो क्षेत्र हो तपाईले भरखरै लिनु भएको ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गरेको निर्णयमा रहन्छ त्यो युद्धभूमि तपाईको मनमा हुन्छ परमेश्वरसंग स्थापित तपाईको नयाँ सम्बन्धमा शंका उब्जाउनलाई त्यसले तपाईको मनमा नाना प्रकारको विचारहरू ल्याइदिन्छ अब त्यो तपाईसंग डराउँछ

त्यसले आदम र हव्वालाई पनि परमेश्वरसंग रहेको सम्बन्धमा शंका उब्जाएको थियो जसको कारण तिनीहरू परमेश्वरप्रति अनाज्ञाकारी बने औ जसले तिनीहरूलाई परमेश्वरदेखि अलग गरे परमेश्वरले तिनीहरूलाई दिनुभएको अधिकार र प्रभुत्वलाई प्रयोग गरेर शैतानले ल्याएको शंका गर्ने परीक्षालाई परमेश्वरको वचन प्रयोग गरेर जवाफ दिनु पर्थ्यो जसरी उजाड़स्थानमा शैतानबाट परीक्षित हुँदा येशू ख्रीष्टले गर्नु भएको थियो येशू तपाईको उदाहरण हुन् , आदम र हव्वा होइन

हामीले आदम र हव्वाको परीक्षा विषय अघिनै चर्चा गरिसकेका छौं तर लौ अब हामी शैतानबाट येशू ख्रीष्टलाई आएको परीक्षाको विवरणलाई जाँच गरौं : **"येशू पवित्र आत्माले पूर्ण भएर यर्दनबाट फर्कनुभयो, र शैतानबाट परीक्षामा परेर चालीस दिनसम्म आत्माद्वारा वनमा यताउता डोरयाइनुभयो औ ती दिनमा उहाँले केही खानुभएन, र ती दिन समाप्त भएपछि उहाँ भोकाउनुभयो तब शैतानले उहाँलाई भन्यो, तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने यस ढुङ्गालाई भन्नुहोस् , र त्यो भोजन बनोस् येशूले त्यसलाई जवाफ दिनुभयो, मानिस भोजनले मात्र जिउनेछैन भनी लेखिएको छ औ त्यसले उहाँलाई माथि लगेर छिनभरिमा जगत्का सारा राज्य उहाँलाई देखायो अनि शैतानले उहाँलाई भन्यो, म यो सारा अख्तियार र यिनको गौरव तपाईलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएको छ, औ जसलाई इच्छा गर्दछु**

**म यो दिनसक्छु यसकारण तपाईले मेरै सामने मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईका हुनेछन् अनि येशूले त्यसलाई जवाफ दिएर भन्नुभयो, तैंले परमप्रभु , आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू , र उहाँकै मात्र सेवा गर्नू भन्ने लेखिएको छ तब त्यसले उहाँलाई यरूशलेममा लगेर मन्दिरको गजूरमा राखेर उहाँलाई भन्यो, तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने तपाई आफै यहाँबाट हाम फाल्नुहोस् किनभने लेखिएको छ, उहाँले तिम्रो रक्षा गर्नलाई आफ्ना स्वर्गदूतहरूलाई तिम्रो निम्ति आज्ञा गर्नुहुनेछ, औ तिनीहरूले तिमीलाई हात हातै थाम्नेछन् , नत्रता तिम्रो खुट्टा ढुङ्गामा बज्रनेछ अनि येशूले त्यसलाई जवाफ दिएर भन्नुभयो, यसो भनेको छ, तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू औ शैतानले उहाँलाई सबै परीक्षा गरिसकेपछि केही समयसम्म छोड़ेर गयो अनि येशू आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, औ उहाँको विषयको कीर्ति वरिपरिका सबै ठाउँमा फिँजियो औ सबैबाट प्रशंसा पाएर तिनीहरूका सभाघरहरूमा उहाँले शिक्षा दिनलाग्नुभयो"**

शैतानले येशू ख्रीष्टलाई पनि परमेश्वरसंग रहेको उहाँको सम्बन्ध बारे शंका उब्जाउने प्रयास गरयो त्यसले भन्यो, "यदि तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने? " **येशूले यसो भनेर परमेश्वरको वचनद्वारा उत्तर दिनु भयो, "यो लेखिएको छ"** येशू ख्रीष्टले परमेश्वर उहाँका पितालाई हरेक पल्ट शंका गर्ने परीक्षा ल्याउने शैतानलाई जसरी हराउनमा सफल बन्नु भयो त्यसरी नै हामीले पनि शैतानका परीक्षालाई प्रतिउत्तर दिनु पर्छ भन्ने उहाँ हाम्रो उदाहरण हुनुहुन्छ हामीमा पनि यस्ता विचार आउँदा वा कुनै कुरा सुन्दा हामीले परमेश्वरको वचनले उत्तर दिनु पर्छ यस्तो समयमा पनि जब हामी परमेश्वरको वचनको विपरीत रहेका कुराहरू थाह गर्छौं वा देख्छौं

परमेश्वरका हरेक साँचो बालकको सम्बन्ध विश्वासमा आधारित हुनुपर्छ परमेश्वरको वचनतर्फ अविश्वास र अनास्थाले नै परमेश्वरप्रति मानिसको अनाज्ञाकारिता, पाप र परमेश्वरदेखि अलग हुने तुल्यायो



यसकारण मानिसलाई परमेश्वरसंग पुनर्स्थापन गर्ने एउटै माध्यम परमेश्वरको वचनमा विश्वास र आस्था हो

बाइबलले भन्छ, **"औ बिना विश्वास उहाँलाई रिझाउन असम्भव छ। किनभने जो परमेश्वरकहाँ आउँछ, त्यसले उहाँको अस्तित्व छ भन्ने, र उहाँलाई खोज्नेहरूलाई प्रतिफल दिनुहुन्छ भन्ने अवश्य विश्वास गर्नुपर्छ "** परमेश्वरमा विश्वास राख्नु के हो यो परमेश्वरले जे भन्नु हुन्छ त्यो सत्य हो र परमेश्वरले जे भन्नु हुन्छ त्यो गर्नु हुन्छ भन्ने विश्वास गर्नु हो

शैतान झूटा हो र त्यसले सत्यतालाई घृणा गर्छ त्यसले झूट नबोल्ने परमेश्वरलाई घृणा गर्छ, औ त्यसले परमेश्वरमा विश्वास राखेको कुरा र उहाँमा विश्वास राख्ने जस कसैलाई घृणा गर्छ त्यो परमेश्वरको शत्रु हो साथै सत्यताको शत्रु र परमेश्वरमा विश्वास गर्ने र सत्यतामा जिउने हरेकको

शैतानबाट परीक्षित हुँदा आदम र हव्वाले परमेश्वरमा भरोसा राखेनन् तर परमेश्वरको वचनको सट्टामा तिनीहरूले शैतानले प्रेरणा दिएका शब्द र विचारहरू सुने, विश्वास गरे र त्यस मुताबिक काम गरे

यस पुस्तकको अध्याय १ मा तपाईलाई परमेश्वरको वचन बाइबलबाट धेरै सत्यताहरू प्रकट गरिएको थियो तपाई कसरी सृष्टिकर्त्ता परमेश्वरतर्फ फर्कन सक्नु हुन्छ औ पापबाट बाँचेर तपाईको जीवनको निम्ति परमेश्वरले राख्नु भएको शुरूको योजना र उदेश्यमा पुनर्स्थापित हुन सक्नु हुन्छ ताकि तपाईले यस जीवनमा र अनन्तसम्म शान्ति, आनन्द र साँचो खुशीयाली अनुभव गर्न सक्नु हुन्छ

परमेश्वरतर्फ रहने तपाईको विश्वास यिनै सत्यताहरूमा आधारित हुनु पर्छ तपाई आफ्नो भावना, अनुभूति र विचार - शक्तिमा भरोसा राख्न सक्नु हुन्न तपाईले उहाँको वचन विश्वास गर्नु भएको र उहाँले भन्नु भएको कुरा तपाईले गर्नु भएको कारण तपाई बाँच्नु भएको र परमेश्वरसंग पुनर्स्थापित हुनुभएको हो भन्ने तपाईले बुझ्नु पर्छ, विराम

यो कुरा मनमा राख्नु होस् कि शैतानले तपाईको उद्धार र परमेश्वरसंग स्थापित त्यो नयाँ सम्बन्ध बारे तपाईको मनमा शंका ल्याएर

हमला गर्नेछ तपाईको भावना र विचार शक्ति साथै अन्य मानिसहरूले तपाईलाई शंका गर्ने तुल्याउँछ

तर पवित्र आत्मा जो अब तपाईसंग रहनु हुन्छ उहाँले तपाईलाई परमेश्वरको वचनको सम्झना गराउनु हुन्छ अनि जसै तपाईले परमेश्वर र उहाँका प्रतिज्ञाहरूलाई विश्वास गर्नु हुन्छ, तपाई अब उहाँको बालक बन्नु भएको कुरा तपाईको आत्मासंग परमेश्वरको आत्माले गवाही दिनु हुन्छ जसै तपाईले आफ्नो भावना वा विचार र अरू मानिसले भनेका कुरा भन्दा माथि परमेश्वरको वचनलाई विश्वास गर्न चुन्नु हुन्छ, तपाईसंग शान्तिको परमेश्वर रहनु हुन्छ

परमेश्वरले तपाईलाई दिनु भएको अधिकारलाई चलाउन सिक्नु अति मुख्य छ तपाई एउटा हारेको होइन तर विजयी ख्रीष्टियन बनेर जिउनलाई तपाईले परमेश्वरले दिनु भएको आत्मिक हतियारहरू चलाउनै पर्छ येशू ख्रीष्टले तपाईको निम्ति विजय हासिल गर्नु भएको छ यसकारण, हरेकपल्ट त्यसले तपाईलाई परमेश्वरको वचनमा शंका उत्पन्न गर्दा अब तपाईले शैतानलाई हराउन सक्नु हुन्छ

परमेश्वरमा रहेको तपाईको नयाँ विश्वासमा सुदृढ़ भइ खड़ा रहनलाई हामी एउटा व्यवहारिक बैठक गरौं तपाईको मनमा आउने केही विचार, अनुभूति वा शब्दहरू तल दिइएको छ जसको साथ परमेश्वरको वचनबाट तपाईले दिने प्रतिउत्तरहरू :

१. तपाई साँच्चै बाँच्नु भएको छैन बाँच्नलाई तपाईले सुकर्म गर्नु पर्छ तपाईले येशूलाई पुकारी विश्वास मात्र गरेर बाँच्न सक्नुहुन्न यो लेखिएको छ **"किनभने तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ, र यो ता तिमीहरू आफैबाट होइन, यो परमेश्वरको वरदान हो कामबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ किनभने हामी उहाँका सृजना हौं "** औ म परमेश्वरको वचनमा विश्वास गर्छु

यो लेखिएको छ **"किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ "** औ मैले प्रभुको नाउँलाई पुकारें, र अब म बाँचेको छु

यो लेखिएको छ, **"किनभने यदि तिमीले प्रभु येशूलाई आफ्नो मुखले स्वीकार गरयौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँताउनुभयो भनी हृदयमा विश्वास गरयौ भने तिम्रो उद्धार हुनेछ "** मैले मेरो मुखले येशूलाई प्रभु भनेर पुकारेको हूँ औ परमेश्वरले उहाँलाई मृत्यूबाट बिउँताउनु भएको हो भन्ने मेरो हृदयले विश्वास गर्छु, यसरी म बाँचेको छु



२. तपाई साँच्चै परमेश्वरको बालक हुनु हुन्न तपाई अझै शैतान कै बालक हुनु हुन्छ औ तपाईको जीवन माथि त्यसको शक्ति प्रबल छ यो लेखिएको छ, **"जसले हामीलाई अन्धकारको शक्तिदेखि छुटाउनु र आफ्नो प्रेमी पुत्रको राज्यभित्र परिवर्त्तन गराउनुभयो, जसमा हाम्रो उद्धार, अर्थात् हाम्रो पापको क्षमा छ "** औ म परमेश्वरको वचनमा विश्वास गर्छु

यो लेखिएको छ, **"तर जत्तिले उहाँलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने हक दिनुभयो, अर्थात उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई "** मैले येशूलाई मेरो मुक्तिदाता र प्रभु भनी ग्रहण गरेको छु अनि मैले उहाँको नाउँमा विश्वास गरें यसकारण अब म उहाँको बालक भएको छु म उहाँको वचनलाई विश्वास गर्छु यस्तो लेखिएको छ, **"पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरको सन्तान भनी कहलिनुपर्छ, र साँच्चै यस्तै छौं "** म परमेश्वरलाई उहाँको प्रेम र वचनको निम्ति धन्यवाद चढ़ाउँछु औ मलाई उहाँको बालक बनाउनु भएको निम्ति

३. तपाईका पापहरूको निम्ति तपाईले साँच्चै क्षमा पाउनु भएको छैन तपाईले यति धेरै खराबी गर्नु भएको छ कि परमेश्वरले तपाईलाई कहिल्यै क्षमा गर्न सक्नु हुन्न यस्तो लेखिएको छ, **"यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन किनभने ख्रीष्ट येशूमा जीवनको आत्माको व्यवस्थाले मलाई पाप र मृत्युको व्यवस्थाबाट स्वतन्त्र गराएको छ "** अब म ख्रीष्ट येशूमा रहेको छु र म पाप र मृत्युको व्यवस्थाबाट स्वतन्त्र भएको छु

यस्तो लेखिएको छ, **"हे मेरा साना केटा-केटी हो, म तिमीहरूलाई लेख्दछु, कि उहाँको नाउँको खातिर तिमीहरूका**

**पाप तिमीहरूलाई१क्षमा भएको छ ”** तपाईको नाउँको खातिर मेरा पापहरू क्षमा भएको निम्ति प्रभु, म तपाईलाई धन्यवाद चढ़ाउँछु

यस्तो लेखिएको छ,**“औ तिनीहरूका पाप र तिनीहरूका अधर्म म फेरि सम्झनेछैनँ ”** धन्यवाद प्रभु, किनकि तपाईले मेरा पापहरू सम्झना गर्नु हुन्न

४. तपाई बाँच्नु भएको र अनन्त जीवन पाउनु भएको कुरा पक्कासंग जान्नु हुन्न। यस्तो लेखिएको छ, **“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ”** धन्यवाद प्रभु, तपाईको पुत्र येशूलाई मेरो स्थानमा दिनुभएको निम्ति ताकि मैले अनन्त जीवन पाउन सकूँ यस्तो लेखिएको छ, **“अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै पनि नष्ट हुनेछैन, औ कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन”** धन्यवाद येशू, कारण तपाईको वचन सत्य छ औ तपाईको अनन्त जीवनको वरदानको निम्ति धन्यवाद छ यस्तो लेखिएको छ, **“किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो ”** म परमेश्वरको वचनलाई विश्वास गर्छु यस्तो लेखिएको छ, **“अनन्त जीवनको आशामा, जोकि कहिल्यै झूट नबोल्नुहुने परमेश्वरले अघि सनातनदेखि प्रतिज्ञा गर्नुभएको छ ”**

म विश्वास गर्छु कि परमेश्वरले ढ़ाँटनु हुन्न

यस्तो लेखिएको छ, **“उहाँले हामीलाई गर्नु भएको प्रतिज्ञा यही हो, अर्थात् अनन्त जीवन ”** अनन्त जीवनको प्रतिज्ञाको निम्ति तपाईलाई धन्यवाद

यस्तो लेखिएको छ,“**औ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, औ यो जीवन उहाँका पुत्रमा छ जससँग पुत्र हुनुहुन्छ, यससँग जीवन छ, जससँग परमेश्वरको पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन यी कुरा मैले तिमीहरूलाई, अर्थात् परमेश्वरको पुत्रको नाउँमा विश्वास गर्नेहरूलाई लेखेको**



**छु, कि तिमीहरूलाई अनन्त जीवन छ भन्ने तिमीहरूले जान ”** मैले परमेश्वरका पुत्रलाई ग्रहण गरेको छु यसैकारण मसंग अनन्त जीवन छ भन्ने कुरामा मैले निश्चयसंग जानेको तपाई चाहनु हुन्छ

५. तपाईको जीवनमा केही पनि बदलिएको छैन तपाई सधैं रहे जस्तै त्यही व्यक्ति हुनुहुन्छ औ अब केही बदलन्छ भन्ने तपाईले आशा नगरे पनि हुन्छ यस्तो लेखिएको छ, **“यसरी कोही ख्रीष्टमा छ भने, त्यो नयाँ सृष्टि हुन्छ पूराना कुराहरू बितिसके, हेर, ती नयाँ भइसकेका छन् तर सबै कुरा परमेश्वर हुन्, जसले हामीलाई ख्रीष्टद्वारा आफूसित मिलाप गराउनुभयो, औ हामीलाई मिलापको सेवा दिनुभएको छ, ”** म अब ख्रीष्ट येशूमा छु, यसैकारण म एउटा नयाँ सृष्टि हूँ हे, परमेश्वर, म तपाईलाई धन्यवाद चढ़ाउँछु किनकि मेरो पुरानो जीवन बितेर गएको छ औ तपाईको नयाँ जीवन आएको छ सबैभन्दा बढ़ता म तपाईलाई धन्यवाद चढ़ाउँछु किनकि मेरो नयाँ जीवन तपाईबाट पाएको एउटा सित्तैको वरदान हो यस्तो लेखिएको छ, **“किनकि एउटै बलिदानले पवित्र भएकाहरूलाई उहाँले सधैंको निम्ति सिद्ध गराउनुभएको छ ”** हे परमेश्वर, म तपाईलाई धन्यवाद चढ़ाउँछु किनकि जसै तपाईले मलाई पवित्र बनाउँदै हुनुहुन्छ तपाईले मलाई सिद्ध भए जस्तो देख्नु हुन्छ म विश्वास गर्छु, प्रभु ! यस्तो लेखिएको छ, औ नयाँ चोला धारण गरेर, आफूलाई सृष्टि गर्नेको रूप जस्तै भएर पूरा ज्ञानमा परिवर्त्तन भएका छौ, धन्यवाद परमेश्वर, किनकि तपाईले मलाई तपाईकै स्वरूपमा नवीकरण गराइ रहनु भएको छ हामी विश्वास गर्छौं कि परमेश्वरको वचनका वाक्यांशहरूले तपाईलाई तपाईको प्राणको शत्रुलाई पराजित तुल्याउनमा शक्ति र योग्यता प्रदान गर्ने छ जब त्यसले अथवा अरू कसैले परमेश्वरतर्फ रहेको तपाईको नयाँ सम्बन्धमा शंका उत्पन्न गर्न खोज्ने छ कुनै पनि समय जब तपाईमा शंका आउला, तपाईले परमेश्वरको वचनलाई विश्वासमा बोलेर प्रतिउत्तर दिनुहोला अनि शैतान र त्यसले ल्याएको शंका तपाईबाट भाग्ने छ

परमेश्वरको वचन नै तपाईको जीवनमा नियंत्रण ल्याउने तत्व हुनु पर्छ जब कि तपाई अब बाँचि सक्नु भएको छ र परमेश्वरको बालक

बन्नु भएको छ तपाईले आफ्नो विचारहरू, अनुभूतिहरू, तपाईले सुन्ने र देख्ने कुराले अब उसो तपाईको जीवनलाई नियंत्रण गर्ने अनुमति दिनु हुँदैन परमेश्वरको वचन सत्य छ र त्यही सत्यता अब तपाईको आदर्श हो तपाई बाँच्नु भएको छ कारण परमेश्वरको वचनले तपाईको बारे यसो भन्छ तपाई अब परमेश्वरको बालक हुनुहुन्छ कारण परमेश्वरको वचनले भन्छ कि अब तपाई उहाँको बालक हुनुहुन्छ भनेर तपाईसंग अनन्त जीवन छ कारण परमेश्वरको वचनले त्यो तपाईसंग छ भन्दछ तपाईका पापहरू क्षमा भएको छ कारण परमेश्वरको वचनले भन्छ कि तपाईका पापहरू क्षमा गरिएको छ

तपाईले अध्याय २ मा भरखरै सिक्नु भएको सत्यताको निम्ति परमेश्वरलाई प्रार्थनाद्वारा तपाईले यी शब्दहरूद्वारा धन्यवाद चढ़ाउन सक्नु हुन्छ :

*प्रेमी स्वर्गीय पिता,*

*तपाईलाई धेरै धन्यवाद चढ़ाउँछु मतर्फ तपाईले आफैलाई प्रकट गर्नु भएको निम्ति अनि तपाईको पुत्र येशू ख्रीष्टद्वारा मलाई तपाई कहाँ फर्काउनु भएको निम्ति धन्यवाद कारण अब म निश्चयसंग भन्न सक्छु तपाईको वचनको आधारमा, कि म तपाईको बालक हूँ, कि म एउटा नयाँ मानिस हूँ अनि अब मैले एउटा नयाँ र पूर्ण जीवन पाएको छु, कि अब म पापको दण्ड र शक्तिबाट बाँचेको छु अनि तपाईले फेरि कहिल्यै मेरा पापहरूको सम्झना गर्नु हुने छैन*

*पिता, तपाईलाई धन्यवाद अब मैले अनन्त जीवन पाएको निम्ति साथै यहाँ र अहिले नै एउटा प्रशस्त र आशीषित जीवन पाएको निम्ति धन्यवाद प्रभु, किनकि तपाईले यी सबै मेरो निम्ति गर्नु भयो जसमध्ये कुनै पनि मेरो असल काममा निर्भर गर्दैन तर त्यसको सट्टा तपाईमा राखेको मेरो विश्वासमा र तपाईको वचन बाइबलमा जो मेरो निम्ति तपाईले प्रतिज्ञा गर्नु भएको छ यी सबै नै तपाईबाट म कहाँ आएको सित्तैंको वरदान हो कारण तपाईले मलाई प्रेम गर्नु हुन्छ औ मसंग तपाईले एउटा सम्बन्ध जोड़न चाहनु हुन्छ*



*धन्यवाद येशू, तपाईले मेरो निम्ति गर्नु भएको सबै कुराको निम्ति तपाईले मतर्फ प्रमाणित गर्नु भएको प्रेम मेरो बुद्धि र समझदेखि बाहिर छ तर मेरो विश्वासदेखि बाहिर त होइन म विश्वास गर्छु कि तपाईले मलाई यति बढ़ी प्रेम गर्नु भयो कि तपाईले क्रूसमा मेरो स्थान लिनु भयो, र म कृतज्ञ छु*

❖

# साँचो खुशीयाली चाहिँ तपाईको निम्ति परमेश्वरको इच्छा हो

## अध्याय –३



*साँचो खुशीयाली तपाईको निम्ति परमेश्वरको इच्छा हो! परमेश्वर भला र प्रेमी हुनुहुन्छ औ तपाईको निम्ति भलाइ मात्र चाहनु हुन्छ जसै अब तपाईले परमेश्वरमा आधारित रहेको विश्वास बारे बुझ्नु हुन्छ अनि उहाँको बालक बन्ने तपाईको अधिकार, तपाईले परमेश्वर के जस्तो हुनुहुन्छ त्यस विषय बुझ्नु लाग्नु पर्छ ताकि यसरी उहाँसंग तपाईले एउटा घनिष्ट सम्बन्ध जोड़न सक्नु हुन्छ*

*परमेश्वर के जस्तो हुनुहुन्छ भन्ने बुझ्नाले उहाँलाई तपाईले अति नै व्यक्तिगत प्रकारले जान्न सक्नु हुन्छ एउटा ख्रीष्टियन हुनु भन्नाले धर्मसंग सम्बन्ध राख्दैन तर वास्तवमा सम्बन्धसंग, तपाईका सृष्टिकर्त्तासंग उहाँका पुत्र ख्रीष्ट येशूद्वारा एउटा नजीकको सम्बन्ध*

*यो अध्यायले परमेश्वर वास्तवमा कस्तो हुनुहुन्छ भनी जान्न तपाईलाई सहायता गर्छ, उहाँ कस्तो हुनुहुन्छ भन्ने संसारले, शैतानले र धर्मले बताएको कुरा होइन जसै परमेश्वरको आत्माले उहाँलाई तपाईमा प्रकट गर्छ, उहाँको निम्ति तपाईमा रहेको प्रेम र भरोसा अझ बलियो बन्ने*



*छ अनि हरेक दिन उहाँको आशीर्वाद र उपस्थिति तपाईले आफ्नो जीवनमा थाह गर्नु हुने छ*

*परमेश्वरलाई यसरी व्यक्तिगत प्रकारले चिन्नाले तपाईको जीवनमा रहेको उहाँको सिद्ध इच्छा, योजना र उदेश्य बुझ्नमा सहायता मिल्ने छ*

## ***साँचो खुशीयाली तपाईको निम्ति परमेश्वरको इच्छा हो...***

सत्यताले जिउँनु तपाईको निम्ति उत्तेजक हुनेछ र साँचो खुशीयालीसंग तपाईको जीवनको हरेक दिन परमेश्वरबाट तपाईतर्फ धेरै आशीषहरू ल्याउनेछ हुन त तपाईले त्यो महान आशीष पाइसक्नु भएको छ, त्यो सत्यता जसद्वारा परमेश्वरसंग तपाईको एउटा जिउँदो सम्बन्ध स्थापित भएको छ, तपाईको सृष्टिकर्त्तासंग, उहाँका पुत्र येशू ख्रीष्टद्वारा तपाईका पापहरूको निम्ति अब कहिल्यै तपाईले दण्ड पाउनु हुने छैन, तर त्यसको साटो तपाईले येशूसंग स्वर्गमा सबै अनन्तता बिताउनु हुनेछ

अब तपाई सम्पूर्ण तौरले एउटा नयाँ प्राणी हुनुहुन्छ, यो प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसंग रहेको कारणले गर्दा हो यसको वास्तविक अर्थलाई आविष्कार गर्दै तपाईले आफ्नो रहल जीवन र सबै अनन्तता बिताउनु हुनेछ जब उहाँले तपाईलाई बचाउनु भयो, तपाईको निम्ति परमेश्वरले यस्तो केही कुरा गर्नु भयो जसलाई सबै एकैचोटि बुझ्न नसक्ने किसिमको औ केवल शब्दहरूले जसलाई वर्णन गर्न सकिन्दैन

तपाई भरखरै नयाँ गरी जन्मनु भएको ख्रीष्टमा एउटा बालक हुनुहुन्छ तर हरेक दिन तपाई बढ्दै जानु हुन्छ जसै तपाईले परमेश्वरको वचनलाई पढ्दै जानुहुन्छ पवित्र आत्मा, जो अब तपाईमा जिउनु हुन्छ, उहाँले तपाईलाई परमेश्वरको वचन प्रकट गर्नु हुन्छ उहाँले तपाईलाई सिकाउनु हुन्छ र सबै सत्यतामा तपाईलाई डोरयाउनु हुन्छ अनि परमेश्वरले तपाईको निम्ति गर्नु भएको हरेक कुरा तपाईले खोज्दै र भेटाउँदै जानु हुन्छ

उदाहरणको निम्ति, परमेश्वरको वचनले सिकाउँछ कि तपाई अब परमेश्वरको बालक हुनुहुन्छ र यसरी तपाई परमेश्वरसंग हकवाला औ

ख्रीष्टसंग साझे-हकवाला हुनु हुन्छ यसको अर्थ विश्वको सृष्टिकर्त्ता तपाईको स्वर्गीय पिता हुनुहुन्छ औ उहाँसंग भएको सबै थोक तपाईको पनि हो

तपाई अगाड़ि जस्तो हुनुहुन्थ्यो अबदेखि त्यस्तो व्यक्ति हुनु हुन्न पुरानो कुरा बिति सके र नयाँ कुरा आएको छ औ यी सबै परमेश्वरबाट भएको हो तपाईले आफैलाई यसको योग्य नसम्झनु होला वा यी सबै पाउने योग्यता छैन भन्ने तर अब उसो तपाईले आफ्नै सम्बन्धमा पुरानो तरिकाले विचार्न सक्नु हुन्न परमेश्वरको निम्ति तपाई बहुमूल्य हुनुहुन्छ भन्ने तपाईले थाह गर्नु पर्छ तपाईको मूल्य चाहिँ शैतानको पापको दासत्वको बजारबाट फेरि किन्नलाई उहाँले तिर्नु भएको दाममा आधारित छ

परमेश्वरको निम्ति तपाई बहुमूल्य हुनुहुन्छ उहाँले तपाईलाई सृजनु भयो अनि सम्पूर्ण मानव जातिको निम्ति रहेको उहाँको ठूलो प्रेमको योजनामा मिल्ने प्रकारको तपाईको जीवनको निम्ति उहाँसंग एउटा योजना र उदेश्य छ तपाईलाई छुटाउन उहाँले तिर्नु भएको त्यो महान मूल्यद्वारा उहाँले तपाई उहाँको निम्ति मूल्यवान हुनुहुन्छ भन्ने प्रमाण गरिदिनु भयो उहाँले आफ्ना एकमात्र पुत्रको जीवन र बगाएको रगतद्वारा त्यो दाम तिर्नु भयो उहाँले तपाईको सट्टा परमेश्वरका सिद्ध पुत्रलाई दण्ड दिनु भयो उहाँले येशूलाई तपाईको निम्ति मर्न दिनु भयो औ तपाईका पापहरू, बिमारहरू र कष्टहरू बोक्न दिनु भयो ताकि तपाई उहाँ कहाँ फर्की आउन सकोस भनेर

त्यो यस्तो प्रेम हो जो हाम्रो समझदेखि बाहिर छ तपाई मूल्यहीन वा कम मोलको हुनुहुन्छ भनेर न शैतानले नता अरू कसैले तपाईलाई हेला गर्न नदिनु होस तपाईका सृष्टिकर्त्ताले तपाईको मूल्य स्थापित गर्नु भएको छ औ त्यो सधैंलाई पक्का गरिएको छ जुन समय तपाई आफ्नो मूल्य वा परमेश्वरमा रहेको योग्यता बारे शंका गर्न लाग्नु हुन्छ त्यसबेला केवल तपाईको साटो येशू क्रूसमा मर्नु भएको कुरा विचार्नु होस् , तपाईको चंगाइको निम्ति उहाँले कुटाइ खानु भएको र तपाईका पापहरूको निम्ति उहाँले आफ्नो बहुमूल्य रगत बगाउनु भएको परमेश्वरले



तपाईलाई अनन्त प्रेमले प्रेम गर्नु हुन्छ र उहाँको निम्ति तपाई असीमित मूल्य र योग्यता भएको हुनुहुन्छ अब तपाई सधैंको निम्ति उहाँको बालक हुनुहुन्छ यो सत्य हो!

परमेश्वरको वचन, बाइबलले हामीलाई ***"हाम्रा विश्वासका कर्त्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेर्ने सल्लाह दिन्छ जसले उहाँको सामने राखिदिएको आनन्दको निम्ति शर्मलाई घिन गरेर क्रूसको शासना भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ"*** परमेश्वरसंग रहेको नयाँ जीवन येशू ख्रीष्टद्वारा सम्भव भएको छ उहाँले भन्नु भयो, ***"बाटो, सत्य र जीवन मैं हुँ, मबाहेक अरू कोहीद्वारा पिताकहाँ जानसक्दैन"*** परमेश्वर कहाँ जाने एउटै बाटो येशू हुनुहुन्छ

***येशू संसारमा हराएकालाई खोज्न र बचाउन आउनु भयो*** जो सम्पूर्ण मानव जातिको निम्ति हो जसमा तपाई र म पनि समावेश छौं येशूले यस संसारमा बिताउनु भएको पापरहित र सिद्ध जीवन हामी सबैको निम्ति थियो शैतानमाथि उहाँले पाउनु भएको विजय हामी सबैको निम्ति थियो त्यो कुटाइ र दण्ड जो उहाँले आफ्नो शरीरमा पाउनु भयो त्यो हामी सबैको निम्ति थियो उहाँले क्रूसमा बगाउनु भएको रगत हामी सबैको निम्ति थियो जस्तो उहाँको मृत्यू , उहाँको गाड़िनु, पातालमा ओर्लनु, पुनरूत्थान हुनु, महिमित हुनु र स्वर्गमा उक्लनु थियो

हाम्रो खातिर सिवाय येशू ख्रीष्टलाई संसारमा आउने अरू कुनै कारण थिएन उहाँलाई कुनै कुरा प्रमाण गर्नु थिएन औ कसैलाई प्रभाव पार्नु थिएन उहाँको आफ्नै कुनै पाप थिएन जसको कारण मर्न पर्ने अनि जब उहाँ क्रूसमा मर्नु भयो, उहाँको मृत्यू त्यो स्वर्गीय प्रेमको एउटा स्वेच्छापूर्ण कार्य थियो

उहाँ को हुन् र हाम्रो पक्षमा उहाँले के गरे यस कुरा बुझ्न र त्यसबाट फाइदा उठाउन हामीले आफैलाई येशूसंग पूर्णरूपले समानतामा ल्याउनु पर्छ हामीले विचार गर्नु पर्ने महान सत्यता हो हाम्रो निम्ति उहाँको प्रतिस्थापन

अर्को शब्दमा, क्रूसमा येशू ख्रीष्टले दण्ड पाउनु र मर्नु भएको

बेला तपाई पनि त्यो क्रूसमा दण्डित हुनुभयो र मर्नु भयो। येशू ख्रीष्ट गाड़िँदा तपाई पनि गाड़िनु भयो येशू ख्रीष्ट मृत्यूबाट बौरनु हुँदा, तपाई मृत्यूबाट बौरनु भयो येशू ख्रीष्ट स्वर्गमा चढ़ि जानु हुँदा, तपाई स्वर्ग चढ़ि जानु भयो

येशूले गरेका सबै कुरा तपाई र मेरो निम्ति थियो ***"येशू , सेवा पाउनलाई होइन, तर सेवा गर्न र धेरैको उद्धारको निम्ति आफ्नो प्राण दिनालाई आयो "*** उहाँले भन्नु भयो, *कसैले त्यो मबाट खोस्दैन,* ***तर म आफै त्यो अर्पण गर्छु*** येशू ख्रीष्ट क्रूसमा हाम्रो सट्टा मर्नु हुँदा त्यो पिता र पुत्रले गर्नु भएको स्वेच्छापूर्ण प्रेमको कार्य थियो

येशू ख्रीष्ट पृथ्वीमा आउनु भएको कारण परमेश्वर हाम्रा स्वर्गीय पिता तथा विश्वका सृष्टिकर्त्तालाई संसारअघि देखाउनु थियो परमेश्वर कस्तो हुनुहुन्छ त्यसबारे शैतानले मानिस जातिलाई छक्याएको थियो त्यसको छलको कारण परमेश्वर वास्तवमा जो हुनुहुन्छ - आफ्ना सन्तानहरूको सर्वदा भलो चाहने प्रेमी स्वर्गीय पिता देखि भिन्नै छवि प्रकट गरेको छ

युगौदेखि मानिसहरू परमेश्वरबाट टाढ़ा भागि रहेका छन्, हाम्रा शत्रुको छलको कारण साथै परमेश्वर वास्तवमा कस्तो हुनुहुन्छ त्यस विषय अनभिज्ञ रहेकोले र हामी सबैप्रति उहाँको प्रेम कति महान छ त्यो नजानेकोले उहाँले आफ्ना पुत्र येशूद्वारा उहाँको चरित्र यति स्पष्टसंग प्रकट गर्नु भएको छ जो परमेश्वर कहाँ फर्कने केवल एउटै बाटो होइनन् तर जसले हामीलाई उहाँका सन्तान भएर प्रति दिनको जीवनमा हाम्रा स्वर्गीय पितासंग कसरी सम्बन्ध राख्न पर्ने त्यो पनि देखाउँछन्

उहाँका सन्तान भएर हामी अबदेखि कहिल्यै परमेश्वरसंग डराउनु पर्दैन उहाँले हामीलाई कहिल्यै दण्ड दिनु हुँदैन कारण उहाँले हाम्रो सट्टा येशूलाई दण्ड दिनु भयो ***"किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नाको निम्ति नियुक्त गर्नुभयो"*** हामी परमेश्वरका सन्तान भएर हामी कहिल्यै उहाँबाट भाग्नु वा लुक्नु हुँदैन हामी उहाँ कहाँ दौड़नु र उहाँको नजीक आउनु पर्छ



परमेश्वर जो तपाईको स्वर्गीय पिता हुनुहुन्छ, उहाँको नक्सा, तपाईको सांसारिक बाबुले व्यवहार गरेको जस्तो लिनु हुँदैन तपाईले आफ्नो स्वर्गीय पिताको स्वरूप बाइबलबाट बनाउनु पर्छ, परमेश्वरको लिखित वचनबाट र येशूबाट जो परमेश्वरको जिउँदो वचन हुनुहुन्छ तब तपाईले उहाँसंग सठीक प्रकारले सम्बन्ध राख्न सक्नु हुन्छ अनि परमेश्वरको बालक बनेको कारण पाउनु हुने फायदा र पैतृक धन प्राप्त गर्नु हुनेछ

**यहाँ बाइबलका केही बहुमूल्य वचनहरू छन् :**

***"हे मेरो आत्मा, परमप्रभुलाई धन्य भन् र ममा भएका जो जति छन् ती सबैले उहाँको पवित्र नाउँलाई धन्यको भनून् , हे मेरो आत्मा, परमप्रभुलाई धन्य भन् , र उहाँका सबै उपकारहरू नबिर्सी***

***जसले तेरा सबै अधर्महरू क्षमा गर्नुहुन्छ जसले तेरा सबै रोगहरू निको पार्नुहुन्छ***

***जसले तेरो जीवनलाई सर्वनाशबाट मुक्त गर्नुहुन्छ जसले तँलाई करूणा र कोमल कृपाको मुकुट लगाइदिनुहुन्छ***

***जसले तेरो मुखलाई उत्तम कुराहरूले तृप्त गराउनुहुन्छ यसैले कि, तेरो जवानी गरूड़जस्तो नयाँ भइहाल्छ***

***थिचोमिचोमा परेकाहरू सबैका निम्ति परमप्रभुले धर्म र न्यायका काम गर्नुहुन्छ***

***परमप्रभु दयासागर र अनुग्रही, रीसमा ढीला र अति करूणामय हुनुहुन्छ***

***उहाँले सधैं हप्काइरहनुहुन्न नता उहाँले सधैंभरि रीस लिइराख्नुहुन्छ उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुभएको छैन, नता हाम्रा अधर्मअनुसार हामीलाई बदला दिनुभएको छ***

***किनकि पृथ्वीबाट स्वर्ग जति अल्गो छ, उहाँसंग डराउनेहरूमाथि उहाँको कृपा त्यत्तिकै ठूलो हुन्छ***

 ***पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिनै टाढ़ा हटाइदिनुभएको छ जसरी बाबुले आफ्ना छोरा-छोरीहरूलाई टिठाउँछन् , त्यसरीनै उहाँसंग डराउनेहरूलाई परमप्रभुले टिठाउनुहुन्छ "***

के यो हाम्रा स्वर्गीय पिताको विषयमा एउटा सुन्दर स्वरूप होइन ? औ यो परमेश्वरको प्रेम, भलाइ, अनुग्रह र कृपाको एउटा झलक मात्र हो परमेश्वरको यो वर्णन येशू ख्रीष्ट जन्मनुभन्दा धैरै वर्षअघि लेखिएको थियो तर अब येशू स्वंय परमेश्वरको सर्वोत्तम स्वरूप हुनुहुन्छ बाइबलमा यस्तो लेखिएको छ, ***"सबै थोकलाई आफ्नो शक्तिको वचनले सम्हालेर, जो उहाँको महिमा उज्वल र परमेश्वरकै तत्त्वको प्रतिबिम्बनै भएर, पापको शुद्धि गर्नुहुँदा उच्च स्थानमा महामहिमाको दाहिने बाहुलीपट्टि बिराजमान हुनुभयो " बाइबलमा यस्तो पनि लेखिएको छ "किनभने हाम्रा निम्ति एउटा पुत्र दिइएको छ शासन उहाँको हातमा हुनेछ। उहाँको नाउँ उदेकका युक्ति निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाइनेछ"***

येशू स्वंयले भन्नुभयो ***" जसले मलाई देखेको छ त्यसले पितालाई देखेकोछ "*** परमेश्वर कस्तो हुनुहुन्छ त्यो हामीले ठीकसित जानेको उहाँ चाहनु हुन्छ औ उहाँले हाम्रो निम्ति के गर्नु भयो त्यो पनि ताकि हामीले उहाँसंग एउटा घनिष्ट र व्यक्तिगत सम्बन्ध राख्न सक्छौं त्यसपछि हामीलाई जस्तो बन्न सृजनु भएको थियो हामी पूरा तौरले त्यस्तै हुन सक्छौं अनि हामी हाम्रो जीवनको चरम उपभोग गर्न सक्छौं , यहाँ, अहिले र अनन्तताको सबै कालको निम्ति

येशूले अझ भन्नु भयो, ***"मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले तिमीहरूलाई सबै थाह दिएको छु "*** अब तपाई येशू ख्रीष्टको मित्र हुनुहुन्छ र उहाँले आफ्ना स्वर्गीय पिताबाट सिकेका सबै कुरा तपाईले पनि जान्नु भएको उहाँले चाहनु हुन्छ



परमेश्वरको आत्मा जो अब तपाईमा जिउनु हुन्छ उहाँले पिता र पुत्रलाई तपाईमा प्रकट गर्नु हुन्छ ताकि तपाईले उहाँलाई व्यक्तिगत र घनिष्टतासंग चिन्न सक्नु हुन्छ जस्तो लेखिएको छ, ***"आँखाले नदेखेका र कानले नसुनेका, औ मानिसका मनमा नपसेका, यस्ता जुनसुकै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ तर परमेश्वरले हाम्रा निम्ति आत्माद्वारा ती प्रकट गर्नुभएको छ किनभने आत्माले सबै कुरा परमेश्वरका गहीरा गहीरा कुराहरूलाई पनि खोजी गर्नुहुन्छ किनकि आफैमा भएको आत्माले बाहेक मानिसहरूमध्ये कसले मानिसका कुराहरू जान्दछ र त्यसरीनै परमेश्वरका कुराहरू परमेश्वरका आत्माले बाहेक अरू कसैले जान्दैन "***

परमेश्वरको वचनको यस भागबाट हामी यो सिक्छौं कि परमेश्वर सम्बन्धी व्यक्तिगत ज्ञान हामी हाम्रा स्वाभाविक वा शारीरिक इन्द्रियबाट प्राप्त गर्दैनौं तर परमेश्वरको पवित्र आत्माको प्रकाशबाट परमेश्वरले हाम्रो निम्ति तयार पार्नु भएको सबै असल कुराहरू हामीले जानेको र सित्तैंमा दिएका कुराहरू बुझेको चाहनुहुन्छ हो, हामीले उहाँलाई जानेको औ उहाँका सबै आशीषहरू प्राप्त गरेको परमेश्वर चाहनु हुन्छ

यस्तो लेखिएको छ, ***"जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबका निम्ति उहाँलाई सुम्पिदिनुभयो उहाँले हामीलाई सबै थोक पनि उहाँको साथमा सित्तैंमा कसरी दिनुहुनेछैन र?"*** यस्तो पनि लेखिएको छ, *इमान्दारीसँग हिँड़नेहरूदेखि उहाँले कुनै असल कुरा इन्कार गर्नुहुन्न अनि हरेक असल दान र हरेक उत्तम वरदान माथिबाटकै हो, र ज्योतिका पिताबाट आउँछ, जसमा कहिल्यै अदल-बदल हुने र फेरिने छाया छैन*

यसकारण हामी देख्छौं कि परमेश्वरले सधैं हाम्रो भलाइ मात्र चाहनु हुन्छ येशू ख्रीष्टले कुटाइ खानुभयो, कष्ट भोग्नु भयो र हाम्रो सट्टा मर्नु भयो हामीलाई पाप, बिमार, रोग र पीड़ाबाट औ शैतानका सबै कामबाट हामीलाई छुटकारा दिनलाई येशू ख्रीष्टले हाम्रो निम्ति विश्वासयोग्यसाथ किनिदिनु भएको सबै असल वरदान र आशीषहरू हामीले प्राप्त गरेर ती

सबै अनुभव गरेको परमेश्वर चाहनुहुन्छ जब उहाँले हामीलाई उहाँको बगेको रगतद्वारा पाप र त्यसको श्रापबाट छुटकारा दिनु भयो

**तपाई अब निश्चित हुनुपर्छ कि तपाईले उन्नति गरेको र जसरी *तपाईको आत्माले उन्नति गर्छ त्यसरी तपाई स्वास्थ्य रहेको चाहने परमेश्वरको तपाईप्रति इच्छा छ*** बाइबलले स्पष्टसंग सिकाउने र येशू ख्रीष्टले यस पृथ्वीमा हिंडे़र अनि जिएर हरेकलाई प्रदर्शन गर्नु भएको कुरा यही नै हो बाइबलले हामीलाई बताउँछ, ***"कि कसरी परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिँड़नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो"***

**येशूले बिमारीलाई निको पार्नु भयो, अन्धालाई देख्ने बनाउनु भयो, बहिरालाई सुन्ने र लंगड़ालाई हिँड़ने तुल्याउनु भयो विश्वास लिएर उहाँकहाँ आउने हरेकलाई उहाँले निको पार्नु भयो, तिनीहरूका बिमार र रोग जस्तै गम्भीर किन नहोस् उहाँमा आस्था राख्ने हरेकको पापहरू उहाँले क्षमा गर्नु भयो *शैतानका कामहरू नष्ट पार्नालाईनै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो***

**येशू ख्रीष्ट जीवित हुनुहुन्छ औ उहाँ हिज, आज र सधैंभरि एक समान हुनुहुन्छ** २००० वर्ष अघि उहाँले गर्नु भएका आश्चर्य कर्महरू, उहाँले आज पनि गर्नु हुन्छ जसलाई उहाँले भेटे ती सबैका खाँचोहरूमा येशू सधैं करूणामय भएर प्रतिउत्तर दिनु हुन्थ्यो खाँचो परेको समयमा उहाँले हजारौंको निम्ति पनि अलौकिक तौरमा भोजन जुटाउनु भयो कसैले कहिल्यै गर्न नसक्ने किसिमले उहाँले मानिसहरूलाई प्रेम गर्नु भयो औ वास्ता गर्नु भयो येशूको स्वभाव नै यस्तै छ

हामी परमेश्वरको सन्तान भएर हाम्रा स्वर्गीय पिताबाट के कुराको आशा राख्नु पर्छ त्यो अति मुख्य छ हामीतर्फ उहाँको इच्छा सधैं असल छ यस्तो लेखिएको छ, ***"औ यस संसारसित एकै चालका नहोओ, तर तिमीहरूको मनको परिवर्त्तनले तिमीहरू बदलियौ औ परमेश्वरका असल, मनपर्ने र सिद्ध इच्छा के रहेछ भनी***



***तिमीहरू जाँचेर पत्ता लगाओ"*** परमेश्वरको इच्छा चाहिँ असल, मनपर्दो र सिद्ध भनेर वर्णन गरिएको छ

**परमेश्वरको वचनमा भएको कुरा छाड़ेर शैतान वा अन्य कसैले तपाईलाई भिन्नै प्रकारले भन्ने अनुमति नदिनु होस् तपाईको मन पुनः नयाँ तुल्याइने छ जसै तपाई येशूमा आफ्नो आँखाहरू केन्द्रित गर्नु हुन्छ** , जसले उहाँमा भरोसा राख्ने हरेकको निम्ति सधैं भलाइ गर्नु भयो येशूले सधैं स्वर्गमा भएका उहाँका पिताको इच्छा पूरा गर्नु भयो

यसरी अब तपाईले थाहा गर्नु भयो कि तपाई आशीषित बनेको, साँच्चै खुशी रहेको, असल स्वास्थ्यमा रहेको, हरेक कुरामा उन्नत भएको, क्षमा पाएको र शैतानका सबै कामहरूबाट स्वतंत्र भएको होस् भन्ने परमेश्वरको इच्छा छ तपाईले यो जान्नु भएको कारण परमेश्वरको वचनले यसै भन्छ औ पृथ्वीमा रहँदा येशूले पनि परमेश्वरको इच्छालाई प्रदर्शन गर्नु भयो

अध्याय -३ मा तपाईले सिक्नु भएका कुराहरू स्मरण गर्ने यो असल समय हो, परमेश्वरतर्फ चढ़ाएको यो धन्यवादको प्रार्थना गरेर :

*प्रेमी स्वर्गीय पिता,*

*तपाईलाई धेरै धन्यवाद तपाई जो हुनुहुन्छ, जस्तो हुनुहुन्छ त्यसको निम्ति औ तपाई कहिल्यै बदलनु हुन्न वा झूठ बोल्नु हुन्न भनी म तपाईमा भरोसा राख्न सक्छु म अति धन्यवादी छु कारण मलाई साँचो खुशीयाली दिने तपाईको इच्छा छ अनि तपाईले सधैं मेरो भलाइ चाहनु हुन्छ किनकि तपाई यस्तै हुनुहुन्छ तपाई अचम्भको हुनुहुन्छ!*

*धन्यवाद प्रभु, पवित्र आत्माको निम्ति जसले मलाई सबै सत्यमा डोरयाइ रहनु भएको छ र जसले येशूलाई ममा प्रकट गरिरहनु भएको छ, तपाईले मेरो निम्ति तयार पार्नु भएको सबै थोकको साथमा धन्यवाद परमेश्वर, तपाईको विषयमा मैले सबै कुरा जानेको तपाई चाहनु हुन्छ औ मबाट तपाईले कुनै कुरा गुप्तीमा लुकाइ राख्नु हुन्न*

*धन्यवाद येशू, कारण तपाईले मलाई तपाईको मित्र ठान्नु हुन्छ,*

सैकारण तपाईले मसंग सबैकुरा बाड़ँनु हुन्छ जसद्वारा तपाईलाई म घनिष्ट र व्यक्तिगत तौरले चिन्न सक्छु र हाम्रो नजीकको सम्बन्ध स्थापित हुन सक्छ

म जान्दछु कि ख्रीष्टमा म एउटा बालक मात्र हूँ तर म आफ्ना आँखा येशूमा केन्द्रित राखेर प्रभुमा बलवान बन्नलाई बड़दै जाने आशा राख्छु मेरो निम्ति तपाईले साँची राख्नु भएको सबै असल कुराहरू आविष्कार गर्न म उत्सुक छु, जो मैले ख्रीष्टियन भएको नयाँ जीवनलाई दिनहूँ जिउँदै जाँदा तपाईले प्रकट गर्नु हुन्छ

धन्यवाद प्रभु, तपाईको निम्ति म कति बहुमूल्य छु भन्ने कुरा तपाईले मलाई प्रकट गर्न लाग्नु भएको निम्ति यसदेखि भिन्न कुरा भन्ने म कसैलाई अनुमति दिन्न म परमेश्वरको बालक हूँ र तपाईका सबै कुरा मैले पैतृक धन झैं पाएको छु तपाईबाट मेरा सबै खाँचोहरू पूरा भएको छ मसंग प्रशस्त छ, म उन्नत र स्वस्थ्य छु अनि मेरो आत्माको उन्नति भइरहेको छ यी सबै येशूको कारण र उहाँसंग मेरो परिचयको कारण हो तपाईको प्रेम चाहिँ मैले कल्पना गरेको सबै कुरा देखि अझ अपार छ

धन्यवाद प्रभु येशू, जुन काम पूरा गर्न तपाई संसारमा आउनु भयो त्यो मेरो निम्ति र म जस्तो अरूको निम्ति थियो तपाई सेवा गरी माँग्नलाई आउनु भएन तर सेवा गर्न र मेरो निम्ति आफैलाई अर्पण गर्न आउनु भयो तपाईले मानिसहरूलाई चंगाइ गर्नु भएर, बचाउनु भएर अनि छुटकारा दिएर मलाई पिता देखाउनु भयो तपाईलाई धन्यवाद कारण मेरो निम्ति तपाईले त्यही काम गर्नु हुनेछ भन्ने म जान्दछु म तपाईलाई प्रेम गर्छु

येशूको नाउँमा म बिन्ती गर्छु,
आमेन!

**साँचो खुशीयाली**

❖

## चाहिँ येशू तपाईमा हुनु हो
## अध्याय - ४



साँचो खुशीयाली चाहिँ येशू तपाईमा हुनु हो! प्रभु ख्रीष्ट जो अब तपाईमा जिउनु हुन्छ तपाई साँच्चै खुशी रहनलाई उहाँ नै हरेक थोक र हरेक व्यक्ति हुनुहुन्छ

तपाईले येशूलाई तपाईका मुक्तिदाता र प्रभु भनेर आस्था राख्न लाग्नु भएको छ अब तपाईले आफ्ना जीवनका सबै क्षेत्रहरूमा उहाँमा कसरी आस्था राख्नु पर्ने हो सो सिक्नु हुनेछ

येशूलाई उहाँको पूर्णतामा आविष्कार गर्नु हो भने एउटा जीवनकाल बित्छ, तर अध्याय ४ मा येशू ख्रीष्टका धेरै मूलभूत गुणहरू तपाईले पत्तो लाउनु हुन्छ जसद्वारा उहाँमा तपाईको पूर्णतालाई आविष्कार गर्नु हुन्छ

तपाईले यो पत्तो लाउनु हुन्छ कि येशूमा ईश्वरत्वको सबै पूर्णता शारीरिक रूपमा बास गर्दछ अनि उहाँमा तपाई पूर्ण हुनुहुन्छ अर्को शब्दमा भन्नु पर्दा, तपाईमा केही कुराको कमी हुँदैन; तपाईलाई सधैं चाहिने हरेक थोक येशूमा पाइन्छ जो तपाईमा जिउनु हुन्छ

यो परमेश्वरको वचनमा रहेको उदेकको सत्यता हो कल्पना गर्नु होस् त तपाईलाई कुनै पनि बेला चाहिने हरेक थोक औ हरेक व्यक्ति

प्रत्येक दिन तपाई भित्रै जिउँनु भएको कुरा

## साँचो खुशीयाली येशू तपाईमा हुनु हो...

येशू ख्रीष्ट अहिले तपाईमा जिउनु हुन्छ र तपाई उहाँमा जिउनु हुन्छ बाइबलले भन्छ, ***"किनभने उहाँमा ईश्वरत्वको सारा परिपूर्णता शारीरिक रूपमै बास गर्दछ, र उहाँमानै तिमीहरू परिपूर्ण पारिएका छौं, जो सबै प्रधानता र शक्तिका शिर हुनुहुन्छ"*** अर्को शब्दमा, तपाईलाई केही कुराको कमी हुँदैन परमेश्वरले शुरूमा तपाईलाई सृजनु भएअनुसारै अब तपाई सबै थोक हुनुहुन्छ

यो पूर्णता येशूमा छ औ तपाई उहाँमा र उहाँ तपाईमा हुनुभएको कारण, तपाईलाई कुनै कुराको कमी हुँदैन अब तपाईको हरेक खाँचोको पूर्ति येशू ख्रीष्टद्वारा हुनेछ त्यसपछि अरू ख्रीष्ट तपाईमा हुनु महिमाको आशा हो

बाइबलका निम्नलिखित पदहरू पढ्नु होस् र ध्यान गर्नु होस अनि तपाई कति आशीषित हुनुहुन्छ भन्ने कुरा बुझ्न ती पदहरूले सहायता गर्ने छ:

*परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केहीको खाँचो हुँदैन*

*उहाँले मलाई हरियो खर्कमा सुताउनुहुन्छ उहाँले मलाई सुख-चैनको पानीनेर डोऱ्याउनुहुन्छ*

*उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ, उहाँले आफ्नै नाउँको खातिर मलाई धार्मिकताका मार्गमा अगुवाइ गर्नुहुन्छ*

*घोर अन्धकारमा मैले हिँड्नु परे तापनि, म कुनै खतरादेखि डराउँनेछैन किनकि तपाई मेरो साथमा हुनुहुन्छ तपाईको लठ्ठी र तपाईको लौरो तिनैले मलाई सान्त्वना दिन्छन्*

*मेरा शत्रुहरूका सामुन्ने तपाईले मेरो निम्ति भोज तयार पार्नुहुन्छ तपाईले मेरो शिर तेलले अभिषेक गर्नुभएको छ,*

*मेरो कचौरा भरेर पोखिन्छ निश्चय मेरो जीवनभरि भलाइ र करूणामपछि लाग्नेछ र परमप्रभुको घरमा म सदा रहनेछ* यहाँ येशूलाई गोठाला जस्तो र तपाईलाई उहाँका भेंड़ाहरूमध्ये एउटा जस्तो



दर्शाइएको छ अघिल्ला अध्यायहरूमा तपाईलाई परमेश्वरको बालक झैं हामीले सम्बोधन गरेका थियौं जो तपाई हुनुहुन्छ तर यस अध्यायमा येशूसंग तपाईको अरू प्रकारको सम्बन्ध बारेमा पनि हामी चर्चा गर्नेछौं

परमेश्वरको वचनको यो वाक्यांशलाई बारम्बार पढ्नु होस अनि यसलाई तपाईमा वास्तविक बनाउन पवित्र आत्मालाई अनुमति दिनु होस् परमेश्वरले उहाँका वचनद्वारा तपाईको अन्तस्करणलाई छुन चाहनु हुन्छ उहाँले आफैलाई तपाईमा वास्तविक तुल्याउन चाहनु हुन्छ ताकि तपाईले कल्पना गर्नु भएको देखि अझ बढ़ी उहाँले तपाईलाई प्रेम गर्न र आशीष दिन सक्नु हुन्छ

***"किनकि परमेश्वरको वचन जीवित र प्रबल, र कुनै दुइ-धारे तरवारभन्दा पनि धारिलो, औ प्राण र आत्मालाई जोर्नी जोर्नी र हड्डीका मासीलाई भाग भाग पारूञ्जेलसम्म वारपार छेंड़ने, र हृदयको भावना र विचारलाई जाँच्न सक्ने हुन्छ औ उहाँको दृष्टिमा सृष्टिको कुनै कुरा छिपेको हुँदैन, तर जससँग हामीले व्यवहार गर्नुपर्छ, उहाँको नजरको सामने सब कुराहरू स्पष्ट र खुला राखिएका छन्"***

जसै तपाईले परमेश्वरको वचन र त्यसमा प्रकट भएको उहाँको भलाइ र प्रेममा विचार गर्नु हुन्छ, परमेश्वरको आत्माले तपाईलाई गहिरो गरी छुनु हुन्छ, बदलाउनु हुन्छ अनि तपाईको हृदय र प्राणलाई बढ़ाउनु हुन्छ जसले तपाईलाई ख्रीष्टको प्रेम अझ बढ़ी अनुभव गर्नमा सक्षम तुल्याउँछ

येशू तपाईको गोठाला हुनुहुन्छ उहाँले तपाईलाई अगुवाइ गर्नु हुन्छ औ तपाईको प्रबन्ध गर्नु हुन्छ साथै तपाईलाई सान्त्वना र आशीष दिनु हुन्छ तपाईलाई घटी हुँदैन जीवनको गोरेटोमा डोरयाउने र तपाईलाई सबै हानिबाट बचाउने उहाँ असल गोठाला हुनुहुन्छ तपाई कुनै कारण डराउनु वा चिन्तित हुनु पर्दैन तपाईको गोठालाले तपाईका सबै खाँचोहरू पूरा गरिदिनु हुन्छ, तपाईलाई रक्षा गर्नु हुन्छ अनि शान्ति र आनन्दले तपाईलाई आशीर्वाद दिनु हुन्छ *तेरो सारा भरोसा परमेश्वरमा राख, र तेरो आफ्नै समझ-शक्तिमा भरोसा नगर् आफ्नो सबै चालमा उहाँलाई सम्झी र*

*उहाँले तेरा बाटोहरू सुगम तुल्याइदिनुहुनेछ तपाई आफैमा भरोसा नराख्नु होस् कुनै बाटो मानिसलाई सीधा देखिएला तापनि आखिरमा त्यसले मृत्युमानै पुरयाउने हुन्छ* येशूलाई पछयाउनु होस बाटो, सत्य र जीवन उहाँनै हुनुहुन्छ उहाँले तपाईलाई कहिल्यै बाटो बिराउन दिनु हुन्न येशूले तपाईलाई कहिले छोड्ने छैनन्, नता कहिले त्याग्ने छन् पिताको हातबाट कसैले पनि तपाईलाई छुड़ाउन सक्तैन *किनकि म यो निश्चय जान्दछु, कि नता मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताले, न वर्तमानका कुराहरूले, न पछि हुने कुराहरूले, न शक्तिहरूले, न उँचाइले, न गहिराइले, न अरू कुनै सृष्टिले हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछ रोमी*

तपाई येशूमा सुरक्षित हुनुहुन्छ बाइबलमा भएको निम्नलिखित परमेश्वरको वचनको भागलाई पढ़ेर ध्यान गर्नु होस्

***जो परमप्रधानको गुप्त ठाउँमा बास गर्दछ, त्यो सर्वशक्तिमानको छत्र छायामुनि रहन्छ***

***परमप्रभुको विषयमा म भन्छु, उहाँ मेरो शरणस्थान र मेरो किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमा म भरोसा राख्तछु किनभने उहाँले तिमीलाई शिकारीको पासोबाट र हानिकारक रूढ़ीबाट बचाउनुहुनेछ***

***उहाँले तिमीलाई आफ्ना पखेटाले ढाक्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण लिनेछौ, उहाँको सत्यता सानो ढाल र ठूलो ढाल हो तिमी रातको ठूलो त्रासदेखि, दिनमा उड़ेर आउने वाणदेखि राती चल्ने रूढ़ीदेखि, दिउँसो क्षय गर्ने नाशदेखि डराउनेछैनौ***

***एक हजारजना तिम्रो नजीक लोट्नेछन् , र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजीक कोही आइपुग्दैन तिम्रो आँखाले मात्र त्यो हेर्नेछौ, र दुष्टहरूको प्रतिफल देख्नेछौ***

***किनकि हे परमप्रभु, तपाई मेरो शरणस्थान हुनुहुन्छ तिमीले परमप्रधानलाई आफ्नो बासस्थान तुल्याएका छौ***



***तिमीमाथि कुनै खराबी आउनेछैन, कुनै रूढ़ी तिम्रो पालको नजीक आउनेछैन***

***किनकि उहाँले आफ्ना दूतहरूलाई तिम्रा सबै मार्गमा रक्षा गर्नलाई कड़ा आज्ञा दिनुहुनेछ***

***तिनीहरूले तिमीलाई आफ्ना हात माथि माथिनै उठाउनेछन् नत्रता तिम्रा खुट्टाले ढुङ्गामा ठेस खानेछ***

***तिमीले सिंह र अजिङ्गरलाई कुल्चनेछौ, जवान सिंह र सर्पलाई तिमीले पैतालामनि लतार्नेछौ***

***उनले मसित प्रेम गरेको हुनाले म उनलाई छुटाउनेछु, उनले मेरो नाउँ जानेको कारण म उनलाई उच्च स्थानमा राख्नेछु उनले मेरो पुकारा गर्नेछन् , र म उनलाई उत्तर दिनेछु, उनको दुःखमा म उनीसित हुनेछु, म उनलाई छुटकारा दिनेछु, र आदर गर्नेछु***

***म उनलाई दीर्घायु बनाएर सन्तुष्ट तुल्याउनेछु, र मेरो उद्धार देखाउनेछु***

तपाईका सृष्टिकर्त्तासंग उहाँका पुत्र येशू ख्रीष्टद्वारा स्थापित भएको सम्बन्ध विषय यो एउटा बहुमूल्य प्रकाश हो परमेश्वरले तपाईको कति वास्ता राख्नु हुन्छ यी शब्दहरू घरि-घरि पढ्नु होस अनि यसले के भन्छ विचार गर्नु होस औ तपाईको निम्ति परमेश्वरबाट व्यक्तिगत प्रकारले लेखिएको हो भनेर विश्वास गर्नु होस उहाँमा विश्वास गर्ने हरेकको निम्ति बाइबल चाहिँ परमेश्वरको प्रेम - पत्र हो

येशूले गरे जस्तो तपाईलाई कसैले कहिले प्रेम गरेको छैन ***यसैकारण म आफ्ना घुँड़ा पिताको सामने टेक्तछु, जसबाट स्वर्ग र पृथ्वीमा हरेक परिवारको नाउँ राखिएको छ, र तिमीहरूलाई भित्री मनुष्यत्वमा उहाँको आत्माद्वारा उहाँको महिमाको सम्पत्तिअनुसार शक्तिले बलिया तुल्याउन तिमीहरूलाई उहाँले मञ्जूर गरून् , कि तिमीहरूका हृदयमा ख्रीष्ट विश्वासद्वारा बास गर्नुहोला, यस हेतुले कि, प्रेममा जरा हालेका र जग बसालिएका भएर सबै पवित्र***

***जनहरूसँग चौड़ाइ, लमाइ, उँचाइ र गहिराइ के रहेछ सो तिमीहरूले बुझ्नलाई बलिया होओ औ परमेश्वरका सारा पूर्णतामा तिमीहरू पूर्ण हुनलाई ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई जान्नसक अब उहाँलाई, हामीमा कार्य गर्ने शक्तिअनुसार, हामीले मागेको र सम्झेको भन्दा ज्यादै प्रशस्तगरी दिनसक्नुहुने, उहाँलाईनै सदा सर्वदा सारा पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा महिमा होस् आमिन!***

तपाईले परमेश्वरको प्रेमलाई, उहाँको कृपा, भलाइ, अनुग्रह, क्षमा, शक्ति, शान्तिलाई कहिल्यै रित्याउन सक्नु हुन्न, जो तपाईको समझदेखि बाहिर छ परमेश्वरसंग भएका सबै तपाईका हुन् औ उहाँका साधनहरू अन्तहीन छन्

सबै कुरा जो परमेश्वरसंग छन् औ सबै कुरा जो परमेश्वर हुन् ती सबै येशूमा बेह्निएर रहेका छन् जो तपाईमा जिउनु हुन्छ अनि तपाई उहाँमा ***"येशू ख्रीष्ट हिज, आज, अँ, सधैंभरि एकसमान हुनुहुन्छ"*** उहाँ जीवित हुनुहुन्छ अनि दुइ हजार वर्ष अघि उहाँ संसारमा हिँड्नु हुँदा उहाँमाथि विश्वास गर्नेहरूमा जे गर्नु भयो त्यो तपाईको निम्ति पनि गर्नु हुनेछ

येशू संसारमा पापीहरूलाई बचाउन आउनु भयो उहाँ हराएकालाई खोज्न र बचाउन आउनु भयो। ***"येशू सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिँड्नुभयो"*** पापको कारण मानव जातिमा पर्न गएको श्रापलाई उल्टाउन उहाँ आउनु भयो अनि परमेश्वर र हामीमाझ पुनर्स्थापना र पुनर्मिलन ल्याउन आउनु भयो उहाँ हामीलाई अनन्त जीवन दिन आउनु भयो अनन्त जीवन केवल सदाकाललाई होइन तर त्यो यहीं र अहिले नै हुने जीवनको एउटा गुण हो परमेश्वर चाहनु हुन्न कि हामी कुनै पनि पापको प्रभावको बन्धनमा रहेको वा कुनै पनि शैतानिक युक्तिहरूको प्रभावमा येशू ख्रीष्टले रोगीलाई निको पार्दा, पापीलाई क्षमा दिँदा, भुतात्माहरूलाई निकाल्दा, भोकाएकालाई खुवाउँदा अनि उहाँमा विश्वास गर्ने मानिसहरूका खाँचोलाई पूरा गर्दा उहाँले यस कुरालाई प्रष्ट पार्नु भयो। आज पनि तपाई र मेरो निम्ति उहाँले यही गर्नु



हुन्छ। एउटा समयमा, *पत्रुसको घरमा आएपछि येशूले तिनका सासूलाई ज्वरोले थलिएर पल्रिएकी देख्नुभयो औ उहाँले तिनको हात छुनुभयो, र ज्वरोले तिनलाई छोड्यो अनि तिनी उठिन्, र उहाँको सुसार गरिन् जब साँझ परयो, तब तिनीहरूले उहाँकहाँ भूत लागेका धेरै जनालाई ल्याए र उहाँले वचनैले भूतहरूलाई धपाउनुभयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो औ यशैया अगमवक्ताले बोलेका कुरो पूरा भयो,* ***"उहाँ आफैले हामीहरूका कमजोरी लिनुभयो, र रोगहरू बोक्नुभयो"*** येशू जन्मनु भन्दा कतिपय सदी अघि यस्तो लेखिएको थियो *निश्चय उसले हाम्रै कष्टहरू सहयो, र हाम्रा दुःख भोग्यो तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काएको, पिटिएको र दुःखमा परेको ठान्यौं तर उ ता हाम्रा अपराधको निम्ति घायल भयो उसले हाम्रा अधर्मका निम्ति चोट पायो हाम्रै शान्तिको निम्ति दण्ड उसमाथि परयो, र उसले पाएको कोर्राको चोटले हामी निको भयौं हामी सबै भेड़ाझैं बरालिएका छौं हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, औ परमप्रभुले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो*

येशू क्रूसमा मर्नु भएको वर्षौंपछि, परमेश्वरको वचनमा यस्तो लेखिएको थियो ***हामी पापको लेखि मरेर धार्मिकताको लेखि बाँचौ भनी उहाँले आफ्नै शरीरमा हाम्रो पाप काठमाथि बोक्नुभयो उहाँकै चोटहरूमा तिमीहरू निको भयौ किनभने तिमीहरू भेड़ाहरूझैं बरालिएर जाँदैथियौ, तर अब ता प्राणका गोठाला र धर्माधिकारकहाँ फर्किआएका छौ***

तपाईलाई यो बुझ्नु र विश्वास गर्नु अति मुख्य छ कि जब येशू ख्रीष्ट तपाईको सट्टा मर्नु भयो, उहाँले तपाईका पापहरूको निम्ति, बिमार र रोगहरू र वेदनाहरूको निम्ति शाषणा भोग्नु र मर्नु भयो जसबाट तपाईले क्षमा पाउन र निको हुनलाई

येशू यसकारण आउनु भयो कि तपाईले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भनेर तपाईले एउटा भरपूर र पूर्ण जीवन जिएको तपाईका स्वर्गीय पिताले चाहनु हुन्छ तपाई विजयमा, पवित्रतामा, ईश्वरीय स्वास्थ्यमा, उन्नतिमा र समझलाई माथ गर्ने उहाँको प्रेम र शान्तिमा

जिएको परमेश्वरको इच्छा छ

शैतान चाहिँ चोर्न, मार्न र नाश गर्न आए अनि त्यसले तपाई पापमा, लतमा आसक्त भएको, अनैतिकता, बिमारीपन, कष्ट, रोग, गरीबी, अभाव, खलबली, घृणा, लोभ, झूठ र सबै किसिमको मानसिक, शारीरिक र भावनात्मक पीड़ा र खलबलीमा बाँधिएको बनेर तपाईको जीवनबाट परमेश्वरको इच्छालाई त्यसले खोसेको चाहन्छ

परमेश्वरले तपाईको जीवनको निम्ति चाहनु भएको कुरामात्र तपाईले चाहनु हुन्छ औ तपाईको निम्ति उहाँको इच्छा सधैं असल रहन्छ भन्ने कुरामा तपाईको हृदय र मन निश्चित भएको हुनु पर्छ परमेश्वरले तपाईमा राख्नु भएको इच्छा नै तपाईको पनि इच्छा भएको हुनु पर्छ त्यसमा परमेश्वरले राख्नु भएको उदेश्य पूरा हुन अनि तपाईले पवित्र आत्मासंग सहभागी बन्नुपर्छ ताकि तपाईको जीवनमा परमेश्वरले सबै कुरा पूरा गर्न सकून्

तपाईले आफ्नो जीवनमा शैतानले ल्याउने सबै युक्ति र इच्छाहरूलाई परमेश्वरको वचन प्रयोग गरेर जित्ने संकल्प पनि हृदयमा लिनु पर्छ अनि तपाईको जीवनमा त्यसले राखेको इच्छा र परमेश्वरले राख्नु भएको इच्छा बीच रहेको भिन्नतालाई बुझ्नु पर्छ यस्तो लेखिएको छ, ***"यसकारण परमेश्वरको अधीनमा बस, शैतानको विरोध गर, अनि त्यो तिमीहरूबाट भाग्नेछ परमेश्वरको नजीक आओ, र उहाँ तिमीहरूका नजीक आउनुहुनेछ। हे पापी हो, तिमीहरूको हात शुद्ध पार, र हे दोमनका हो, तिमीहरूको हृदय पवित्र पार"***

तपाईको जीवनको हरेक क्षेत्रमा परमेश्वरले चाहनु भएकै कुरा तपाईले चाहनु पर्छ अनि तपाई उहाँको बालक भएको कारण उहाँले तपाईमा गर्न चाहनु भएको काममा विश्वास गर्नै पर्छ तपाईको शरीर र आत्मा एउटा दाम तिरेर किनिएको हो यसकारण, आफ्नो शरीर र आत्मामा परमेश्वरको स्वास्थ्य छाड़ेर अरू कमसल कुराको आशा राख्नु हुँदैन यस्तो लेखिएको छ, ***"तिमीहरूको शरीर तिमीहरूमा भएका पवित्र आत्माको मन्दिर हो, जो परमेश्वरबाट तिमीहरूले पाएका छौ भन्ने के तिमीहरूलाई थाह छैन औ तिमीहरू आफै ता आफ्नै होइनौ, किनभने तिमीहरू दाम तिरेर किनिएका हौ, यसकारण आफ्नो शरीरमा परमेश्वरको महिमा गर"***



जब तपाईको शरीर र आत्मामा परमेश्वरको क्षमा र चंगाइ गर्ने शक्ति प्रकट हुन्छ तब परमेश्वरको महिमा हुन्छ जब येशूले पापीलाई क्षमा दिन्छन् र रोगीलाई निको पार्छन् तब परमेश्वरको महिमा हुन्छ शैतानले परमेश्वरलाई उहाँको महिमादेखि बञ्चित राख्न चाहन्छ - मानिसहरूलाई पाप, बिमार र रोगको बन्धनमा राखेर। तर शैतान हारेको छ अनि परमेश्वरको चंगाइ गर्ने शक्ति र क्षमाशीलता विश्वास गर्ने र परमेश्वरलाई उहाँको वचनअनुसार लिनेहरूमा अझ उपलब्ध छ

चंगाइ प्राप्त गर्नको निम्ति परमेश्वरले तपाईलाई निको भएको चाहनु हुन्छ भन्ने बुझ्नु पर्छ जसरी तपाईले क्षमा पाएको र बाँच्नु भएको परमेश्वर चाहनु हुन्छ भनी जान्नु भयो परमेश्वरले सृष्टि गर्नु भएको हाम्रो सम्पूर्ण व्यक्तित्वको वास्ता गर्नु हुन्छ उहाँले तपाईका सबै खाँचोहरूलाई पूरा गर्न चाहनु हुन्छ उहाँमा विश्वास गर्ने र निको हुन माँग्ने हरेकलाई येशूले कहिल्यै वेवास्ता गर्नु भएन औ उहाँले यस्तो कहिल्यै गर्नु हुन्न क्षमा पाउन र निको हुन उहाँमा विश्वास गर्ने सबैलाई उहाँले सधैं निको पार्नु भयो र क्षमा दिनु भयो अनि आज पनि उहाँले यस्तै गरि रहनु भएको छ

२,००० वर्षअघि येशूले यस पृथ्वीमा हिँड़ेर आफ्नो सेवकाइ गर्दा हुन गएका केही विवरणहरू हामी पढ़ौं: ***उहाँ डाँड़ाबाट ओर्ह्लनुभएपछि दूलो भीड़ उहाँको पछि लाग्यो औ एउटा कोरीले उहाँकहाँ आएर यसो भनी प्रमाण गरयो, हे प्रभु, तपाईको इच्छा भए मलाई शुद्ध गर्नसक्नुहुन्छ उहाँले यसो भन्दै हात पसारेर त्यसलाई छुनुभयो, म इच्छा गर्छु, तिमी शुद्ध भइजाऊ औ तुरून्तै त्यसको कोर शुद्ध भइगयो*** **यस मानिसले प्रश्न गरे कि उसलाई निको पार्ने कार्य गर्नु येशूको निम्ति परमेश्वरको इच्छा हो कि होइन भनेर येशूले स्पष्टसंग उत्तर दिनु भयो, "म इच्छा गर्छु!"** आज पनि येशूले दिने उत्तर यही छ निको पार्ने कुरा सदा परमेश्वरको इच्छा हो

***"केही दिनपछि उहाँ नाइन नाउँ भएको शहरमा जानुभयो,***

*औ उहाँका चेलाहरू र एउटा ठूलो भीड़ उहाँका साथमा गए जब उहाँ शहरको ढोकाको नजिक पुग्नु भयो, तब हेर, एउटा बिधवाको एउटै छोरोको मुर्दा लगिँदै थियो, औ शहरको निकै ठूलो भीड़ तिनीसँग थियो जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनीमाथि टिठाएर भन्नुभयो, नरोऊ औ नजीक गएर उहाँले अर्थी छुनुभयो, र बोक्नेहरू टक्क अड़िए अनि उहाँले भन्नुभयो, ए युवक, म तिमीलाई भन्दछु, उठ तब जो मरेको थियो उठेर बस्यो, र बोल्नलाग्यो औ उहाँले त्यसलाई आमाको जिम्मा लगाउनुभयो ”*

येशू यति प्रेमी र करूणामय हुनुहुन्छ कि उहाँले मरेका सम्मलाई बिउँताए ***“त्यो दिन साँझ परेपछि उहाँले तिनीहरूलाई भन्नुभयो, आओ, हामी पारिपट्टि जाऔँ औ भीड़लाई छोड़ेर, जस्तो उहाँ डुङ्गामा हुनुहुन्थ्यो, उस्तै तिनीहरूले उहाँलाई साथमा लगे, औ अरू डुङ्गाहरू पनि उहाँको साथमा थिए अनि त्यहाँ ठूलो बतासको हुरी चल्यो, र छालहरू डुङ्गामा बज्रन लागे, यहाँसम्म कि, डुङ्गा पानीले भरिनलाग्यो उहाँ आफै चाहिँ पछिल्तिर एउटा तकियामा सिरानी लाएर निदाइरहनुभएको थियो, र तिनीहरूले उहाँलाई यसो भन्दै बिउँझाए, ‘गुरूज्यू, हामी नष्ट हुनलाग्यौं भन्ने के तपाईलाई वास्ता छैन?’ तब उहाँ बिउँझनुभयो, र बतासलाई हप्काउनुभयो, र समुद्रलाई भन्नुभयो, ‘चूप लाग्, शान्त हो’ अनि बतास थामियो र ठूलो सन्नाटा भयो ”*** हो बतास र समुद्रले पनि येशूको आज्ञा मान्छ ***“ जब उहाँहरू जोरिकोमा आउनुभयो र उहाँ आफ्ना चेलाहरू र ठूलो भीड़सहित जेरिकोबाट निस्कँदा, तिमैको छोरो बर्तिमै, एउटा अन्धो माग्ने, बाटोको किनारमा बसिरहेको थियो तब नासरतको येशू हुनुहुन्छ भन्ने सुनेर त्यो कराएर भन्नलाग्यो ‘हे येशू दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्’ औ त्यो चूप लोगोस्, भनेर धेरैले त्यसलाई हप्काए, तर त्यो झन् चर्को गरी कराउनलाग्यो, ‘हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् ‘जब येशू ठिङ्गै उभिनुभयो, र भन्नुभयो,’ ‘त्यसलाई***



***बोलाओ’ अनि तिनीहरूले त्यस अन्धालाई यसो भनेर बोलाए, ‘ढाड़स गर् , उठ् , उहाँले तँलाई बोलाउनुहुँदैछ’ औ आफ्नो खाष्टो फालेर उफ्रँदै त्यो येशूकहाँ आयो येशूले त्यसलाई भन्नुभयो, ‘म तिमीलाई के गरूँ भन्ने तिमी चाहन्छौ?’ अन्धा मानिसले उहाँलाई भन्यो, ‘रब्बोनी, म दृष्टी पाऊँ’ औ येशूले त्यसलाई भन्नुभयो, ‘ितम्रो बाटो लाग, तिम्रो विश्वासले तिमीलाई सद्दे तुल्याएको छ’ तब तुरून्तै त्यसले दृष्टि पायो, र बाटोमा उहाँको पछिपछि लाग्यो”***

**येशूले यस मानिसको विश्वासको अनुमोदन गर्नु भयो उसले विश्वास गरयो र निको भयो यसैकारण हामी परमेश्वरको वचनमा विश्वास गर्नु मुख्य छ भनेर जोड़ दिन्छौं बिना विश्वास परमेश्वरलाई रिझाउन सकिन्दैन** याद गर्नु होस् , विश्वास चाहिँ परमेश्वरले प्रतिज्ञा गर्नु भएको कुरा गर्न सक्नु हुन्छ भनेर उहाँमा राखेको सरल भरोसा हो यो केवल उहाँलाई उहाँका वचन अनुसार स्वीकार्नु हो यस कुराले परमेश्वरलाई प्रसन्न तुल्याउँछ

एउटा ठूलो भीड़ले येशूलाई ठेलमठेला गर्दै पछ्याए अनि त्यहाँ एउटी स्त्री थिई, *“औ बाह्र बर्षदेखि रगत बग्ने बेथा भएकी एउटी स्त्री, जसले धेरै वैद्यहरूका हातबाट कष्ट पाएकी र आफूसँग भएका सारा धन दौलत खर्च गरेर पनि निको नभएर बरू झन् खराब हालतमा परेकी थिई, येशूको विषयमा कुराहरू सुनेर भीड़को पछिल्तिरबाट आएर उहाँको पोशाक छोई किनकि त्यसले भनेकी थिई, ‘मैले उहाँको पोशाक मात्र छोएँ भने पनि म निको हुनेछु’ औ तुरून्तै त्यसको रगत बग्ने बन्द भइहाल्यो, र आफ्नो शरीरमा रोग निको भएको थाह पाइहाली औ आफूबाट शक्ति बाहिर निस्केको झट्टै येशूले थाह पाएर भीड़मा पछिल्तिर फर्केर भन्नुभयो, ‘कसले मेरा लुगा छोयो, हँ ?’ उहाँका चेलाहरूले उहाँलाई भने, ‘भीड़ले घच्चाघच्ची गरेको ता तपाईले देख्नुभएकै छ, औ तपाई भन्नुहुन्छ, कसले मलाई छोयो?’औ जसले यो गरी, त्यसलाई हेर्नलाई उहाँले चारैपट्टि नजर फिराउनुभयो तर जे त्यसलाई आफूमा भएको थियो सो थाह पाएर त्यो आइमाई डरले काम्दै आएर*

घोप्टो परी, र उहाँलाई सारा सत्य कुरा भनिदिई अनि उहाँले त्यसलाई भन्नुभयो, **"ए छोरी तिम्रो विश्वासले तिमीलाई बचाएको छ शान्तिसित जाऊ, तिम्रो रोग निको भइजाओस्"**

फेरि, यस स्त्रीको विश्वास अनुसार येशूले त्यो काम गर्नु भयो जो डाक्टरहरूले गर्न सकेका थिएनन् तपाईले पनि विश्वास गरेर निको हुन सक्नु हुन्छ

**परमेश्वरको वचनमा उल्लेख गरिएका केही आश्चर्य कर्महरू यी हुन्, तर येशूले गर्नुभएका अरू पनि धेरै काम छन्, जुन एक एक गरी लेखिएका भए, म सम्झन्छु, ती लेखिएका पुस्तकहरू संसारैभरि पनि अटाउनेथिएन**

परमेश्वरको दृष्टिकोणमा उद्धारले सम्पूर्ण मानव जाति पापको प्रभावबाट बाँच्ने र छुटकारा पाउने प्रबन्ध राख्दछ र सबै मानिसको निम्ति परमेश्वरले राख्नु भएको शुरूको योजनामा पूर्ण तौरले पुनर्स्थापित हुने कुरा समावेश गर्छ

परमेश्वरलाई सीमित नपार्नु होस् परमेश्वरको लिखित वचन बाइबललाई र परमेश्वरका जिउँदो वचन येशू ख्रीष्टलाई विश्वास गर्नुहोस् परमेश्वरलाई चिनेको कारण पाइने फाइदाको सर्वोत्तम उपभोग गर्नु होस अनि उहाँले तपाईको निम्ति गर्नु भएको सबै कुराको निम्ति उहाँलाई सबै महिमा दिनु होस तपाईबाट अब उसो केही चोर्न शैतानलाई अनुमति नदिनु होस् त्यो एउटा झूटा हो!

अर्को अध्यायले येशूद्वारा परमेश्वरले तपाईको निम्ति प्रबन्ध गर्नु भएका सबै फाइदाहरू कसरी प्राप्त गर्नु पर्ने विषयमा सिकाउँछ परमेश्वरका प्रतिज्ञाहरू कसरी आफ्नो तुल्याउनु र उहाँलाई व्यक्तिगत तौरले चिन्ने कुराको फाइदालाई कसरी अनुभव गर्नु पर्ने कुरा तपाईले पत्तो लाउनु हुनेछ अध्याय ४ लाई बन्द गर्ने यो एउटा असल ठाउँ हो तपाईले हालैमा सिक्नु भएको विषयको निम्ति आउनु होस्, हामी परमेश्वरलाई धन्यवादको प्रार्थना चढ़ाऔं:

*प्रेमी स्वर्गीय पिता,*

*धन्यवाद तपाईलाई किनकि तपाईको पूर्णता येशूमा शारीरिक रूपमा बास गर्दछ उहाँमा म पूर्ण छु मसंग येशू भएको कारण अब मसंग साँचो खुशीयाली छ फेरि मलाई कुनै कुरा वा कसैको खाँचो पर्दैन म येशूमा छु र उहाँ ममा हुनुहुन्छ मसंग येशू छन् औ उहाँसंग म छु अब तपाईमा हामी एक छौं*



*धन्यवाद प्रभु, कारण तपाई मेरो गोठाला हुनुहुन्छ र मलाई केही घटी हुँदैन धन्यवाद किनकि तपाई सधैं मसंग हुनुहुन्छ अनि तपाईले मलाई कहिल्यै छोड़नु हुन्न मलाई अगुवाइ गर्नु भएको निम्ति, रक्षा गर्नु भएको निम्ति र मेरो हरेक खाँचोमा वास्ता गर्नु भएको निम्ति तपाईलाई धन्यवाद मलाई धार्मिकताको मार्गमा डोरयाउनु भएको निम्ति ताकि अब म कहिल्यै डराउनु, फिक्री गर्नु अथवा शंका गर्नु नपर्ने भएकोमा तपाईलाई धन्यवाद छ*

*प्रभु, तपाईलाई धन्यवाद किनकि सृष्टिका कुनै कुराले पनि मलाई तपाईको प्रेमबाट अलग गर्न सक्तैन धन्यवाद कारण अब म तपाईको छाँयामुनि बास गर्छु, कि मतर्फ कुनै हानि आउन सक्दैन औ तपाईले मलाई दीर्घ जीवनले सन्तुष्ट पार्नु हुन्छ*

*धन्यवाद प्रभु, किनकि बिमार, र रोगले अब उसो ममाथि त्यसको शक्ति प्रबल तुल्याउन सक्तैन म त्यसलाई विरोध गर्नेछु जसरी म शैतानको विरोध गर्दछु अनि क्षमा पाउनलाई तपाईको नजीक आएझैं चंगाइको निम्ति पनि सधैं आउँदछु, यो जानेर कि तपाई पनि मेरो नजीक आउनु हुनेछ अनि मलाई तपाईको वचन अनुसार राख्नु हुनेछ धन्यवाद किनकि तपाईको वचन मेरो जीवनमा जीवित र सक्रिय बनेर रहेको छ*

*म अति धन्यवादी छु कि जब म येशूलाई देख्छु म तपाई परमेश्वरलाई नै देख्छु अनि जस्तो काम येशू संसारमा हुँदा उहाँद्वारा तपाईमा विश्वास गर्नेहरूमा सम्पन्न गर्नु भयो येशूद्वारा तपाईले मेरो निम्ति पनि गर्नु हुनेछ भन्ने आशा राख्न सक्छु*

*प्रेमी प्रभु, म मेरो जीवनमा तपाईलाई सीमित तुल्याउने छैन तपाई वास्तवमा जस्तो हुनुहुन्छ त्यस्तै म तपाईलाई जान्न चाहन्छु म तपाईलाई तपाईको वचन अनुसार लिनेछु औ तपाईले भन्नु भएको कुरा विश्वास गर्नेछु - चाहे म जे देखूँ वा सूनूँ, अनुभव गरूँ वा सोचूँ म जान्दछु कि तपाईको वचन सत्य छ अनि तपाईले मलाई कुनै रीतिले कहिल्यै ढाँटनु हुन्न वा छल गर्नु हुन्न मैले यसरी अघाड़ि कहिल्यै प्रेम नगरिएको जस्तो तपाईले मलाई प्रेम गर्नु हुन्छ भनी म जान्दछु र म पनि तपाईलाई प्रेम गर्छु*

*येशूको नाउँमा म यो प्रार्थना गर्छु, आमेन!*

❖

# साँचो खुशीयाली सफलतासंग प्रार्थना गर्नु हो

## अध्याय - ५



*साँचो खुशीयाली सफलतासंग प्रार्थना गर्नु हो! लाखौं मानिसहरूले संसारभरि हरेक दिन प्रार्थना गर्छन् तर ती मध्ये अत्यन्त थोरै प्रतिशत मानिसले कुनै उत्तर पाउलान्*

*साँचो प्रार्थना कुनै धार्मिक अभ्यास वा प्रथा अथवा संस्कार होइन जो कुनै उच्च शक्ति वा देवहरूलाई सन्तुष्ट पार्न सम्पन्न गरिन्छ साँचो प्रार्थना हाम्रा सृष्टिकर्त्तासंग, उहाँका पुत्र येशू ख्रीष्टद्वारा, गरिने प्रत्यक्ष सम्वाद हो*

*तपाई एक सफल ख्रीष्टियन बन्नको निम्ति परमेश्वरको वचन अनुसार प्रार्थना गर्न सिक्नु पर्छ परमेश्वरका सन्तान भएको नातामा हामीले पाएको यो एउटा बहुमूल्य अधिकार हो*

*कुनै समय, कुनै जगह, कुनै पनि परिस्थितिमा हामीले प्रार्थना गरेर स्वर्गीय पिताले सुन्नु हुन्छ भन्ने आशा राख्न सक्छौं अनि उहाँले आफ्ना वचनमा प्रतिज्ञा गर्नु भए अनुसार हाम्रो प्रार्थनाको उत्तर दिनु हुन्छ*



*यस अध्यायले तपाईका स्वर्गीय पितासंग कसरी सम्वाद गर्नु औ तपाईलाई खाँचो परेका सबै थोक उहाँबाट कसरी प्राप्त गर्नु पर्ने कुरा सिकाउँछ*

### ***साँचो खुशीयाली सफलतासंग प्रार्थना गर्नु हो :***

साँचो प्रार्थना हाम्रा सृष्टिकर्त्तासंग उहाँका पुत्र येशू ख्रीष्टद्वारा गरिने सोझो सम्वाद हो अध्याय १ को अन्तमा तपाईले गर्नु भएको प्रार्थनाले तपाईलाई परमेश्वरसंग एउटा व्यक्तिगत सम्बन्धमा पुनर्स्थापित गरयो तपाई उहाँका बालक बन्नु भयो अनि उहाँ तपाईका स्वर्गीय पिता त्यो तपाईले गर्नु भएको सबैभन्दा मुख्य प्रार्थना थियो

तपाई परमेश्वरको बालक भइ सफल बन्नु प्रार्थनाले एउटा महत्वपूर्ण भूमिका खेल्ने छ उहाँलाई तपाईले अझ घनिष्टसंग चिन्नलाई तपाईले स्वर्गीय पितासंग सम्वाद गर्नमा समय बिताउनै पर्छ उहाँसंग तपाईको व्यक्तिगत सम्बन्ध विकसित गर्नलाई सम्वाद गर्नु अत्यन्त मुख्य छ

परमेश्वरले उहाँका सन्तानहरू उहाँसंग सम्वाद गरेको प्रेम गर्नु हुन्छ औ धेरै सांसारिक पिताहरूको विपरीत, उहाँ सुन्नलाई कहिल्यै अति व्यस्त रहनु हुन्न प्रार्थना एउटा बालक उसको बाबुसंग बोलेको जस्तै सरल हुन सक्छ औ यसले कुनै विषयवस्तुलाई लिन सक्छ अनि यसले तपाईको र अरूको निम्ति गर्ने प्रशंसा, धन्यवाद र विन्तीहरू समावेश गर्छ

हरेक अध्यायको अन्तमा दिएको प्रार्थना प्राय: धन्यवाद र प्रशंसाको विषयमा छ परमेश्वर को हुनुहुन्छ र तपाईको साथै सम्पूर्ण मानव जातिको निम्ति उहाँले के गर्नु भयो त्यस विषय तपाईको कृतज्ञता प्रकट गर्नु भएको छ प्रशंसा चाहिँ परमेश्वरले आफ्नो सम्बन्धमा तपाईलाई प्रकट गर्नु भए अनुसार उहाँलाई नै भन्नु हो औ उहाँ जो हुनुहुन्छ त्यसको निम्ति धन्यवाद चढ़ाउनु हो

प्रशंसा र धन्यवाद चाहिँ परमेश्वरको निम्ति तपाईसंग भएका विचारहरू एंव सराहनालाई उहाँतर्फ बोलिने र प्रकट गरिने तरिका हो

परमेश्वरतर्फ तपाईले प्रशंसा र धन्यवादहरू गाउन पनि सक्नु हुन्छ प्रशंसा र धन्यवादले तपाईको सम्पूर्ण व्यक्तित्व - तपाईको आत्मा, मन, भावना र शरीरलाई समावेश गर्न सक्छ तपाईले परमेश्वरतर्फ प्रशंसा कराएर गर्न सक्नु हुन्छ प्रभुको सामु तपाई नाँच्न सक्नु हुन्छ तपाईले वाद्य- यन्त्रसंग उहाँलाई प्रशंसा दिन सक्नु हुन्छ तपाईले आफ्ना हात उचालेर उहाँलाई प्रशंसा गर्न सक्नु हुन्छ अथवा तपाईले चुपचापसंग उहाँलाई प्रशंसा र धन्यवाद चढ़ाउन सक्नु हुन्छ

प्रशंसा र धन्यवाद तपाईको हृदयबाट निस्कन्छ र उहाँको निम्ति तपाईमा भएको प्रेम र कृतज्ञता प्रभुतर्फ उर्ली आउँछ परमेश्वरलाई प्रशंसा गर्ने कुनै निश्चित तरिका छैन अनि यसको निम्ति कुनै निश्चित शब्दहरू पनि छैनन् प्रशंसा र धन्यवाद उहाँका सन्तान सरह विभिन्न छ अनि तपाईले आफ्नो प्रेम र कृतज्ञता उहाँलाई प्रकट गरेको सुन्न उहाँ प्रेम गर्नु हुन्छ

बाइबलले भन्छ, ***तब उहाँद्वारानै हामी निरन्तर स्तुतिको बलिदान परमेश्वरलाई चढ़ाऔं, जो उहाँको नाउँ स्वीकार गर्ने हाम्रो ओठको फल हो***

बाइबलले भन्छ, ***तर तिमीहरू ता चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ, र अन्धकारबाट उहाँको गजबको ज्योतिमा तिमीहरूलाई बोलाउनेको सर्वश्रेष्ठता तिमीहरू देखाओ***

बाइबलले यो पनि भन्छ, ***सबै कुरामा धन्यवाद गर, किनकि प्रभु येशूमा तिमीहरूतर्फ परमेश्वरको इच्छा यही छ***

परमेश्वरलाई प्रशंसा गर्न र धन्यवाद दिनलाई तपाईसंग धेरै कुरा छ प्रशंसा र धन्यवाद दिने किसिमको आचरण बनाउनु होस् कृतज्ञताको मनोवृत्ति राख्नु होस् तपाईले परमेश्वरलाई केवल उहाँले पाउने योग्यको महिमा दिनु हुन्न तर तपाईले आफ्नो मन र आत्मामा आनन्द र खुशीयालीको बाढ़ आएको थाह पाउनु हुन्छ जसै उहाँलाई तपाईले प्रशंसा र धन्यवाद चढ़ाउनु हुन्छ परमेश्वरले तपाईको जीवनमा विशेष कुराहरू गर्नु हुन्छ

साँचो प्रार्थना परमेश्वरबाट प्राप्त गर्ने माध्यम पनि हो हामीले यस्ता



धेरै आशीषहरू बारे चर्चा गरिसकेका छौं जो उहाँले आफ्ना सन्तानहरूका निम्ति प्रतिज्ञा गर्नु भएको छ तथापि, पापबाट क्षमा पाएको जस्तै उहाँका सबै आशीषहरू विश्वासको प्रार्थनाद्वारा हासिल वा प्राप्त गरिन्छ

उदाहरणको निम्ति, येशू ख्रीष्ट हरेक मानिसको पापको दाम तिर्न मर्नु भयो, तर हरेक मानिस बाँचेका छैनन् किन ? किनकि तिनीहरूले प्रभुको नाउँलाई विश्वासद्वारा पुकार्दैनन् - तिनीहरूलाई बचाउन् भनेर परमेश्वरलाई माँग्दैनन् यद्यपि परमेश्वरले अघिबाटै दाम तिर्नु भएको अनन्त जीवन एउटा सित्तैको वरदान हो, तथापि हरेकले यसलाई विश्वासद्वारा ग्रहण गर्नु पर्छ, तर सबैले त्यसो गर्दैनन्

त्यस्तै प्रकारले, येशूले उहाँको शरीरमा सबै मानिस जातिको बिमारी, रोग र व्यथा बोक्नु भए तापनि धेरै जना निको भएका छैनन् कारण तिनीहरूले छुटकारा पाउन निको पार्ने येशूलाई विश्वासमा पुकार्दैनन्

कसरी परमेश्वर, हाम्रा स्वर्गीय पिताले, हामीलाई आशीष दिन, क्षमा दिन, निको पार्न, प्रबन्ध मिलाउन, हाम्रा खाँचोहरू पूरा गर्न र हाम्रो जीवनलाई डोऱ्याउन र दिशा निर्देश गर्न चाहनु हुन्छ भन्ने अघाड़ि नै चर्चा गरिसकेका छौं तर यो आफै-आफ हुँदैन यहाँ नै प्रार्थनाद्वारा माँग्न पर्ने कुरा दृष्यमा आउँछ परमेश्वरले प्रतिज्ञा गर्नु भएका आशीषहरू हामी विश्वासमा गरेको प्रार्थनाद्वारा प्राप्त गर्छौं

बाइबलले भन्छ, ***"औ उहाँमा भएको हाम्रा हिम्मत यही हो, कि उहाँको इच्छाबमोजिम हामीले उहाँसंग जे कुरा मागे पनि उहाँले हाम्रो बिन्ती सुन्नुहुन्छ औ हामीले जे सुकै कुरा मागे पनि उहाँले सुन्नुहुन्छ भन्ने हामीलाई थाह भएपछि, उहाँसंग मागेका कुरा हामीले पाएका छौं भन्ने हामीलाई थाह हुन्छ"*** परमेश्वरको इच्छा अनुसार माँग्नु भनेको उहाँको वचन अनुसार सरल तौरमा माँग्नु हो अथवा अझ ठीकसित भन्दा उहाँका प्रतिज्ञाहरू अनुसार माँग्नु हो

जब हामी परमेश्वरको इच्छाअनुसार माँग्छौ जो परमेश्वरको वचन हो, तब हामी निश्चित बन्न सक्छौं कि परमेश्वरले उहाँको वचनअनुसार उत्तर दिनु हुन्छ यसैकारण हामी जान्दछौं कि हाम्रा प्रार्थनाको उत्तर

मिल्नेछ औ जुन विषय हामीले माँग्यौ त्यो हामीले पाउने छौं परमेश्वरले उहाँका सन्तानहरूको प्रार्थनाको उत्तर दिन प्रेम गर्नु हुन्छ

येशूले भन्नु भयो, ***"माग, तिमीहरूलाई दिइनेछ, खोज, तिमीहरूले भेट्टाउनेछौ, घचघच्याऊ, तिमीहरूका निम्ति उघारिनेछ किनकि जसले माग्दछ, त्यसले पाउँछ, जसले खोज्दछ, त्यसले भेट्टाउँछ जसले घचघच्याउँछ, त्यसको निम्ति उघारिनेछ तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई साँप देला यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोरा - छोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ता गरेर असल चीज दिनुहुनेछ"***

तपाईले स्वर्गीय पितालाई उहाँको बालक जस्तो साहस लिएर नजीक आउन सक्नु हुन्छ र आउनु पनि पर्छ उहाँले तपाईलाई प्रेम गर्नु हुन्छ अनि तपाईको केवल भलाइ चाहनु हुन्छ याद गर्नु होस्, उहाँले आफ्ना पुत्र येशू तपाईको सट्टा मर्नलाई पठाउनु भयो ताकि तपाईसंग उहाँले यो सम्बन्ध राख्नलाई यो पनि जान्न अति मुख्य छ कि तपाईलाई चाहिने सबै थोक परमेश्वरसंग छन् - सबै थोकको असीमित स्रोत प्रभुको निम्ति कुनै कुरा कठिन छैन उहाँलाई भरोसा गर्नुहोस् र प्रार्थनामा उहाँको नजीक आउनु होस्

वर्षौ अघि, एकपल्ट येशूख्रीष्टका अनुयायीहरूले उनीहरूलाई प्रार्थना कसरी गर्नु सिकाइ दिनु होस् भनेर बिन्ती गरे उहाँले उत्तर दिनु भयो *तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर*

***"हे हाम्रा स्वर्गमा बस्ने पिता, तपाईको नाउँ पवित्र गरिओस् तपाईको राज्य आओस् तपाईको इच्छा स्वर्गमाझैं यस पृथ्वीमा पूरा होस्***

***हाम्रो दिनभरिको भोजन आज हामीलाई दिनुहोस्***

***औ हाम्रा अपराध क्षमा गर्नुहोस् , जसरी हामीले पनि आफ्नाअपराधीहरूलाई क्षमा गरेका छौं***



***हामीलाई परीक्षामा नल्याउनुहोस् , तर दुष्टबाट छुटाउनुहोस्***

***किनभने राज्य, पराक्रम र महिमा सदा सर्वदा तपाईकै हुन् , आमिन "***

येशूबाट हामी यो सिक्छौं कि हामीले उहाँसंग माँग्न अघिनै परमेश्वरले हाम्रा खाँचोहरू जान्दछन् औ हामी उहाँलाई स्वर्गमा रहनु हुने हाम्रा पिता भनेर सम्बोधन गर्छौ हामीले परमेश्वरको नाउँलाई पवित्र तुल्याउनु, आदरनीय मान्नु र इज्जत गर्नु पर्छ यद्यपि परमेश्वर हाम्रा पिता र मित्र हुनुहुन्छ र हामीलाई गहिरोसंग प्रेम गर्नु हुन्छ तथापि हामीले उहाँलाई उहाँले पाउने योग्यको इज्जत, सम्मान र आदर दिनु पर्छ

येशूले हामीलाई उहाँको राज्य र उहाँको इच्छा स्वर्गमा भएझैं पृथ्वीमा पनि आउन र हुनको निम्ति प्रार्थना गर्न सिकाउनु भएको छ उहाँको राज्य चाहिँ हाम्रा जीवनहरूमाथि उहाँको अधिकार, उहाँको राज्य र उहाँको प्रभुत्व हो अर्को शब्दमा, हामी प्रार्थना गर्छौं कि पृथ्वीको हाम्रा जीवनहरूमाथि स्वर्गीय पिताको अधिकार र राज्य विद्यमान रहोस जस्तो स्वर्गमा रहेको छ हामी प्रार्थना गर्छौं कि स्वर्गमा हाम्रो निम्ति जे - जस्तो कुरा भइरहेको छ त्यो यस पृथ्वीमा अहिले हाम्रो हुन सकोस्

यो एउटा उदेकको सत्यता छ जसले हामीलाई परमेश्वरको इच्छा, उहाँको असल, मनपर्दो र सिद्ध इच्छा अनुसार प्रार्थना कसरी गर्नु भन्ने कुरा सिकाउँछ हामी केवल परमेश्वरले यस पृथ्वीका हरेक स्थितिमा उहाँले अहिले स्वर्गमा गर्नु भएझैं अधिकार र राज्य गरून् भनेर प्रार्थना गर्दैनौं तर हामी उहाँको इच्छा पनि यस पृथ्वीमा पूरा होस् भनेर प्रार्थना गर्छौं जसरी अहिले घड़ी स्वर्गमा पूरा भइरहेको छ

उदाहरणको निम्ति, यदि आज तपाई उदास वा हतोत्साही हुनुहुन्छ भने तपाईले स्वर्गीय पितासंग आनन्द र उत्साहको निम्ति प्रार्थना गर्न जानेको हुनु पर्‍यो अनि यो तपाईको निम्ति उहाँको इच्छा हो भन्ने जान्नु पर्‍यो कारण स्वर्गमा तपाईको निम्ति यस्तै कुरा रहेको छ उदासिनता र हतोत्साहको अस्तित्व स्वर्गमा छैन

साथै, यदि तपाई बिमार वा कष्टमा रहेको भए तपाईले जान्नु हुन्थ्यो कि तपाई कुशल र कष्टबाट यहाँ र अहिलेनै मुक्त रहनु

परमेश्वरको इच्छा हो किनकि बिमार र कष्टबाट परमेश्वरले निको पारून् भनेर साहससित प्रार्थना गर्न सक्नु हुन्छ

हाम्रो दैनिक खाँचोहरू पूरा हुने आशा राख्ने कुरा र यसरी प्रार्थना गर्न पर्ने कुरा येशूले हामीलाई सिकाउनु हुन्छ, यो विश्वास गरेर कि परमेश्वरले उहाँको महिमाको सम्पत्तिबाट येशू ख्रीष्टद्वारा हाम्रा खाँचोहरू पूरा गर्नु हुन्छ। हामीलाई जस्तै कुराको प्रयोजन किन नहोस्, हामीले प्रार्थना गरेर परमेश्वरले ती कुरा हरेक दिन पूरा गर्नु हुन्छ भन्ने आशा राख्न सक्छौं। याद राख्नु होस्, ***"परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केहीको खाँचो हुँदैन"***

येशूले हामीलाई सिकाउनु भएको छ कि जब हामी पाप गर्छौं, हामीले क्षमा पाउन प्रार्थना गर्नु पर्छ, यो जानेर कि परमेश्वर *हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नालाई उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ* यद्यपि हामीले छुटकारा पाएका छौं औ अब परमेश्वरका सन्तान भए पनि, कोही बेला हामी पाप गरि हाल्छौं हामीलाई यो पनि सिकाइएको छ कि जब अरू मानिसले हाम्रो विरूद्ध पाप गर्छन् तब हामीले उनीहरूको निम्ति प्रार्थना गर्नु पर्छ र क्षमा दिनु पर्छ हामी यसो गर्छौं कारण परमेश्वरले पनि उहाँको विरूद्ध हामीले गरेको पापको निम्ति हामीलाई क्षमा दिनु भएको छ

दुष्टबाट बाँच्न र परीक्षामा नपर्नलाई पनि हामीले प्रार्थना गर्नु पर्ने कुरा येशूले सिकाउनु हुन्छ हामी सबैलाई पाप गर्ने परीक्षा आउँछ शैतान परीक्षा ल्याउने व्यक्ति हो र धेरै पल्ट हाम्रो आफ्नै हृदयको इच्छाहरूले हामीलाई परीक्षित तुल्याउँछ तर परीक्षा चाहिँ पाप होइन जब हामी परीक्षित हुन्छौं तब हामीले पापलाई विरोध गर्नु पर्छ अनि हामीले दुष्टबाट छुटकारा पाउन प्रार्थना गर्नु पर्छ

**येशूले उहाँका चेलाहरूलाई बताउनु भयो, *जागा रह, र प्रार्थना गर, र परीक्षामा नपर आत्मा ता साँच्चै तयार छ, तर शरीर दुर्बल छ***

**येशू सम्बन्धी यो पनि लेखिएको छ, *किनकि हाम्रा प्रधान पुजाहारी हाम्रा निर्बलतामा हामीसंग दुःखी हुन नसक्ने होइन तर***



***सबै कुरामा हामीजस्तै परीक्षित, रपनि पापरहित हुनुहुन्छ यसकारण अनुग्रहको परमेश्वरको नजीक हामी निर्भयसंग आऔं, र कृपा पाऔं, औ दरकारको समयमा हाम्रो उपकारको निम्ति उहाँद्वारा अनुग्रह पाउनसक्छौं*** यसकारण, जुन बेला पापमा हामी परीक्षित भएका हुन्छौं हामी येशू ख्रीष्टसंग जो परीक्षा माथि र परीक्षा ल्याउने माथि हाम्रा विजय हुनुहुन्छ, आफैलाई समानतामा ल्याउँछौ अनि हामी अनुग्रहको सिंहासनको नजीक साहससित आउँछौं यो जानेर कि हाम्रा स्वर्गीय पिता हामीलाई हाम्रा दरकारका समयहरूमा अनुग्रह प्रदान गर्न पर्खी रहनु हुन्छ

येशूले प्रार्थना विषय उहाँको शिक्षालाई यो सत्यतालाई बोध गराएर समाप्त गर्नु हुन्छ कि हामीले हाम्रा स्वर्गीय पिताको राज्य, शक्ति र पराक्रममा सदा - सर्वदा भरोसा राखेका छौं हाम्रो प्रार्थनाको प्रतिउत्तर दिनु परमेश्वरको अधिकार, राज्य, शक्ति र पराक्रम सदा - सर्वदा उपलब्ध छ हामीले विश्वासमा प्रार्थना गर्दा र परमेश्वरले आफ्ना सन्तानहरूलाई गर्ने प्रतिज्ञामा विश्वास गर्दा परमेश्वरले पृथ्वीमा हाम्रो सबै खाँचोहरू उपलब्ध गर्ने स्वर्गका साधनहरू राखेका छन्

येशूले भन्नु भयो, ***यसकारण म तिमीहरूलाई भन्दछु, सबै कुरा जेको निम्ति तिमीहरू प्रार्थना गर्दछौ, र माग्दछौ, सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरूले पाउनेछौ*** यो बुझ्नु र अभ्यास गर्नु अति मुख्य छ तपाईले प्रार्थना गर्नु हुँदा तपाईले माँगेकै बेला पाएको छु भनेर विश्वास गर्नु होस् तपाईले माँगेको कुरा देख्नलाई पर्खी नरहनु होस् तर त्यसको सट्टा तपाईको उत्तर विश्वासद्वारा ग्रहण गर्नु होस् यो जानेर कि परमेश्वरले उत्तर दिनु भएको छ र त्यसपछि तपाईले देख्नु हुनेछ

देख्नु चाहिँ विश्वास गर्नु होइन तर वास्तवमा विश्वास गर्नु चाहिँ देख्नु हो येशूले एकपल्ट थोमा नामक एउटा चेलालाई बताउनु भयो, ***"किनकि तिमीले मलाई देख्यौ, यसैकारण विश्वास गरयौ, तर नदेखेर विश्वास गर्नेहरू धन्य हुन्"*** **याद गर्नु होस्, *अब विश्वास चाहिँ आशा राखेका कुराको निश्चयता, र नदेखेका कुराको प्रमाण हो* हाम्रा स्वर्गीय पिताको वचनमा साहस भएको**

***कारण हामीले विश्वास गर्नलाई केही कुरा देख्नु पर्दैन यस्तो विश्वासले परमेश्वरलाई खुशी तुल्याउँछ औ बिना विश्वास उहाँलाई रिझाउन असम्भव छ***

याद गर्नु होस् , परमेश्वरसंग हाम्रो सम्बन्ध उहाँको वचनको अखण्डता र सत्यतामा आधारित छ परमेश्वरले उहाँको वचन बाइबलबाट केही भन्नु हुन्छ वा केही कुरा प्रकट गर्नु हुन्छ अनि हामी त्यसलाई विश्वास गर्छौ साथै त्यस अनुसार काम गर्छौं - चाहे हाम्रो परिस्थिति जस्तै होस अथवा हामी जे अनुभव गरौं, देखौं वा विचारौं हामी परमेश्वरलाई उहाँको वचन अनुसार लिन्छौं - उहाँले प्रतिज्ञा गर्नु भएको कुरा पूरा हुने आशा राख्दै, विशेष गरी जब हामी प्रार्थना गर्छौं

प्रार्थना विषय येशूबाट पाएका अझ धेरै वचनहरू निम्नलिखित हुन् : ***"म तिमीहरूलाई साँच्चै भन्दछु , जे तिमीहरूले पृथ्वीमा बाधौला, त्यो स्वर्गमा बाँधिएको हुनेछ औ जे तिमीहरूले पृथ्वीमा फुकाउँछौ त्यो स्वर्गमा फुकाएको हुनेछ फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुइ जनाले एक मत गरी केही कुराको विषयमा केही माग्यौ भने, त्यो मेरा स्वर्गको पिताको तर्फबाट तिमीहरूका निम्ति भइहाल्नेछ किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन् , त्यहाँ म तिनीहरूका बीचमा हुन्छु" "साँचो साँचो म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, औ तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म पिताकहाँ जान्छु औ जेसुकै तिमीहरू मेरो नाउँमा मागौला, त्यो पुत्रमा पिताको महिमा होस् भनेर म गर्नेछु तिमीहरूले मेरो नाउँमा केही माग्यौ भने, त्यो म गर्नेछु"***

***"तिमीहरू ममा रह्यौ, र मेरा कुरा तिमीहरूमा रहे भने, जो तिमीहरूलाई इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति हुनेछ"***

***"मलाई तिमीहरूले रोजेनौ, तर मैले तिमीहरूलाई रोजे, र तिमीहरू गएर फल फलाओ, औ तिमीहरूको फल फलिरहोस् भनी तिमीहरूलाई नियुक्त गरें, जे तिमीहरूले मेरो नाउँमा***



***पितासंग मागौला, उहाँले तिमीहरूलाई दिनुहुनेछ" त्यो दिन तिमीहरू मलाई केही सोध्नेछैनौ साँचो साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरू पितासंग जे मागौला, उहाँले मेरो नाउँमा तिमीहरूलाई दिनुहुनेछ अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ माग त तिमीहरूले पाउनेछौ, र तिमीहरूको आनन्द पूर्ण हुनेछ***

येशूको कारण हामीले स्वर्गीय पितासंग एउटा सम्बन्ध प्राप्त गरेका छौं औ येशू कै कारण परमेश्वरले हाम्रा प्रार्थनाहरूको उत्तर दिनु हुन्छ हाम्रो निम्ति येशू ख्रीष्टनै सर्वस्व हुनुहुन्छ उहाँ बाहेक हामीहरू केही होइनौ यसैकारण हामी स्वर्गीय पिताकहाँ प्रार्थनामा येशू ख्रीष्टको नाउँद्वारा नजीक हुन आउँछौं जब हामी येशूको नाउँद्वारा केही माँग्छौ येशूले हाम्रो निम्ति पितासंग माँगे जस्तो हो

येशूका उपर्युक्त वचनहरूमा तपाईले देख्नु भए अनुसार हामी येशूको नाउँमा हाम्रा स्वर्गीय पिताको नजीक पूरा साहससंग आउन सक्छौं अनि परमेश्वरले हाम्रा प्रार्थनाहरूको उत्तर दिनु हुन्छ जब तपाईले येशूको नाउँमा माँग्नु हुन्छ तब तपाईले माँग्नु भएअनुसार र त्यसभन्दा बढ़ता प्राप्त गर्ने आशा राख्नु होस याद राख्नु होस् तपाईले कसलाई सहायताको निम्ति पुकार्नु हुँदैछ - सारा विश्वका सृष्टिकर्त्ता जसले शून्यताबाट तपाईले देख्नु हुने सर्वस्व सृजनु भयो उहाँ बोल्नु भयो र ती हुन आए यस्तो लेखिएको छ, ***"अब उहाँलाई, हामीमा कार्य गर्ने शक्तिअनुसार, हामीले मागेको र सम्झेको भन्दा ज्यादै प्रशस्तगरी दिनसक्नुहुने"***

तपाई अब उप्रान्त कुनै कुराको निम्ति फिक्री गर्नु वा चिन्तित हुनु पर्दैन यस्तो लेखिएको छ, ***"केही कुरामा चिन्तित नहोओ, तर सबै कुरामा धन्यवादसाथ प्रार्थना र अन्तरबिन्तीमा तिमीहरूका माग परमेश्वरमा जाहेर होस् औ परमेश्वरको शान्तिले, जो सारा समझलाई माथ गर्छ, तिमीहरूका हृदय र तिमीहरूका विचारलाई येशूमा रक्षा गर्नेछ"*** जुन समय तपाईले परमेश्वरको शान्तिलाई गुमाउनु हुन्छ, प्रार्थना गर्नु होस् र तपाईको सबै फिक्री प्रभुमा राखिदिनुहोस् , तपाईले आफ्ना बिन्ती चढ़ाउनु हुँदा उहाँलाई धन्यवाद चढ़ाउनु होस र

उहाँको शान्ति तपाईको हुनेछ

तपाईको ख्रीष्टिय जीवनमा यस्तो समय पनि हुनेछ जब के गर्नु पर्ने हो भन्ने तपाई जान्नु हुँदैन अनि परमेश्वरबाट तपाईलाई बुद्धिको खाँचो पर्छ यस्तो लेखिएको छ, ***"तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको घटी छ भने, उदारचित्तसँग नझर्कीकन दिनुहुने परमेश्वरसित त्यसले मागोस्, र त्यसलाई सो दिइनेछ तर त्यसले केही पनि सन्देह नगरी विश्वाससाथ मागोस् सन्देह गर्नेचाहिँ बतासले हुत्तिएर उचाल्दै पछार्दै गरेका समुद्रका लहरीसमान हुनेछ किनकि त्यस मानिसले यस्तो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ। दोहोरो मन भएको मानिस उसको सबै चाल-चलनमा चञ्चल हुन्छ"*** तपाईले सधैं परमेश्वरसंग बुद्धि माँग्न सक्नु हुन्छ तर तपाईलाई चाहिएको बुद्धि परमेश्वरले उत्तरस्वरूप दिनु हुन्छ भनेर उहाँमा आशा पनि राख्नु पर्छ

प्रार्थना चाहिँ परमेश्वरतर्फ तपाईको जीवन रेखा हो बाइबलले भन्छ, ***धन्यवादसाथ त्यसमा सतर्क रहेर दृढ़सँग प्रार्थनामा निरन्तर लागिरहो, "किनकि प्रभुको नजर धर्मात्माहरूमाथि रहन्छ, र उहाँका कान तिनीहरूका अन्तरबिन्तीतिर खुला हुन्छ, तर परमप्रभुको मुख खराबी गर्नेहरूका विरूद्धमा हुन्छ"*** दिनहूँ प्रार्थना गर्ने अभ्यास गर्नु होस, दिनमा धेरै पल्ट पनि हरेक दिन प्रभुसंग समय बिताउनलाई एउटा शान्त ठाउँ खोज्नु होस्

निम्नलिखित परमेश्वरको वचनले येशूले प्रार्थनामा बिताउनु भएको समयलाई बताउँछ ***"औ भीड़हरूलाई बिदा गरिसकेपछि उहाँ डाँड़ामा अलग्गै प्रार्थना गर्नालाई उक्लनुभयो अब साँझ पर्दा उहाँ एकलै त्यहाँ हुनुहुन्थ्यो" अब उज्यालो हुनभन्दा धेरै अघि बिहानै उठेर उहाँ बाहिर एकलासको ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो***

***"ती दिनमा उहाँ डाँड़ामा प्रार्थना गर्नालाई निस्कनुभयो, र परमेश्वरको प्रार्थनामा रातभर बिताउनुभयो"*** तर ***"उहाँ एकलास ठाउँहरूमा गएर प्रार्थना गर्नुभयो"***



परमेश्वरसंग एकान्तमा रहने कुरामा येशूले प्राथमिकता दिनु भयो अनि हामी हरेकले उहाँसंग सम्बन्ध कायम राख्नलाई यस्तै गर्नु पर्छ

*प्रेमी स्वर्गीय पिता,*

*तपाई जो हुनुहुन्छ त्यसको निम्ति म तपाईको प्रशंसा र धन्यवाद गर्छु तपाई अति नै उदेकको र आदरको योग्य हुनुहुन्छ तपाईको भलाइ र महिमामा म अचम्भित छु मलाई येशू ख्रीष्टको नाउँमा तपाईको नजीक आउने अनुमति दिनु भएकोमा म तपाईप्रति अति कृतज्ञ छु तपाईले मलाई तपाईको बालकको नातामा आफ्नो प्रेम प्रकट गर्नु भएको निम्ति म तपाईलाई प्रशंसा दिन्छु*

*मलाई साहससंग तपाईको अनुग्रहको सिंहासन नजीक आउनलाई तपाईको वचनमा निमंत्रण दिनु भएको निम्ति धन्यवाद - ताकि मेरो दरकारको समयमा म कृपा पाउन सक्छु मेरा प्रार्थनाहरू सुन्न र उत्तर दिन अति इच्छुक भएकोमा प्रभु, म तपाईलाई धन्यवाद दिन्छु येशूको नाउँमा तपाईको नजीक साहससंग आउने योग्यता प्राप्त गरेकोमा तपाईलाई धन्यवाद छ*

*म तपाईलाई धन्यवाद चढ़ाउँछु, प्रभु, किनकि तपाईले आफ्ना सन्तानलाई असल वरदान दिन रूचाउनु हुन्छ औ मैले माँग्न अघि मलाई के चाहिन्छ त्यो तपाई जान्नु हुन्छ धन्यवाद कारण तपाईले आफ्नो वचनमा तपाईको इच्छा मलाई प्रकट गर्नु भएको छ ताकि म सधैं तपाईको इच्छाअनुसार प्रार्थना गर्न सक्छु, यसरी तपाईले उत्तर दिनु हुन्छ भन्ने म सधैं आशा राख्न सक्छु*

*म यति धन्यवादी छु कि स्वर्गमा भएझैं यस पृथ्वीमा पनि मेरो निम्ति तपाईको इच्छा रहेको छ म यसै घड़ी माँग्छु, हे स्वर्गीय पिता, तपाईको राज्य मेरो जीवनमा आएको होस् र आजदेखि अधिकार गरी राज्य गर्नुहोस् म तपाईलाई धन्यवाद चढ़ाउँछु मेरो पाप क्षमा गर्नु भएको निम्ति अनि मेरो विरूद्धमा पाप गर्नेहरूलाई पनि क्षमा दिन म रोज्छु*

*म बिन्ती गर्छु येशू ख्रीष्टद्वारा महिमामा रहेको तपाईको धनअनुसार आज मेरा सबै खाँचोहरू पूरा गरिदिनु होस् म तपाईको वचनअनुसार*

ईश्वरीय स्वास्थ्यमा र उन्नतिमा जिउनलाई बिन्ती गर्छु, जसै मेरो आत्माको उन्नति भइरहेको छ म धन्यवाद चढ़ाउँछु किनकि तपाईले मेरो निम्ति प्रशस्तसंग सबै कुरा प्रबन्ध गर्नु भएको छ औ तपाई मेरो निम्ति पर्याप्त भन्दा पनि बढ़ता हुनुहुन्छ र मैले कुनै कुराको फिक्री गर्नु पर्दैन

धन्यवाद तपाईको शान्तिको लागि जसले सबै समझलाई माथ गर्दछ औ जसले ख्रीष्ट येशूमा मेरो हृदय र मनको रक्षा आज गर्दछ म धन्यवाद दिन्छु किनकि पाप, बिमार र घटीको ममाथि शक्ति छैन अनि येशू ख्रीष्टद्वारा आज म विजेताभन्दा महान बनेको छु, मेरो प्रभु, मुक्तिदाता र निको पार्नेद्वारा

तपाईको महिमा र आदरको निम्ति एउटा विश्वास र प्रेमको जीवन जिउन मलाई आज चाहिएको सबै बुद्धि दिनु होस भनेर बिन्ती गर्छु धन्यवाद तपाईलाई पवित्र आत्माको निम्ति जसले आज मलाई सबै सत्यतामा डोरयाउनु हुन्छ तपाईलाई मनपर्दो तरिकाले कसरी जिउनु सो मलाई सिकाउनु होस् ताकि म सधैं तपाईको इच्छा पूरा गर्न सकूँ मेरा प्रार्थनाहरू सुन्नु भएको निम्ति धन्यवाद

येशूको नाउँमा म प्रार्थना माँग्छु,

आमेन !

❖

# साँचो खुशीयाली – पवित्र आत्मामा जीवन हो

## अध्याय ६



साँचो खुशीयाली पवित्र आत्मामा जीवन हो! तपाईले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता र प्रभु भनी ग्रहण गरेको बेला नै पवित्र आत्माले तपाईको जीवनलाई भव्य तौरले प्रभाव पारेको छ!

परमेश्वरको आत्माद्वारा तपाई प्रज्ज्वलित बन्नु भयो औ त्यसपछि पवित्र आत्माद्वारा तपाईले नयाँ जीवन पाउनु भयो अब उहाँ तपाईमा जिउनु हुन्छ अनि उहाँले तपाईको जीवनको हरेक पक्षलाई अगुवाइ गर्न र निर्देशन दिन चाहनु हुन्छ

पवित्र आत्मा अब तपाईमा रहनु भएको कारण तपाई आफ्नो जीवनको स्वाभाविक अन्तर्ज्ञान र समझदेखि धेरै उचाइमा उड़न सक्नु हुन्छ। तपाई ख्रीष्टमा जीवित र सजीव तुल्याइनु भएको छ र तपाईका सम्भावनाहरू अन्तहीन छन्

अब पवित्र आत्माले तपाईको जीवनका हरेक क्षेत्रमा तपाईले कहिल्यै कल्पना नगर्नु भएको प्रकारले तपाईलाई डोरयाउन र अगुवाइ गर्न

*सक्नु हुन्छ तपाई उहाँका सन्तान हुनुहुन्छ भनेर परमेश्वरको आत्माले तपाईको आत्मालाई गवाही दिएको छ अनि जसै तपाई उहाँसंग सहभागी बन्दै उहाँको अगुवाइलाई पछ्याउनु हुन्छ तपाईले गर्नु हुने हरेक कुरामा तपाई उहाँको आत्माद्वारा डोरिएको हुन सक्नु हुन्छ*

## साँचो खुशीयाली पवित्र आत्मामा जीवन हो........

येशू ख्रीष्टले अब चाँडै उहाँले सबै मानिसजातिको निम्ति आफ्नो प्राण अर्पण गर्न लाग्नु भएको छ र स्वर्गमा भएका उहाँका पिताकहाँ फर्कन लाग्नु भएको छ भन्ने जानेर, उहाँसंग रहनेहरू र उहाँमा विश्वास गर्नेहरूलाई यसो भन्नु भयो : ***"औ म पितासँग बिन्ती गर्नेछु , र उहाँले तिमीहरूलाई अर्को शान्तिदाता दिनुहुनेछ, र उहाँ तिमीहरूसंग सधैंभरि हुनुहुनेछ अर्थात् , सत्यका आत्मा जसलाई संसारले ग्रहण गर्नसक्तैन, किनभने त्यसले उहाँलाई नता देख्छ न चिन्छ, तिमीहरू ता उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूमा हुनुहुनेछ म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ, म तिमीहरूकहाँ आउँछु " "यी कुरा मैले तिमीहरूसँग रहँदै तिमीहरूलाई भनेको छु, तर शान्तिदाता, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँलेनै तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका कुरा जति सम्झना गराउनुहुनेछ। शान्ति म तिमीहरूका निम्ति छोड्दछु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु, संसारले दिने जस्तो ता मैले तिमीहरूलाई दिने होइन। तिमीहरूको हृदय नता विचलित होस् , न भयभीत होस्" "जब शान्तिदाता, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, जसलाई म पिताका तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, र जो पिताबाट निस्की आउनुहुनेछ उहाँलेनै मेरो विषयमा गवाही दिनुहुनेछ, औ तिमीहरू पनि गवाही दिन्छौ, किनभने तिमीहरू मसित शुरूदेखिनै छौ " "तिमीहरूलाई बाधा नहोस् भनेरनै मैले यी कुरा भनेको हुँ"*** *तापनि म तिमीहरूलाई साँचो भन्दछु, म जानुनै* ***तिमीहरूको निम्ति फाइदा छ किनभने म गइनँ भने, शान्तिदाता***



***तिमीहरूकहाँ आउनुहुनेछैन तर गएँ भने, म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु*** *तैपनि जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले सबै सत्यमा तिमीहरूलाई बाटो देखाउनुहुनेछ किनभने उहाँ आफ्ना तर्फबाट बोल्नुहुनेछैन, तर जे जे उहाँले सुन्नुहुन्छ, ती बोल्नुहुनेछ, औ तिमीहरूलाई अब हुने कुराहरू घोषणा गर्नुहुनेछ* ***"उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने मबाटनै लिएर तिमीहरूलाई यो घोषणा गर्नुहुनेछ जे जे पिताका छन् , ती सबै मेरा हुन् यसैकारण मैले भनें, कि उहाँले मबाट लिएर तिमीहरूलाई घोषणा गर्नुहुनेछ"*** तीनवर्षभन्दा बढ्ता दैनिक प्रकारले येशू ख्रीष्ट उहाँका सांसारिक शरीरमा आफ्ना चेलाहरूसंग रहनु भयो तिनीहरूले उहाँबाट सोझै सिके अनि उहाँले तिनीहरूका सबै खाँचोहरू पूरा गरिदिनु भयो यसकारण, जसै उहाँ स्वर्गमा आफ्ना पिताकहाँ फर्कन्छन् त्यसपछि उहाँ रहे जस्तै परमेश्वर तिनीहरूसित रहनेछन् भनेर उहाँले तिनीहरूलाई सान्त्वना दिन, उत्साह दिन र निश्चित तुल्याउन चाहनु हुन्थ्यो

परमेश्वरको वचन बाइबलले हामीलाई एउटा सत्य परमेश्वर छ भन्ने सिकाउँछ जो पिता, पुत्र र पवित्र आत्माको तीन व्यक्तिहरूमा प्रकट हुनु भएको छ ईश्वरत्वको हरेक व्यक्तिलाई हामीले मान्यता दिनु मुख्य छ अनि वचनले सिकाए अनुसार हरेकसंग एउटा असल सम्बन्ध विकसित गर्नु पनि

पवित्र आत्मासंग तपाईको पहिलो सामना त्यसबेला भयो जब उहाँले तपाईलाई सृष्टिकर्तासंग सम्बन्ध हुने खाँचो बारे देखाउन शुरू गर्नु भयो उहाँले तपाईका आँखालाई आत्मिक कुराहरूतर्फ खोलिदिनु भयो, तपाई आफ्ना पापहरूमा मरिरहेको बेला तपाईलाई जीवित तुल्याएर उहाँले तपाईलाई येशू ख्रीष्ट मुक्तिदाता जस्तो परमेश्वरतर्फ फर्कनलाई एकमात्र बाटो हुन् भनेर प्रकट गर्नु भयो

तपाईले येशूलाई आफ्नो प्रभु र मुक्तिदाता भनी ग्रहण गर्न प्रार्थना गर्नु भएको बेला तपाई नयाँ गरी जन्मनु भयो अथवा आत्माबाट जन्मनु भयो तपाईले परमेश्वरबाट एउटा ईश्वरीय वा आत्मिक स्वभाव अधिकारमा प्राप्त गर्नु भयो र उहाँसंग सम्बन्धमा बढ्न लाग्नु भयो अब

तपाई आत्मिक सत्यतातर्फ सजग हुनुहुन्छ अनि जीवनको एउटा सम्पूर्ण नयाँ क्षेत्रमा

यो नदेखिने नयाँ राज्य आत्मिक र स्वर्गीय हो, स्वाभाविक र सांसारिक होइन अनि यो पवित्र आत्माले परमेश्वरका आत्माबाट जन्मनेहरूलाई मात्र प्रकट गर्नु हुन्छ एकपल्ट, एउटा अत्यन्तै धार्मिक मानिससंग बात गर्नु हुँदा, येशूले भन्नु भयो, ***'साँचो साँचो म तिमीहरूलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्नसक्तैन निकोदेमसले उहाँलाई भने, मानिस बूढ़ो भएर कसरी जन्मनसक्छ र ? को त्यो आफ्नी आमाको कोखमा दोस्रोचोटि पसेर जन्मनसक्छ?'*** *येशूले जवाफ दिनुभयो,* ***'साँचो साँचो म तिमीलाई भन्दछु, कोही पानी र आत्माले जन्मेन भने परमेश्वरको राज्यमा पस्नसक्तैन देहबाट जन्मेको देह हो औ आत्माबाट जन्मेको आत्मा हो मैले तिमीहरूलाई नयाँ गरी जन्मनु आवश्यक छ भनी तिमीलाई भनेकोमा अचम्भ नमान बतास जता इच्छा गर्छ बहन्छ तिमी त्यसको आवाज सुन्छौ, तर कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ आत्माबाट जन्मेको हरेक त्यस्तै हुन्छ'***

आज पनि, आत्मिक सत्यता नबुझ्ने मानिसहरूले यो संसार पूर्ण छ परमेश्वरको राज्यलाई तिनीहरूले बुझ्नै सक्तैनन् अथवा त्यसमा पस्न सक्तैनन् तिनीहरूका सबै धार्मिक कार्यहरू, प्रथाहरू र असल कामहरू व्यर्थ छन् तिनीहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गरेर परमेश्वरको आत्माबाट जन्मन आवश्यक छ

येशूले आफ्नो विषयमा के भन्नु भयो त्यो सधैं याद गर्नु होस् ***'बाटो, सत्य र जीवन मै हुँ, मबाहेक अरू कोहीद्वारा पिताकहाँ जानसक्तैन*** परमेश्वर **कहाँ जाने एउटै बाटो येशू ख्रीष्ट हुनुहुन्छ!**

धार्मिक मानिसहरूले तपाईलाई र तपाईको नयाँ जीवन एंव जीवनशैलीलाई बुझ्न कठिन होला अनि तपाईले पनि केही भिन्न कुराको आशा राख्नु हुँदैन बाइबलले भन्छ ***"अब शारीरिक मानिसले परमेश्वरका आत्माका कुरा ग्रहण गर्दैन, किनकि ती त्यसको निम्ति मूर्खता***



***हुन्छन्,*** *र त्यसले ती बुझ्नसक्तैन, किनकि ती आत्मिक रीतिले जाँचिएका हुन्छन् तर आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ, तर त्यो आफै चाहिँ कुनै मानिसबाट जाँचिएको हुँदैन किनभने कसले प्रभुको मनलाई जानेको छ, र त्यसले उहाँलाई सिकाउनसक्छ? तर अब हामीसँग ता ख्रीष्टको मन छ*

यसकारण, परमेश्वरको आत्माबाट नजन्मेर येशू ख्रीष्टलाई आफ्नो जीवनका व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण नगरेको कुनै मानिसबाट यो आशा नराख्नु होस् - कि तिनीहरूले तपाईले जस्तै सोंच्छन् वा एकै किसिमको प्राथमिकता दिन्छन् अथवा एउटै प्रकारले काम गर्छन् भनेर तपाईको सम्पूर्ण जीवनको मार्ग र विचारशैली तिनीहरूको निम्ति मूर्खता जस्तो देखिन सक्छ

साथै, तपाईले आफैलाई तिनीहरूको विचारशैली, तिनीहरूको जीवन शैली तथा वस्तुप्रति तिनीहरूको न्याय अघि अधीन नगर्नु होस् अब तपाईसंग ख्रीष्टको मन छ, अनि परमेशवरको राज्यको नियम मुताबिक जिउनको निम्ति पवित्र आत्माले तपाईलाई सहायता गर्नु हुन्छ र सबै कुरा सिकाउनु हुन्छ

जसरी येशूले भन्नुभयो, ***तैपनि जब उहाँ अर्थात् सत्यका आत्मा आउनु हुनेछ, तब उहाँले सबै सत्यमा तिमीहरूलाई बाटो देखाउनु हुनेछ किनभने उहाँ आफ्ना तर्फबाट बोल्नुहुनेछैन, तर जे जे उहाँले सुन्नुहुन्छ, ती बोल्नुहुनेछ, औ तिमीहरूलाई अब हुने कुराहरू घोषणा गर्नुहुनेछ*** यस्तो पनि लेखिएको छ, ***"परमेश्वरका कुराहरू परमेश्वरका आत्माले बाहेक अरू कसैले जान्दैन। अनि परमेश्वरबाट हामीलाई सित्तैंमा दिनुभएको कुरा जानौं भनेर हामीले सेसारको आत्मा होइन, तर परमेश्वरबाटका आत्मा पाएका छौं"***

परमेश्वरको वचनले विश्वासीहरूलाई मानिसमा होइन तर सत्यता सिकाउने पवित्र आत्मामा निर्भर गर्न सिकाउँछ ***"तिमीहरूलाई बराल्नेहरूको विषयमा मैले यी कुराहरू तिमीहरूलाई लेखेको हुँ तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र तिमीहरूलाई***

***कसैले सिकाउनुपर्ने आवश्यक पर्दैन, तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराहरूका विषयमा सिकाउने हुनाले, र झूटा नभई साँचो हुनाले, तिमीहरूलाई यसले सिकाएबमोजिम तिमीहरू उहाँमा रहिरहो"***

पवित्र आत्माले सधैं तपाईलाई सत्यता बारे सिकाउँछ अनि सत्यता र हाम्रो शत्रु शैतानको झूटलाई कसरी छुट्ट्याउनु त्यो सिकाउँछ तपाई परमेश्वरको आत्मामा निर्भर गर्नै पर्छ न कि तपाईको आफ्नै समझशक्तिमा वा परमेश्वरको आत्मा नभएका अन्य मानिसको समझशक्तिमा परमेश्वरको वचन बाइबल लेख्नलाई पवित्र आत्माले नै निर्देशन दिएको थियो र उहाँले परमेश्वरका विचारहरूलाई जान्नु हुन्छ

उहाँले सधैं हाम्रा मनहरूलाई सत्यतामा डोरयाउनु हुन्छ जसै हामी आफ्नो जीवनको हरेक पक्षको दिशा र अगुवाइको निम्ति उहाँलाई स्वीकार गर्दै पूर्ण रूपले उहाँमा भरोसा राख्छौं, जसरी हामीले आफ्नो अनन्तको भाग्यको निम्ति येशू ख्रीष्टमा भरोसा राख्यौं

हामीले पवित्र आत्मासंग हाम्रो सम्बन्ध बड़ाउनलाई दिनहूँ प्रयास गर्नु पर्छ - बौद्धिक, भावनात्मक अथवा शारीरिक तौरले होइन तर हामीले परमेश्वरको वचन बाइबललाई पढ़दा, अध्ययन र मनन गर्दा हाम्रो आत्माले परमेश्वरको आत्मासंग सम्वाद गरेर पवित्र आत्मासंग रहेको हाम्रो सम्बन्धमा उहाँको वचनले मुख्य र अभिन्न भाग ओगटेको हुनुपर्छ

याद राख्नु होस् , तपाईको शत्रु शैतान छल गर्ने हो र त्यसले प्राय नकल गर्ने प्रकारले काम गर्छ यसर्थ त्यो छललाई चिन्ने एउटै उपाय सत्यतालाई जान्नु हो जब हामी परमेश्वरको वचनलाई, जो पवित्र आत्माले प्रेरणा दिएको सत्यता हो, जान्दछौं तब हामी सत्यतासंग तुलना गर्दै दुष्टले ल्याएको छललाई छुट्याउन सक्छौं

यसैकारण, कहिले परमेश्वर हामीसंग उहाँको आत्माद्वारा बोल्दै हुनुहुन्छ त्यो बुझ्न परमेश्वरको वचन मुख्य छ पवित्र आत्माले ख्रीष्टका कुराहरू लिएर हामीलाई जनाउनु हुन्छ अनि पितासंग भएका सबै कुरा येशूका हुन् यसर्थ जब पवित्र आत्मा हाम्रा आत्मासंग सम्वाद गर्नु हुन्छ त्यसबेला उहाँले परमेश्वरका मनका कुरा बोल्नु भएको हुन्छ जो उहाँको



वचन बाइबलसंग पूर्णरूपले समान हुन्छ उहाँको लिखित वचन र उहाँको बोलिएको वचन एउटै हो

यदि पवित्र आत्माले हामीलाई उहाँको लिखित वचनको विपरीत कुनै प्रकारले डोराइ रहनु भएको छ भन्ने सोंचे, हामी बुझ्छौं त्यो परमेश्वरबाट होइन शायद त्यो शैतान हुन सक्छ हामीलाई धोका दिन चाहेको अथवा त्यो हाम्रो स्वाभाविक बुद्धि, भावना अथवा हाम्रा प्राकृतिक चाहनाहरू आफ्नो इच्छा पूरा गर्न चाहेको हुन सक्छ यस्तो लेखिएको छ, ***किनकि परमेश्वरको वचन जीवित र प्रबल, र कुनै दुइ-धारे तरवारभन्दा पनि धारिलो, औ प्राण र आत्मालाई जोर्नी जोर्नी र हड्डीका मासीलाई भाग भाग पारूञ्जेलसम्म वारपार छेंड़ने, र हृदयको भावना र विचारलाई जाँच्न सक्ने हुन्छ***

हरेक स्थितिमा हाम्रो सुरक्षा परमेश्वरको वचन नै हो यो हाम्रो खुट्टाको निम्ति बत्ती र हाम्रो बाटोको निम्ति उज्यालो हो परमेश्वरको वचनले सधैं हामीलाई उहाँको मनलाई प्रकट गर्छ र निश्चित गर्छ साथै हाम्रो जीवनको निम्ति उहाँको असल, मनपर्दो र सिद्ध इच्छा उहाँको वचनले हाम्रा हृदयमा, मनमा, भावनामा र इच्छाहरूमा आत्मिकलाई स्वाभाविकबाट अलग गर्न सक्छ

तथापि हरेक दिन हाम्रो जीवनमा परमेश्वरको निर्देशन र पवित्र आत्माको अगुवाइ प्राप्त गर्नु हो भने हामीले आफ्नो इच्छालाई उहाँको इच्छामा सम्पूर्ण रूपले समर्पण गर्नु पर्छ परमेश्वरले हाम्रो जीवनमा चाहनु भएको कुरा हामीले पनि चाहनु पर्छ परमेश्वरले हाम्रो निम्ति राख्नु भएको इच्छा नै हाम्रो इच्छा भित्रको उदेश्यलाई हाम्रो पनि उदेश्य बनाउनु पर्छ त्यसपछि पवित्र आत्मा हामीसंग सम्वाद गर्न सक्नु हुन्छ अनि हाम्रो जीवनमा उहाँले परमेश्वरको असल, सिद्ध र मनपर्दो इच्छा कार्यान्वयन गर्नु हुन्छ परमेश्वरले हाम्रो निम्ति तयार पार्नु भएको जीवन जिउनुभन्दा उत्तेजक र सम्पन्न तुल्याउने अरू केही छैन तपाईका सृष्टिकर्त्ता र उद्धारकर्त्तासंग पूर्ण एकतामा जिउनु चाहिँ तपाईको निम्ति अत्यन्त शान्तिदायक र आनन्दमय अनुभव हो औ तपाईको निम्ति परमेश्वरको इच्छा यही हो जसै तपाई पल-पल पवित्र आत्माको अगुवाइलाई पछ्याउनु हुन्छ,

तपाईले परमेश्वरको उपस्थिति र शान्ति साथै उहाँको पितृत्व आफ्नो जीवनमा थाह गर्नु हुनेछ

यस्तो लेखिएको छ, ***"किनभने शरीरअनुसार चल्नेहरूले शरीरका कुरामा, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। किनभने शरीरमा मन लगाउनुचाहिँ मृत्यू हो, तर आत्मामा मन लगाउनु जीवन र शान्ति हो" "अनि जति जनालाई परमेश्वरका आत्माले डोरयाएका हुन्छन् तिनीहरूनै परमेश्वरका छोराहरू हुन्"*** आत्माले के इच्छा गर्नु हुन्छ त्यस कुरामा हामीले आफ्नो मन लाउनु पर्छ र पवित्र आत्मालाई हाम्रा मनहरू अधीन गर्न र नियंत्रण गर्न अनुमति दिनु पर्छ तब हामी सबै कुरामा पवित्र आत्माद्वारा डोरिएको हुन सक्छौं हाम्रो जीवन सम्बन्धमा उहाँको इच्छा कस्तो हुनुपर्छ त्यसबारे परमेश्वरलाई हामीले आदेश दिन सक्तैनौं हामीले आफ्ना पूर्वकल्पित योजनाहरू र उपायहरूलाई त्यागेर हाम्रो इच्छालाई उहाँको इच्छामा समर्पण गर्नु पर्छ

त्यसपछि, हामी आज्ञा पालन गर्नलाई तयार हुनु पर्छ जबसम्म हामी पछ्याउनलाई तयार हुँदैनौं परमेश्वरले हामीलाई दिशा र ज्योति दिनु हुन्न त्यसरी पाउनु त परमेश्वरतर्फ हाम्रो अनाज्ञाकारितालाई बड़ाउने कार्यमात्र हुन्छ हामीले आज्ञा पालन गर्ने उदेश्य राखेर परमेश्वरको इच्छा साँचोसंग जान्ने चाहना राख्नु पर्छ, चाहे उहाँको इच्छा कस्तै होस

परमेश्वरको प्रकटित इच्छालाई पालन गर्ने कुरामा हामी चुन्ने भयौं भने हामीले उहाँको आवाज सुन्ने योग्यतामा र पवित्र आत्माको अगुवाइलाई थाहा गर्नमा हामीले बाधा उत्पन्न गर्छौं हाम्रो आफ्नै भलाइ र परमेश्वरको महिमाको निम्ति हामीले कुनैपनि र हरेक स्थितिमा पवित्र आत्माको अगुवाइ र निर्देशनलाई पालन गर्न तयार हुनु पर्छ यसो गरेर हाम्रा कामहरूद्वारा हामीले स्वर्गीय पितालाई सम्पूर्ण तौरले र कुनै प्रश्न बिना भरोसा गर्छौं भनि रहेका हुन्छौं

अझ, हामीले पवित्र आत्माको मार्ग-निर्देशन (guidance) लाई विश्वास गर्नु पर्छ उहाँ हामीसित हुनुहुन्छ र डोरयाउँदै हुनुहुन्छ भनेर हामीले विश्वास गर्ने पर्छ हामी आफ्नो सम्पूर्ण हृदयले उहाँमा अड़ेस



लाग्नु पर्छ अनि उहाँको मुहारतर्फ पूर्ण तौरले हेर्दै उहाँ हामीसंग सत्य रहनु हुने आशा गर्नु पर्छ यसलाई बाइबलले यसरी भन्छ : ***"तेरो सारा भरोसा परमेश्वरमा राख , र तेरो आफ्नै समझ-शक्तिमा भरोसा नगर्। आफ्नो सबै चालमा उहाँलाई सम्झी र उहाँले तेरा बाटोहरू सुगम तुल्याइदिनुहुनेछ"*** यस्तो पनि लेखिएको छ, ***"त्यो मानिस धन्यको हो, जसले परमप्रभुमाथि भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ त्यो पानीमा रोपेको रूखजस्तो छ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ घाम लाग्दा त्यो डराउँदैन, किनभने त्यसका पातहरू सधैं हरियै रहन्छन् ,खड़ेरी पर्दा त्यसलाई केही चिन्ता हुँदैन, किनभने त्यसले फल फलाउन थाम्दैन"***

हाम्रो निम्ति असल नरहेको दिशामा पवित्र आत्माले हामीलाई डोरयाउनु होला भन्ने कुराको चिन्ता लिनु हुँदैन उहाँसंग हाम्रो सर्वोत्तम भलाइको सोंच रहेको छ उहाँले परमेश्वरको मन जान्नु हुन्छ र शुरूदेखि नै अन्त के छ सो जान्नु हुन्छ औ उहाँले कहिल्यै गल्ती गर्नु हुन्न उहाँमा पूर्ण रूपले भरोसा पर्न सिक्नु होस् यो भरोसा र निर्भर गर्ने कुरा झट्टै प्राप्त हुँदैन यो हामी बारम्बार गरेर सिक्छौं परमेश्वरले यस कुरालाई बुझ्नु हुन्छ र उहाँ हामीसंग धीरजी हुनुहुन्छ

प्रभुसंग हिड़ँदा समय-समयमा हामी लोट्न सक्छौं तर उहाँले हामीलाई झर्न दिनु हुन्न विशेष गरी त्यसबेला जहिले हामी उहाँको इच्छा र मार्गलाई जान्न चाहन्छौं भनेर उहाँले बुझ्नु हुन्छ औ हामी उहाँलाई पछ्याउन र उहाँको नाउँलाई महिमा पुऱ्याउन खोज्छौं परमेश्वरले हामीलाई आफ्ना गल्तीहरूबाट सिक्नमा मदत गर्नु हुन्छ ताकि हामी उहाँको आवाज छुट्याउन सकौं र भविष्यका स्थितिहरूमा उहाँको अगुवाइलाई बुझ्न सकौं

आत्मिक जीवनमा हामी बालकहरू जस्तै शुरू हुन्छौं जस्तो शारीरिक जीवनमा भएको हुन्छ हामीलाई बामे सर्न, त्यसपछि उभ्न र हिंड़न सिक्नु पनि केही समय लाग्छ साथै नियमित रूपले गर्दै जानलाई

आत्मामा हिंड़नु नै परमेश्वरलाई खुशी तुल्याउने जीवन जिउनु हो उहाँका सन्तान भएर हाम्रा स्वर्गीय पितालाई महिमा पुग्ने तरिकाले जीवन

हामी जिउन चाहन्छौं औ त्यसले अरूलाई येशू ख्रीष्टको जीवन प्रकट गर्दछ यो कुरा क्षण प्रतिक्षण आत्मामा हिँडे़र सम्पन्न हुन्छ

बाइबलले भन्छ, ***"आत्माको भरमा हिँड़, र तिमीहरूले शरीरको लालसा कुनै किसिमले पूरा गर्नु पर्नेछैन" यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरका देखा-सिकी गर्नेहरू होओ, औ जसरी ख्रीष्टले पनि तिमीहरूसित प्रेम गर्नुभयो र परमेश्वरका निम्ति मीठो बास्ना हुनालाई भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो, त्यसरी तिमीहरू पनि प्रेममा चल"***

अब हामी पाप र शैतानको बन्धनमा हुँदा जिए जस्तो प्रकारले जिउँदैनौं यस्तो लेखिएको छ, ***स्वतंत्रतासाथ ख्रीष्टले हामीलाई निर्बन्ध तुल्याउनुभयो यसकारण दह्रो भएर खड़ा होओ, र फेरि बन्धनको जुवामा नअल्मलिऔ*** हामी पापको खातिर दास भएका थियौं, तर अब हामी परमेश्वरले चाहनु भएको जस्तो प्रकारले जिउनलाई स्वतन्त्र भएका छौं अब हामी येशू जिउनु भएजस्तै गरी जिउन सक्छौं अनि हामी उहाँ जस्तै जिउनको निम्ति पवित्र आत्माले हामीलाई सिकाउन र सशक्त तुल्याउँदै सुयोग्य बनाउँनु हुनेछ

बाइबलले भन्छ, ***"औ ख्रीष्ट येशूका जतिले ता शरीरलाई माया र लालसाहरूसँगै क्रूसमा टाँगेका छन् हामी आत्माले जिउँछौं भने आत्माकै अनुसार हिँड़ौ"*** अब उप्रान्त हामी आफ्नो पापी स्वभावको इच्छा अनुसार जिउँदैनौं पवित्र आत्माले सधैं हामीलाई येशूको जीवन प्रकट गर्नु हुन्छ जसै हामी उहाँसंग कदममा कदम बड़ाउँछौं

आत्मामा हिँड़नु र आत्मासंग एकै कदममा हिँड़नु भन्ने कुरा हामीले हरेक दिन, क्षण - प्रतिक्षण लिन पर्ने निर्णयहरू हो पवित्र आत्माले सधैं हामीद्वारा येशूको जीवन जिउने प्रयत्न गर्नु हुन्छ येशूको जीवन एउटा प्रेमको जीवन हो परमेश्वर प्रेम हुनुहुन्छ औ प्रेम शब्द छोड़ेर येशूको जीवनलाई वर्णन गर्ने अर्को कुनै शब्द छैन

येशू ख्रीष्ट सेवा पाउनलाई होइन, तर सेवा गर्न र धेरैको उद्धारको



निम्ति आफ्नो प्राण दिनलाई आयो त्यही प्रकारले पवित्र आत्माले हामीलाई निर्देशन दिए अनुसार र शक्तिले भरे अनुसार हामीले परमेश्वरको प्रेमको जीवन जिउनु पर्छ परमेश्वरको सम्पूर्ण व्यवस्थाको सार येशूका यी शब्दहरूमा पाइन्छ ***"औ तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा मनले, आफ्नो सारा प्राणले, आफ्नो सारा बुद्धिले र आफ्नो सारा शक्तिले प्रेम गर् दोस्रो चाहिँ यो हो, तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्" "औ जसो मानिसहरूले तिमीहरूसित गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसित त्यसै गर" तर आत्माको फल चाहिँ - प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, नम्रता अनि संयम हुन्***, पवित्र आत्माले तपाईको जीवनमा प्रेमको फल उत्पन्न गर्नु हुन्छ जसै तपाई उहाँको वशमा रहनु हुन्छ र आज्ञा पालन गर्नु हुन्छ

***"प्रेम धीरजी र दयालु हुन्छ प्रेमले डाह गर्दैन, प्रेमले आफै सेखी गर्दैन, र घमण्डले फुल्दैन, आफै बेकायदासाथ चल्दैन, आफ्नै भलाइ खोज्दैन, रिसाउँदैन, खराबीको वास्ता गर्दैन अधर्ममा खुशी हुँदैन, तर सत्यमा खुशी हुन्छ सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुराको आशा गर्छ सबै कुरामा स्थिर रहन्छ प्रेम कहिल्यै टल्दैन, परमेश्वरको प्रेम पवित्र आत्माद्वारा हाम्रा हृदयमा खन्याइएको छ***, यसैकारण अब हामी परमेश्वरलाई सर्वोत्कृष्ट तौरले प्रेम गर्न सक्छौं अनि मानिसहरूलाई चाहिँ हामी आफैलाई प्रेम गरे जस्तै अर्को शब्दमा, हामी सबै कुरामा पवित्र आत्माको आज्ञाकारी बन्छौं, येशूले हरेक स्थितिमा के गर्नु हुन्थ्यो त्यो विचारेर हामी आफै पनि त्यसै गर्छौं - हाम्रा शरीर वा भावनाले चाहेको कुरालाई परवाह नगरी

अरू मानिसहरूको सम्बन्धमा, अरूले कुनै स्थितिमा तपाईलाई जे गरि दिएको चाहनु हुन्छ, तपाईले अरूलाई पनि त्यही कुरा गर्नु पर्छ तपाईले आफैलाई जस्तो व्यवहार गर्नु हुन्छ अरूलाई तपाईले त्यस्तै व्यवहार गर्नु उचित छ तपाईले सबैकुरामा आफैलाई पहिलो स्थानमा राख्नु

पर्दैन कारण ख्रीष्टले तपाईलाई पूर्ण तुल्याउनुभयो र तपाईको जीवनको रित्तोपनलाई भरि दिनुभयो अब सबै कुरामा तपाईले परमेश्वरलाई पहिलो स्थानमा राख्न सक्नु हुन्छ अनि आफूभन्दा अघाडि अरू मानिसलाई परमेश्वरको वचनका निम्नलिखित भागलाई पढ्नु होस्, मनन गर्नु होस र पालन गर्नु होस ***यसकारण यदि ख्रीष्टमा केही शान्ति, प्रेमको केही सान्त्वना, आत्माको केही सङ्गति, केही कोमल कृपा र साहनुभूति छन् भने, तिमीहरू एउटै मनका होओ, एउटै प्रेम राखेर, एउटै चित्तका भएर, एउटै कुरामा मन लाएर मेरो आनन्द पूरा गर विरोध अथवा फोस्रो घमण्डले केही नगर। तर नम्रतामा एउटाले अर्कोलाई आफूभन्दा श्रेष्ठ ठानेर, आफ्नै कुरामा मात्र होइन, तर हरेकले अरूहरूका कुरामा पनि ध्यान देऊ तिमीहरूमा यो मन होस् , जो ख्रीष्टमा पनि थियो उहाँले परमेश्वरको स्वरूपमा भएर परमेश्वरसितै बराबरको हुनालाई, जोगाइराख्ने धन जस्तो सम्झनुभएन, तर आफूलाई रित्याईकन कमाराको रूप लिएर मानिसहरूको समानतामा हुनुभयो औ रूपमा मानिसजस्तो भएर मृत्यूसम्मै आफूलाई होच्याउनुभयो त्यसैकारणले पनि परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु हो भनी स्वीकार गर्नुपर्छ "***

येशूका निम्नलिखित वचनहरू पढ्नु होस् र आज्ञा पालन गर्नु होस् अनि तपाई आशीषित बन्नु हुन्छ: ***"तर तिमी सुन्नेहरूलाई म भन्दछु , आफ्ना शत्रुलाई प्रेम गर, र तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाइ गर, तिमीहरूलाई सराप्नेहरूलाई आशीर्वाद देओ तिमीहरूको अनादर गर्नेहरूका निम्ति प्रार्थना गर तिमीलाई एक गालामा चट्काउनेलाई अर्को पनि थापिदेऊ, र जसले तिम्रो खाष्टो खोस्तछ, त्यसलाई दौरा पनि दिनालाई इन्कार नगर औ तिमीसित माग्ने हरेकलाई देऊ, र तिम्रो माल लैजानेसँग फेरि नमाग, औ***



***जसो मानिसहरूले तिमीहरूसित गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरूले पनि तिनीहरूसित त्यसै गर तिमीहरूलाई प्रेम गर्नेहरूसँग प्रेम गर्दछौ भने तिमीहरूलाई के स्याबासी छ? किनकि पापीहरूले पनि ता त्यसै गर्दछन् जसबाट फेरि पाउने आशा राख्तछौ, तिनीहरूलाई ऋण दिन्छौ भने तिमीहरूलाई के स्याबासी छ किनकि पापीहरूले पनि ता फेरि उत्तिनै पाउनालाई पापीहरूलाई ऋण दिन्छन् तर आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूको भलाइ गर, औ फेरि केहीको आशा नगरेर ऋण देऊ , र तिमीहरूको इनाम ठूलो हुनेछ, औ परमप्रधानका सन्तान ठहरिन्छौ, किनकि उहाँ बैगुणी र दुष्टमाथि कृपालु हुनुहुन्छ जस्तो तिमीहरूका पिता कृपालु हुनुहुन्छ, त्यस्तै तिमीहरू पनि कृपालु होओ औ आलोचना नगर, र तिमीहरूको आलोचना हुनेछैन क्षमा गर, र तिमीहरूलाई पनि क्षमा हुनेछ देओ, र तिमीहरूलाई दिइनेछ पूरा नाप खाँदी खाँदी, बेसरी हल्लाएर पोखिने गरी तिमीहरूको पोल्टामा दिनेछन् किनकि जुन नापले तिमीहरू नाप्तछौ, त्यसरी तिमीहरूका निम्ति पनि नापिनेछ"***

पवित्र आत्माले हामीलाई सधैं डोरयाउनु हुन्छ औ हरेक दिन हाम्रो जीवनमा येशू ख्रीष्टलाई अनुकरण गर्ने प्रोत्साहन दिनु हुन्छ र उहाँका शिक्षाहरूलाई पालन गर्ने प्रेरणा पवित्र आत्माको आज्ञा पालन गर्नु होस् अनि तपाई आफ्नो जीवनमा उहाँको उपस्थिति र निर्देशनलाई अझ बढ्ता थाह गर्दै जानु हुन्छ जबसम्म तपाईले आफ्ना स्वर्गीय पिता, येशू र पवित्र आत्मासंग एउटा साँचो घनिष्ट सम्बन्धलाई विकास गर्नु हुन्न

याद गर्नु होस कि पवित्र आत्मा एक ईश्वरीय व्यक्ति हुनुहुन्छ - एक व्यक्ति जसलाई तपाई देख्न सक्नु हुन्न तर जो तपाईले छुन र देख्न सकेको कुनै व्यक्ति भन्दा अझ वास्तविक उहाँले तपाईमाथि आफैलाई जबरजस्त गर्नु हुन्न तपाईको जीवनमा उहाँको उपस्थिति रहनलाई तपाई संवेदनशील हुनुपर्छ र तपाईलाई येशू चिनाउने अनुमति उहाँलाई दिनु पर्छ

परमेश्वरको बालक भएर तपाई कसरी जिउनु हुन्छ त्यो अति मुख्य छ परमेश्वरको वचनका निम्नलिखित भागले तपाईलाई केही

मार्गदर्शन दिन्छ र पवित्र आत्मालाई सन्ताप नदिने बन्नमा तपाईलाई सहायता गर्छ ***"केही कुवाक्य तिमीहरूका मुखबाट ननिस्कोस्, तर परिआएको खण्डमा सुधारको निम्ति केही असल कुरो हुन्छ भने मात्र, कि त्यसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस् औ परमेश्वरका पवित्र आत्मालाई सन्ताप नदेऊ, जसमा उद्धारको दिनको निम्ति तिमीहरू छाप लगाएका छौ। सबै तीतोपना, क्रोध रीस, हो-हल्ला, निन्दा, सारा वैर-भावसमेत तिमीहरूबाट त्यागिओस्। औ जसरी परमेश्वरले पनि ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरीनै एकले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्कोप्रति कोमल मनको र दयालु होओ"*** ***यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरका देखा-सिकी गर्नेहरू होओ, औ जसरी ख्रीष्टले पनि तिमीहरूसित प्रेम गर्नुभयो र परमेश्वरका निम्ति मीठो बास्ना हुनालाई भेटी र बलिदान भएर आफैलाई हाम्रा निम्ति अर्पण गर्नुभयो, त्यसरी तिमीहरू पनि प्रेममा चल तर व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत पनि तिमीहरूबाट नलिइओस्, जस्तो कि पवित्र जनहरूलाई उचित हुन्छ औ न अशिष्टता, न बेमतलबका कुरा अथवा ठट्टा, यी उचित होइनन्, तर बरू धन्यवाद दिने काम होस् किनभने यो ता तिमीहरू निश्चय जान्दछौ, कि कुनै व्यभिचारी, कि अशुद्ध मानिस, अथवा लोभी मानिसले, जो मूर्तिपूजक हो, ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै अधिकार पाउनेछैन कुनै मानिसले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस्, किनभने यिनै कुराको कारणले अनाज्ञाकारिताका सन्तानमाथि परमेश्वरको क्रोध आउँछ यसकारण तिमीहरू तिनीहरूसँग सह-भागी नहोओ किनभने एकपल्ट तिमीहरू अन्धकार थियौ, तर अब प्रभुमा उज्यालो भयौ, ज्योतिका सन्तानझैं हिँड्डुल गर, (किनभने ज्योतिको फल सबै भलाइ, धार्मिकता र सत्यतामा हुन्छ) प्रभुलाई मनपर्ने के हो, सो जाँचेर अन्धकारका निष्फल कार्यहरूसँग सङ्गत नगर, तर बरू तिनीहरूका दोष देखाइदेओ"***

यो अध्यायमा तपाईले पवित्र आत्मा को हुनुहुन्छ, उहाँसंग एउटा



प्रगाढ़ सम्बन्ध कसरी विकास गर्ने र त्यसद्वारा साँचो खुशीयाली अनुभव गर्ने कुरा सिक्न आरम्भ गर्नु भयो अर्को अध्यायमा तपाईको जीवनमा पवित्र आत्माको सेवकाइका अन्य पक्षहरू विषय तपाईले सिक्नु हुनेछ प्रार्थना गर्न अघि कृपया येशू ख्रीष्टका निम्नलिखित वचनहरू पढ्नु होस ***औ म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ, खोज, त तिमीहरूले भेट्टाउनेछौ, घच्घच्याओ, त तिमीहरूको निम्ति खोलिनेछ औ तिमीहरूमध्ये कुनचाहिँ बाबु होला जसको छोराले रोटी माग्यो भने त्यसलाई ढुङ्गा देला कि माछा मागेमा माछाको सट्टा साँप देला अथवा अण्डा मागेमा त्यसलाई बिच्छी देला तिमीहरू दुष्ट भईकन आफ्ना छोरा-छोरीहरूलाई असल कुरो दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसंग माग्नेहरूलाई कति बढ़ता गरेर पवित्र आत्मा दिनुहुनेछ***

निम्नलिखित प्रार्थनाले तपाईलाई पवित्र आत्मासंगको सम्बन्धमा बढ्न सहायता गर्नेछ :

*प्रिय स्वर्गीय पिता,*

*मलाई पवित्र आत्माद्वारा तपाईको नजीक खिँच्नु भएको निम्ति म तपाईलाई धन्यवाद चढ़ाउन चाहन्छु अनि मेरो नयाँ आत्मिक जन्मद्वारा मलाई अनन्त जीवनको वरदान दिनु भएको निम्ति जस-कसैले माँग्छ त्यसलाई पवित्र आत्मा दिने प्रतिज्ञा गर्नु भएको निम्ति तपाईलाई धन्यवाद यसकारण म यसै घड़ी पवित्र आत्मा मेरो जीवनमा आउनु होस भनेर माँग्छु - मेरो जीवनको हरेक क्षेत्रलाई डोरयाउन, निर्देशन दिन, भर्न र नियंत्रण गर्नलाई, येशू ममा प्रकट गर्न र तपाईको निम्ति म कसरी जिउनु पर्छ त्यो मलाई देखाउन*

*तपाईका प्रतिज्ञाहरू कायम राख्नु भएको निम्ति तपाईलाई धन्यवाद औ पवित्र आत्मा, अब मेरो जीवनमा रहेर येशूलाई ममा अझ वास्तविक बनाउनु भएको निम्ति धन्यवाद छ मलाई पवित्र आत्मामा संवेदनशील बन्न सहायता गर्नु होस र म कुनै प्रकारले उहाँलाई दु:खित नतुल्याऊँ यसर्थ म मेरो जीवनमा उहाँको उपस्थितिलाई स्वीकार गर्दछु पवित्र आत्मा,*

मलाई सबै सत्यमा तपाईले अगुवाइ गर्नु हुन्छ भनेर अनि हरेक दिन मेरो जीवनमा र मेरो जीवनद्धारा तपाईले येशूलाई प्रकट गर्नु हुन्छ भनेर म तपाईमा भरोसा राख्छु

परमेश्वर, म तपाईलाई सत्यताको आत्माको निम्ति धन्यवाद चढ़ाउँछु ताकि अब मसंग ख्रीष्टको मन रहेको छ जसद्वारा सत्यता र झूटलाई छुटयाउन र न्याय गर्न सक्छु म धन्यवाद चढ़ाउछु परमेश्वर, कि परमेश्वरको वचनद्वारा म सधैं कुनै आत्मालाई जाँच्न सक्छु यो बुझ्नलाई कि मलाई डोरयाउने तपाई हुनुहुन्छ अथवा कहीं अर्को आत्माले मलाई बहकाउने प्रयास गरिरहेको छ म सधैं तपाईको इच्छालाई बुझ्न खोजेर त्यस अनुसार गर्न चाहन्छु

पिता, तपाईलाई धन्यवाद किनकि पवित्र आत्माद्वारा तपाईको प्रेम मेरो हृदयमा खन्याइएको छ र अब म तपाईतर्फ एंव अरू मानिसतर्फ एउटा प्रेमको जीवन जिउन सक्छु म येशूमा पूर्ण छु भनेर म जान्दछु, यसकारण म तपाईलाई पहिलो स्थानमा राख्न सक्छु र अरू मानिसलाई आफू अघि

म आफैलाई पवित्र आत्माको वशमा राख्ने कुरा रोज्छु र मेरो जीवनमा पवित्र आत्माको फल प्रकट भएको देख्ने इच्छा गर्छु ताकि ममा र मद्वारा तपाई महिमित हुन सकोस् औ मेरो जीवनदेखि अरूले फायदा पाउन सकोस् प्रभु, मेरो जीवन तपाईबाट प्रयोग भएको म चाहन्छु र तपाईको निम्ति म उपयोगी बन्न तपाईले मलाई आवश्यक रीति ले शक्तिले भर्नु र बद्लाउनु हुन्छ भन्ने कुरामा म भरोसा राख्छु हे परमेश्वर, म तपाईलाई प्रेम गर्छु अनि म तपाईको हुन सकेको खण्डमा अति धन्यवादी छु!

येशूको नाउँमा यो प्रार्थना माँग्छु,

आमेन !

❖

# साँचो खुशीयाली परमेश्वरसंग सहभागिता हो

## अध्याय - ७



साँचो खुशीयाली परमेश्वरसंग सहभागिता हो ! हाम्रा सृष्टिकर्त्तासंग सहभागितामा जिउनु चाहिँ जीवनको सबैभन्दा बढ़ी इनाम पाइने अनुभव हो यसै गरेर हामी परमेश्वरका सन्तान भएको पूरा क्षमता र सर्वोच्च उदेश्यलाई भेटाउँछौं

परमेश्वरसंग सहभागितामा जिएको समयसंग हाम्रो जीवनकालको अरू कुनै अनुभव तुलनामा आउन सक्तैन हाम्रो जीवनको निम्ति रहेको उहाँको योजना र उदेश्यहरू पूरा गर्न साथै अरूका जीवन जसलाई हामी परमेश्वरसंग भएको दैनिक सहभागिताले स्पर्श गर्छौं त्यसले हामीमा गहिरो आनन्द र साँचो खुशीयाली ल्याउँछ

परमेश्वरसंग सम्बन्ध र सहभागितादेखि बाहिर जीवन बिताउनु भएको कारण तपाईको जीवन रित्तो र अर्थहीन बन्न गयो तर जब तपाईले येशूलाई ग्रहण गरी नयाँ जीवन पाउनु भयो तब तपाई परमेश्वरसंग एक सहभागी बन्नु भयो तपाई अलौकिक तौरले जिउन तयार हुनुहुन्छ, पवित्र

*आत्माको शक्तिद्वारा उहाँसंग हातमा हात समाएर*

*चेलाहरू निस्के र सबैतिर प्रचार गरे औ प्रभु तिनीहरूसंग काम गर्नु भयो र साथ - साथै भएका चिन्हहरूद्वारा उहाँको वचनलाई सुदृढ़ पार्नु भयो अनि उहाँ अब तपाईसंग भएर काम गर्न चाहनु हुन्छ*

## साँचो खुशीयाली परमेश्वरसंग सहभागिता हो ....

अघिल्लो अध्यायमा हामीले तपाईको जीवनमा हुने पवित्र आत्माको सेवकाइका केही पक्षहरू बारे चर्चा गरयौं, विशेष गरी तपाई संसार, शरीर र शैतानमाथि व्यक्तिगत तौरले विजयमा जिउन सक्ने र तपाईको जीवनमा पल - पल उहाँको अगुवाइ पाउन सक्ने विषयमा अब हामी सम्भवत: तपाईको ख्रीष्टियन जीवनको सबभन्दा मुख्य भागतर्फ बढ़न लागेका छौं : पवित्र आत्माको शक्तिद्वारा परमेश्वरसंग सहभागितामा जिउनु जीवनले सधैं परमेश्वर र मानिसबीच यस्तो अर्थ बोकेको थियो: परमेश्वर मानिसहरूसंग काम गर्नु हुने यस पृथ्वीमा उहाँका उदेश्यहरू पूरा गर्नलाई पहिलो अध्यायमा याद गर्नु होस :

तिनीहरूले परमेश्वरसंग मिलेर राज्य गरेकोले आदम र हव्वाको अतिनै अचम्भको आशीषित जीवन थियो परमेश्वरले तिनीहरूलाई पृथ्वीका सबै जीवित प्राणीहरूमाथि प्रभुत्व गर्न दिनु भएको थियो र तिनीहरूलाई फल्दो - फूल्दो हुँदै, वृद्धि हुँदै, पृथ्वीलाई भर्दै र अधीन गर्नु भनेर बताउनु भयो परमेश्वरले मूल रूपमा सबै कुरा तिनीहरूको अधिकारमा राखि दिनु भयो, यहाँसम्म कि पशुहरूलाई तिनीहरूले नाउँ राख्न सक्थे

परमेश्वरका सन्तान भएर अहिले हामीले अझ उच्च बोलावट र उदेश्य पूरा गर्न पाएका छौं जहिलेदेखि येशूले हाम्रो स्थान लिएर हामीलाई छुटकारा दिन मर्नुभयो औ उहाँको बहुमूल्य रगतले हामीलाई फेरि किन्नु भयो, अब उसो हामी आफ्नै होइनौं तर अरूले पनि येशू ख्रीष्टलाई चिन्न सकोस भनेर उनीहरूलाई सहायता गर्ने त्यो उच्च र पवित्र उदेश्यको निम्ति हामी अलग गरिएका छौं

यो कुरा हामी परमेश्वरलाई हाम्रो जीवनद्वारा जिउने अनुमति दिएर गर्छौं जसरी उहाँले येशूद्वारा संसारमा उहाँको जीवन जिउनु भयो मानव जातिलाई परमेश्वर चिनाउनु एउटा अलौकिक काम हो जो केवल पवित्र आत्माद्वारा सम्पन्न गर्न सकिन्छ त्यही पवित्र आत्मा जो येशू ख्रीष्टद्वारा काम गर्नु भयो अब सबै जगह मानिसलाई परमेश्वर प्रकट गर्न हामीद्वारा काम गर्न चाहनु हुन्छ



जब येशू आफ्ना पिताकहाँ स्वर्गमा फर्कनु भयो उहाँले आफ्ना चेलाहरूलाई महान आज्ञा पूरा गर्ने आदेश दिनु भयो जसमा आज हामी पनि समावेश भएका छौं - कि सारा संसारमा गएर उहाँको बारे सबै जगहका सबै जातिहरूलाई शुभ खबर सुनाउनु ताकि हामी जस्तै तिनीहरूले विश्वास गरी उहाँलाई ग्रहण गरेर बाँचून्

बाइबलले भन्छ, ***"किनकि प्रभुको नाउँ पुकार्ने ? हरेकले उद्धार पाउनेछ तब जसलाई तिनीहरूले विश्वास गरेकै छैनन् उहाँलाई कसरी पुकार्ने जसलाई तिनीहरूले सुनेकै छैनन् उहाँलाई कसरी विश्वास गर्ने ?औ प्रचार गर्नेविना तिनीहरूले कसरी सुन्नसक्लान्? "*** अरूलाई येशू चिनाउने परमेश्वरको योजनामा तपाईको भूमिका मुख्य छ तपाईसंग राख्नु भएको सहभागिताद्वारा परमेश्वरले येशू सम्बन्धी शुभ खबर तपाई वरिपरि रहेका अरू मानिसलाई घोषणा गर्न चाहनु हुन्छ अब तपाई बाँचेर येशूलाई चिन्न लाग्नु भएकोले तपाईको जीवनको उदेश्य उहाँको विषय अरूलाई बताएर उनीहरूलाई येशू ख्रीष्ट चिनाउनु हो

परमेश्वरबाट तपाईले यी सबै आशीषहरू पाएर तपाईसंग सम्पर्कमा आउने मानिसहरूलाई ती कुरा नबताउनु तपाईको निम्ति ठीक हुँदैन येशू ख्रीष्ट सबैका पापको निम्ति मर्नु भयो यसकारण यो शुभ खबर जान्नु छ कोही पापमा मरोस् र तपाईले पाउनु भएझैं येशू ख्रीष्टलाई ग्रहण गर्ने समान मौका नपाएर सदाको निम्ति नरकमा जाओस् भनेर तपाईले अनुमति दिन सक्नु हुन्न

एउटा मानवले अर्कोको निम्ति सम्पन्न गर्न सक्ने सबैभन्दा महान प्रेमको कार्य येशू ख्रीष्ट बारे शुभ खबर उनीहरूलाई बताउनु हो जसद्वारा तिनीहरूले विश्वास गरेर ग्रहण गरी बाँच्नलाई प्रभुको नाउँलाई पुकार्न सकून् तर तिनीहरूको पापको दाम तिर्न तिनीहरूको साटो उहाँ मर्नु भएको कुरा सुनेनन् भने र आफ्ना सृष्टिकर्त्ता परमेश्वर कहाँ फर्कने उहाँ

मात्र एक बाटो हुनुहुन्छ भन्ने जानेनन् भने तिनीहरूले येशूलाई पुकार्न सक्तैनन्

परमेश्वरले तपाईलाई यस पृथ्वीमा राख्नु भएको र यसै घड़ी तपाईलाई स्वर्ग नलैजानु भएको प्राथमिक कारण तपाईले अरूलाई येशू बारे चिनाउनलाई हो तपाईकहाँ सुसमाचार ल्याउन परमेश्वरले कसैलाई प्रयोग गर्नुभयो र अब तपाईद्वारा उहाँले आफ्ना शुभ खबर पुरयाउन चाहनु हुनेहरूको निम्ति तपाईलाई त्यसै प्रकारले प्रयोग गर्न चाहनु हुन्छ

निम्नलिखित परमेश्वरको वचनका भागलाई हामी अध्ययन गरौं जसले तपाईद्वारा अरूकहाँ पुग्ने परमेश्वरको योजनालाई प्रकट गर्दछ : ***"यसरी कोही ख्रीष्टमा छ भने, त्यो नयाँ सृष्टि हुन्छ पूराना कुराहरू बितिसके, हेर, ती नयाँ भइसकेका छन् तर सबैकुरा परमेश्वर हुन्, जसले हामीलाई ख्रीष्टद्वारा आफूसित मिलाप गराउनुभयो, औ हामीलाई मिलापको सेवा दिनुभएको छ, अर्थात् परमेश्वर ख्रीष्टमा हुनुभयो, र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो, औ तिनीहरूका अपराधको हिसाब नलिएर मिलाप गराउने कामको वचन उहाँले हामीमा जिम्मा लगाइदिनुभयो परमेश्वरले हामीद्वारा आग्रह गर्नुभएझैं ख्रीष्टको पक्षमा हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्छौं, कि तिमीहरू परमेश्वरसंग मिलाप राख हामी उहाँमा परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पापै थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो"*** यी वचनहरू हामीलाई यो सम्झना गराउँदै शुरू हुन्छ कि तपाई ख्रीष्टमा एउटा नयाँ सृष्टि हुनु हुन्छ तपाईको पुरानो जीवन बितेर गए तपाईले एउटा सम्पूर्ण रूपले नयाँ जीवन पाउनु भएको छ जो सबै परमेश्वरबाट भएको हो उहाँले तपाईलाई आफैसंग मिलाप गराउनु भयो परमेश्वरले न केवल तपाईलाई उहाँकहाँ फर्काउनु भयो तर तपाईलाई उहाँले बदलाउनु भएको छ ताकि तपाईको उहाँसंग संगति हुन सकोस र उहाँसंग सहभागितामा जिउन सकोस्

परमेश्वरले तपाईलाई केवल पुनर्मिलाप गराउनु भएको छैन तर उहाँले तपाईलाई पुनर्मिलापको सेवकाइ दिनु भएको छ, अरू सबै विश्वासीहरूसंग यो एउटा यस्तो सेवा हो जो तपाईले अरूको निम्ति



सम्पन्न गर्न सक्नु हुन्छ - येशू ख्रीष्टको र उहाँको महिमाको निम्ति तिनीहरूको भलाइको खातिर

अब तपाई ख्रीष्टको एक राजदूत हुनुहुन्छ, परमेश्वरको एक प्रतिनिधि परमेश्वरले तपाईलाई दिनु भएको यो एउटा अदभुत सौभाग्य र शक्ति हो तपाई जहाँ जानु हुन्छ ती हराएका र मर्दै गरेका आत्माहरूको निम्ति तपाई आशा, शान्ति र जीवनको एक सन्देशवाहक हुनुहुन्छ ख्रीष्टको निम्ति एक राजदूत भएर तपाईले पुनर्मिलापको सेवकाइ सम्पन्न गर्नलाई तपाईलाई चाहिने सबै कुरा तपाईसंग छ अरूलाई ख्रीष्ट चिनाउनको निम्ति अब तपाई येशूको नाउँमा जान सक्नु हुन्छ, परमेश्वर तपाईद्वारा अलौकिक तौरले काम गर्नु हुने आशा राख्दै उहाँको अख्तियार अब तपाईको भएको छ उहाँले तपाईलाई केवल मिलाप गराउने सेवामात्र दिनु भएको छैन तर परमेश्वरले तपाईलाई मिलापको सन्देश पनि जिम्मा लाउनु भएको छः ***"कि परमेश्वर ख्रीष्टमा हुनुभयो, र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो, औ तिनीहरूका अपराधको हिसाब नलिएर मिलाप गराउने कामको वचन उहाँले हामीमा जिम्मा लगाइदिनुभयो"*** तपाईले अरूलाई बताउने सन्देश यही हो ताकि तिनीहरूको खातिर रहेको परमेश्वरको भलाइ र उहाँका पुत्र येशूलाई वरदान स्वरूप दिनु भएको कुरा सुन्न सकून् जब तिनीहरूले यो शुभ खबर सुन्छन् तबमात्र तिनीहरू अब आफ्ना सृष्टिकर्त्तासंग सम्बन्ध पुनर्स्थापन गर्न सक्ने कुरा बुझ्छन् प्राय: मानिसहरूले आफ्नो पाप बारे जान्दछन् औ त्यही कारण तिनीहरू परमेश्वरबाट भागि रहेका छन् येशू ख्रीष्टद्वारा परमेश्वरले तिनीहरूलाई आफैमा पुनर्मिलाप गराइ सक्नु भएको कुरा अझ तिनीहरूले सुनेका छैनन् साथै उहाँले अब उसो तिनीहरूका पापको लेखा तिनीहरूको विरूद्ध लिनु हुँदैन भन्ने जसै मानिसले यो उदेकको खबर सुन्छ, तिनीहरू परमेश्वरतर्फ फर्कन चाहन्छन् र उहाँका बालक जस्तो सठीक स्थान लिने छन्

तर तिनीहरूले सुन्नै पर्छ र परमेश्वरले तिनीहरूलाई येशूको शुभ खबर सुनाउन तपाईलाई चुन्नु भएको छ, जो तिनीहरूको सट्टा क्रूसमा मर्नु भयो र तिनीहरूले शासना भोग्न नपरोस भनी उहाँले तिनीहरूको दण्ड सहनु भयो तिनीहरूका पापको खातिर दाम तिर्न येशूले आफ्नो बहुमूल्य

रगत बगाउनु भएको एंव पापको दासत्वको बजारबाट फिर्ता किन्नु भएको कुरा तपाईबाट तिनीहरूले सुन्नै पर्छ तिनीहरूले नसुनेका यस्तो कुनै व्यक्तिमा तिनीहरूले विश्वास गर्नै सक्तैनन् तिनीहरूले तपाईबाट यो सुन्नै पर्छ कि, ***"परमेश्वर ख्रीष्टमा हुनुभयो, र संसारलाई आफूसित मिलापमा ल्याउनुभयो, औ तिनीहरूका अपराधको हिसाब नलिएर मिलाप गराउने कामको वचन उहाँले हामीमा जिम्मा लगाइदिनुभयो"***

तिनीहरूले तपाईबाट यो सुन्नै पर्छ कि, ***"हामी उहाँमा परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पापै थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो"***

तिनीहरूले तपाईबाट यो सुन्नै पर्छ कि, ***"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँबाट बाँचोस् भनेर पठाउनुभयो"***

तिनीहरूले तपाईबाट यो सुन्नै पर्छ कि, ***"किनकि पापको ज्याला मृत्यू हो, तर परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो"***

तिनीहरूले तपाईबाट सुन्नै पर्छ कि, ***"किनभने तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ, र यो ता तिमीहरू आफैबाट होइन, यो परमेश्वरको वरदान हो कामबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ किनभने हामी उहाँका सृजना हौं"***

तिनीहरूले तपाईबाट सुन्नै पर्छ, ***"जससँग पुत्र हुनुहुन्छ, त्यससंग जीवन छ, जससँग परमेश्वरको पुत्र हुनुहुन्न, त्यससंग जीवन हुँदैन"***

तिनीहरूले तपाईबाट सुन्नै पर्छ, ***"किनभने यदि तिमीले प्रभु येशूलाई आफ्नो मुखले स्वीकार गरयौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँताउनुभयो भनी हृदयमा विश्वास गरयौ भने***



***तिम्रो उद्धार हुनेछ"***

तिनीहरूले तपाईबाट सुन्नै पर्छ, ***"औ परमप्रभुको नाउँ लिने जोसुकै पनि बचाइनेछ"***

तिनीहरूले तपाईबाट सुन्नै पर्छ, ***"तर जत्तिले येशूलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने हक दिनुभयो, अर्थात उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई जो प्राकृतिक नियमबमोजिम मानवीय पिताबाट जन्मेका होइनन्, परमेश्वर नै तिनीहरूका बाबु हुन्"*** याद गर्नु होस् , यसैले ***विश्वास सुनाइबाट, र सुनाइचाहिँ ख्रीष्टको वचनबाट आउँछ,***

यसकारण प्रत्येक दिन तपाई सम्पर्कमा आउनु हुने मानिसहरूलाई तपाईले परमेश्वरको वचनको सत्यतालाई घोषणा गर्नै पर्छ येशू कस्तो हुनुहुन्छ र उहाँले तिनीहरूका निम्ति के गर्नु भयो सो जब सुन्ने छन् तब तिनीहरू आफ्ना पाप र शैतानको छलको कारण भाग्ने र लुक्ने नभएर तिनीहरू परमेश्वरकहाँ दौडी आउन र अनन्त जीवनको उहाँको वरदानलाई अंगाल्ने छन्

***परमेश्वरले मानिसहरूको पक्षपात गर्नु हुन्न*** तपाईको निम्ति उहाँले जे गर्नुभयो उहाँले तपाईद्वारा अरूको निम्ति गर्न चाहनु हुन्छ तपाईलाई बचाएपछि पृथ्वीमा तपाईसंग छोड्ने परमेश्वरको प्राथमिक कारण तपाईलाई सम्पर्कमा आउने अरूलाई येशू बारे शुभ खबर सुनाउन उहाँसंग सहभागी बन्नलाई हो ***बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जगाओ, कोरीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। सित्तैंमा पायौ, सित्तैंमा देओ"*** यस्तो लेखिएको छ, ***"हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता, कृपाका पिता, र सबै सान्त्वनाका परमेश्वर धन्यका हुनुहुन्छ परमेश्वरबाट जुन सान्त्वना हामीले पाएकाछौं, त्यही सान्त्वनाले कुनै पनि सङ्कष्टमा हुनेहरूलाई सान्त्वना दिन सकौं भनेर हो उहाँले हाम्रा सबै सङ्कष्टमा सान्त्वना दिनुभएको छ"***

परमेश्वरबाट प्राप्त गर्नु भएको अनुग्रह, कृपा, शान्ति, सान्त्वना र क्षमा अब तपाईको भएको छ जो अरूलाई सार्नुको निम्ति तपाईको जीवनको निम्ति परमेश्वरको योजना र उदेश्य यही हो, परमेश्वरले

तपाईलाई दिनु भएका सबै कुरा अरूलाई सारी दिनु साँचो खुशीयाली तपाईको जीवनमा अत्यन्तै स्पष्ट तब हुन्छ जब तपाई अरूलाई साँचो खुशीयाली पुरयाउने माध्यम बन्नु हुन्छ

आदिमा, परमेश्वरले तिनीहरूलाई यसो भनेर आशीष दिनुभयो, ***"फल्दै-फुल्दै र वृद्धि हुँदै जाओ "*** अनि येशू ख्रीष्टले भन्नु भयो, ***"मलाई तिमीहरूले रोजेनौ, तर मैले तिमीहरूलाई रोजे, र तिमीहरू गएर फल फलाओ, औ तिमीहरूको फल फलिरहोस् भनी तिमीहरूलाई नियुक्त गरें, जे तिमीहरूले मेरो नाउँमा पितासँग मागौला, उहाँले तिमीहरूलाई दिनुहुनेछ"*** परमेश्वरको योजना सधैं उहाँको सन्तानले उहाँका आशीषहरू पाओस् र ती अरूलाई पनि बाँटोस भन्ने छ परमेश्वरले तपाईद्वारा उहाँको जीवन जिउन चाहनु हुन्छ, उहाँले येशूद्वारा जे गर्नुभयो त्यो तपाईद्वारा गर्न जसै तपाईले विश्वास गर्नु भएको त्यही शुभ खबर अरूलाई घोषणा गर्नु हुन्छ त्यसपछि तिनीहरूले विश्वास गर्न र येशू ख्रीष्टलाई तिनीहरूका प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्न सक्छन्

येशू ख्रीष्टले भन्नुभयो, ***"साँचो साँचो म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, औ तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म पिताकहाँ जान्छु औ जेसुकै तिमीहरू मेरो नाउँमा मागौला, त्यो पुत्रमा पिताको महिमा होस् भनेर म गर्नेछु तिमीहरूले मेरो नाउँमा केही माग्यौ भने, त्यो म गर्नेछु"***
येशूले यो पनि भन्नुभयो, ***"ममा रहो, र म तिमीहरूमा, जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउनसक्तैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्तैनौ। दाखको बोट मैं हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ। जो ममा रहन्छ, र म त्यसमा, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्तैनौ "***

**हामीलाई जति शक्ति, प्रेम र साहसको खाँचो पर्छ त्यो पवित्र आत्माबाट आउँछ जसै हामी ख्रीष्टमा रहन्छौं अनि हामीलाई शक्तिले भर्न र येशू ख्रीष्टको जीवन हामीद्वारा जिउन पवित्र**



**आत्मामा भरोसा राख्छौं येशूले गर्नु भएका कामहरू हामी आफ्नै बल वा शक्तिले गर्न सक्तैनौं उहाँ बिना हामी केही गर्न सक्तैनौं** हामी उहाँमा रहनै पर्छ

येशूले आफ्ना अनुयायीहरूलाई दिनु भएको एउटा अन्तिम आज्ञा यो थियो : ***अनि येशूले तिनीहरूलाई भन्नुभयो, सारा जगत्मा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ औ विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन् - मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन् , र नयाँ भाषाहरू तिनीहरूले बोल्नेछन् तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरो पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन, तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्, र तिनीहरू निको भइजानेछन् तब यसरी प्रभु येशू तिनीहरूसित बोलिसक्नुभएपछि स्वर्गारोहण हुनुभयो, र परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो, औ तिनीहरू निस्केर जताततै प्रचार गरे प्रभु तिनीहरूका सहकर्मी हुनुभयो, र साथसाथै भएका चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नुभयो"***

यो पढ्नाले उत्तेजना दिन्छ कि कसरी येशूले तिनीहरूलाई सबै जगह गएर हरेकलाई प्रचार्ने आज्ञा दिनुभयो र कसरी उहाँ स्वर्गबाट तिनीहरूसंग आफ्नो वचन सुदृढ़ पार्न काम गर्नुभयो, चिन्हहरूले पछ्याउँदै जसै तिनीहरूले घोषणा गरे तलका वचनहरूले यी सबैमा पवित्र आत्माको भूमिका कस्तो थियो त्यो देख्नमा हामीलाई सहायता गर्छ साथै हामी ख्रीष्टका सफल राजदूतहरू बन्नलाई उहाँको अनिवार्यता कति छ: ***"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, औ तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तसम्म मेरा गवाही हुनेछौ अनि जब उहाँले यी कुरा भन्नुभयो, तब तिनीहरूले हेर्दा हेर्दै उहाँ उँभो उचालिनुभयो, औ बादलले उहाँलाई तिनीहरूका दृष्टिबाट ढाकेर लग्यो"***

येशू ख्रीष्टका प्रथम अनुयायीहरूले उहाँले गर्नु भन्नु भएको कुरा दुरूस्तै गरे तिनीहरूले पर्खे र प्रार्थना गरे, अनि परमेश्वरले प्रतिज्ञा गर्नु भएको काम दुरूस्तै प्रकारले गर्नु भयो यो कसरी हुन गयो त्यसको

विवरण परमेश्वरको वचनले यसरी बताउँछ: “औ जब पेन्तिकोसको दिन आइपुगेको थियो, तब तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए अनि अचानक स्वर्गबाट ठूलो बतास बहेको जस्तो हरूरूरू शब्द आयो, र त्यसले तिनीहरू बसेको घर जम्मै भरिदियो औ आगोको जस्तो चिरा चिरा परेका जिब्राहरू तिनीहरूकहाँ देखा परे, र ती तिनीहरू एक एक माथि बसे अनि तिनीहरू सबै पवित्र आत्माले भरिए, र आत्माले तिनीहरूलाई उच्चारण गर्नदिए बमोजिम, तिनीहरू अरू भाषामा बोल्नलागे अब स्वर्गमनि भएका हरेक जातिबाट कैयौं भक्त यहूदीहरू यरूशलेममा बसेका थिए तब यो शब्द सुनेर भीड़ जम्मा भएर आयो, र अकमक्क परयो, किनकि हरेकले आफ्नो आफ्नो भाषामा तिनीहरूलाई बोलिरहेका सुन्यो औ तिनीहरू सबै छक्क परे, र यसो भन्दै अचम्म माने, ‘हेर, के यी सबै बोल्नेहरू गालीली होइनन् र? त कसरी तिनीहरू हरेकले हाम्रा मातृ-भाषामा बोलेको हामी सुन्छौं? पार्थीहरू, मेदीहरू र एलामीहरू औ मेसोपोटामिया, यहूदिया, कपोदिसियाका, पोन्टस र एशियाका बासिन्दा, र फ्रिगिया, प्याम्फिलिया, मिश्र र लिबिया देश, र साइरिनियाका आसपासका जिल्लामा बस्नेहरू, रोमबाट आएका परदेशीहरू, यहूदी र यहूदी मत मान्नेहरू दुवै, औ क्रेतीहरू र अरबीहरू, तिनीहरूले हाम्रा भाषामा परमेश्वरका महाकार्यहरूका विषयमा बोलिरहेका हामी सुन्छौं”

येशूको शुभ खबर पवित्र आत्माले शक्तिशाली तुल्याएका ती साधारण मानिसहरूले संसारका सबै ठाउँबाट भेला भएका मानिसहरूलाई घोषणा गरे येशू बारे तिनीहरूले प्रचार गर्दा र गवाही दिँदा त्यस पश्चात् के भयो परमेश्वरको वचनको विवरण यहाँ छ ए इस्राएली हो, यो कुरा सुन्नुहोस्, शक्तिका काम र आश्चर्यकामहरू र चिन्हहरूबाट तपाईहरूमा एक जना मानिस, अर्थात् नासरतका येशूलाई परमेश्वरले नियुक्त गर्नुभएको हो र तपाईहरूलाई पनि थाहै छ, कि तपाईहरूकै बीचमा यी कामहरू परमेश्वरले उहाँद्वारा गर्नुभएको हो उहाँलाई, परमेश्वरबाट ठहरिएको सल्लाह र अगम-ज्ञानबमोजिम सुम्पेर, अधर्मीहरूका हातद्वारा तपाईहरूले



क्रूसमा टाँगी मार्नुभयो, जसलाई परमेश्वरले मृत्युको पीड़ाबाट छुटकारा दिएर उठाउनुभयो किनकि त्यसको अधीनमा उहाँ भइरहनु असम्भव थियो

“यिनै येशूलाई परमेश्वरले बिउँताउनुभयो। जुन कुराको हामी सबै गवाही छौं। यसैकारण परमेश्वरका दाहिने बाहुलीबाट उच्च पारिनुभएर, पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँलेनै यो खन्याइदिनुभएको हो, जे तपाईहरू देख्नु र सुन्नुहुन्छ”

“त्यसैकारण इस्राएलका सारा घरानाले यो निश्चय जानून्, कि येशू, जसलाई तपाईहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु, र ख्रीष्टसमेत तुल्याउनुभयो यो कुरा तिनीहरूका हृदयमा गड्यो, र पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, ए भाइ हो, हामी के गरौं? पत्रुसले तिनीहरूलाई भने, ‘पश्चताप गर, र तिमीहरू हरेकले पापमोचनको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ. किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, र तिमीहरूका सन्तानको निम्ति हो, जस जसलाई परमप्रभु हाम्रा परमेश्वरबाट आह्वान हुन्छ”.

औ अरू धेरै कुराहरूबाट तिनले तिनीहरूलाई प्रमाण दिई यसो भनेर अर्ती दिए, ‘दुष्ट पुस्ताबाट बच’ तब जस जसले तिनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्राय: तीन हजार प्राणीहरू तिनीहरूमा थपिए औ तिनीहरू प्रेरितहरूका शिक्षा, संगति, संयुक्त भोज र प्रार्थनामा लागिरहे अनि हरेक प्राणीलाई डर भयो औ धेरै अचम्मका काम र चिन्हहरू प्रेरितहरूद्वारा भए औ विश्वास गर्नेहरू जति सबै एकसाथ हिँड्थे, र तिनीहरूका सबै थोक साझा रहन्थ्यो अनि तिनीहरूले आफ्ना धन-सम्पत्ति र माल-मत्ता बेचीकन जस जसलाई जे जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे औ दिनहुँ एकै मनका भई एकोहोरो मन्दिरमा धाएर, औ आफ्ना आफ्ना घरमा रोटी भाँचेर, तिनीहरू हर्ष र शुद्ध हृदयसाथ

*सम्मिलित रूपमा भोजन गर्थे, परमेश्वरको स्तुति गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूमा बढ़ती गराउनुहुन्थ्यो"*

यहाँ हामी ख्रीष्टियन मतको शुरूको बाइबलीय विवरण पाउँछौं। हजारौं मानिसहरूले येशू ख्रीष्टमा विश्वास गरे अनि बप्तिस्मा लिएर मण्डलीमा थपिए (बप्तिस्मा र मण्डली विषय तपाईले यस पुस्तकको परिशिष्टमा अझ बढ़ी पढ़न पाउनु हुनेछ) यी मानिसहरूका जीवन सधैंको निम्ति बदलिन गयो येशूको नाउँमा चिन्ह, चमत्कार र आश्चर्यकर्म हुन गए अनि सबैमा आश्चर्यले छायो अब विश्वासीहरूद्वारा पवित्र आत्माले त्यही काम गरिरहनु भएको थियो जो येशू पृथ्वीमा छँदा उहाँद्वारा गर्नु भएको थियो अनि यो लगातार भइरहयो

*"पत्रुस र यूहन्ना प्रार्थनाको समयमा, अर्थात तेस्रो पहरमा, मन्दिरमा उक्लिरहेका थिए अनि मन्दिरभित्र पस्नेहरूसित भीख मागोस् भनेर आमाको गर्भदेखिको कुनै एक लङ्गड़ो मानिसलाई बोकेर ल्याईकन दिनहुँ मन्दिरको सुन्दर भन्ने ढोकामा राखिदिन्थे त्यसले पत्रुस र यूहन्नालाई मन्दिरभित्र पस्नलागेका देखेर भीख पाउँछु कि भनेर माग्यो अनि यूहन्नासित पत्रुसले त्यसलाई डिठ लगाएर हेरीकन भने, 'हामीतिर हेर!' अनि तिनीहरूबाट केही पाउने आशा गरेर त्यसले तिनीहरूतिर ध्यान दियो तर पत्रुसले भने, 'सुन र चाँदी ता मसित छैन तर जे मसित छ, त्यही म तँलाई दिन्छु नासरतका येशू ख्रीष्टका नाउँमा हिँड़डुल गर्!' औ तिनले त्यसको दाहिने हात समातेर त्यसलाई उठाए, र तुरून्तै त्यसका खुट्टाहरू र गोलीगाँठाका हड्डीहरूमा ताकत पस्यो औ बुर्लुक्कै उफ्रेर त्यो खड़ा भयो, र हिँड़नथाल्यो, औ हिँड़दै र उफ्रँदै, र परमेश्वरको स्तुति गर्दै तिनीहरूसित मन्दिरमा पस्यो तब सबै मानिसहरूले त्यसलाई हिँड़दै गरेको, र परमेश्वरको प्रशंसा गरिरहेको देखे औ तिनीहरूले त्यसलाई मन्दिरको सुन्दर भन्ने मूल ढोकामा भीख माग्नालाई बसिरहने यहीनै हो भनेर चिने, र त्यसमाथि भएको कुरामा तिनीहरू अचम्म र ताजूब भए औ त्यसले पत्रुस र यूहन्नालाई समातिरहँदा सबै मानिसहरू अति*



*अचम्म भएर सुलेमानको दलान भन्ने ठाउँतिर तिनीहरूकहाँ एकैचोटि दगुरी आए औ पत्रुसले यो देखेर मानिसहरूलाई भने, 'हे इस्राएली हो, यस कुरामा तपाईहरू किन अचम्म मान्नुहुन्छ ? अथवा हाम्रो आफ्नै शक्ति कि भक्तिले यसलाई हिँड़ने तुल्याएको जस्तै किन वाल्ल परेर हामीलाई हेर्नुहुन्छ! अब्राहाम, इसहाक र याकूबका परमेश्वर, र हाम्रा पुर्खाका परमेश्वरले आफ्ना सेवक येशूको महिमा गराउनुभयो, जसलाई तपाईहरूले चाहिँ पक्राइदिनुभयो, र पिलातसको सामने उनले उहाँलाई छोड़िदिने विचार गर्दा पनि तपाईहरूले पवित्र र धर्मी जनलाई अस्वीकार गरीकन हामीलाई बक्सिओस् भनी एउटा ज्यानमारालाई माग्नुभयो, र जीवनका कर्त्तालाई तपाईहरूले मार्नुभयो, जसलाई परमेश्वरले मुर्दाबाट बिउँताउनुभयो, जसको विषयमा हामी गवाही छौं औ उहाँका नाउँमा विश्वास गरेकोले गर्दा उहाँकै नाउँले, तपाईहरूले देखेको र जानेको यस मानिसलाई बलियो तुल्यायो उहाँबाट पाएको विश्वासले यसलाई तपाईहरू सबैका सामने पूर्ण आरोग्य दिलायो अब ए भाइ हो, मलाई थाह छ, कि तपाईहरूले अजानमा त्यसो गर्नुभयो, जस्तो तपाईहरूका शासकहरूले पनि गरे तर जुन जुन कुराको समाचार परमेश्वरले सबै अगमवक्ताहरूका मुखबाट अघिबाटै सुनाउनुभएको थियो, कि 'उहाँका ख्रीष्टले दुःख भोग्नैपर्छ, सो उहाँले यसरी पूरा गर्नुभयो यसकारण पश्चाताप गर्नुहोस्, र फर्कनुहोस् , र तपाईहरूका पाप मेटिओस्, औ प्रभुका उपस्थितिबाट आरामको समय आओस्, र उहाँले तपाईहरूका निम्ति अघिबाटै ठहराउनुभएको उनै येशू, अर्थात ख्रीष्टलाई पठाइदिनुहुन्छ "*

त्यसपछि पत्रुस र यूहन्नालाई त्यस समयका धार्मिक अगुवाहरूले पक्रे *तर वचन सुन्नेहरूमध्ये धेरैले नै विश्वास गरे, र मानिसहरूको संख्या प्रायः पाँच हजार जति हुनआयो "* सतावट र विरोध भए तापनि विश्वासीहरूको संख्या लगातार बड़न लाग्यो

*"उनीहरूले यिनीहरूलाई बीचमा खड़ा गराएर सोधे, 'कुन शक्तिबाट, अथवा कसको नाउँमा तिमीहरूले यो गरेका हौ ?*

***तब पवित्र आत्माले भरिपूर भएर पत्रुसले तिनीहरूलाई भने, 'ए जनताका शासक र बूढ़ा प्रधान हो, आजको दिन हामीले एउटा निर्बल मानिसमाथि एउटा असल काम गरेको विषयमा त्यो के कति कारणले निको पारियो भनेर हामीले बयान दिनुपर्छ भने, तपाईहरू सबै र सारा इस्राएलका सबै जनतालाई थाह होस् , कि तपाईहरूले क्रूसमा चढ़ाउनुभएका र परमेश्वरले मुर्दाबाट बिउँताउनुभएका, नासरतका येशू ख्रीष्टको नाउँमा, यो मानिस तपाईहरूका सामने निको भएर उभिएको छ उहाँ त्यही ढुङ्गो हुनुहुन्छ" "औ नता अरू कसैबाट मुक्ति छ, किनकि स्वर्गमनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन, जसबाट हामीले उद्धार पाउनसक्छौं जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अपठित र अजान रहेछन् भनी थाह पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भनेर पनि तिनीहरूले थाह पाए औ निको भएको मानिसलाई यिनीहरूसँग उभिरहेको देखेर उनीहरूले त्यसको विरूद्धमा केही भन्नसकेनन्***

ती शासकहरू र अधिकारीवर्गले आखिरमा विश्वासीहरूलाई येशूको नाउँमा त्यस उप्रान्त कहिले नबोल्नु भनेर तिनीहरूलाई आज्ञा गर्दै छोड़िदिए, तर पत्रुस र यूहन्ना अन्य विश्वासीहरू कहाँ फर्केर तिनीहरूसंग प्रार्थनामा सामेल भए: ***र अब हे प्रभु, तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईका दासहरूलाई बिलकुल निर्भयतामा तपाईको वचन बोल्नदिनुहोस्, आरोग्यको निम्ति तपाईले आफ्नो बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्वारा चिन्ह र आश्चर्यकाम गर्नसकून् औ तिनीहरूले प्रार्थना गरिसकेपछि तिनीहरू सबैजना पवित्र आत्माले भरिए, र तिनीहरूले निर्भयतासँग परमेश्वरको वचन बोले अनि विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माको भएका थिए, औ तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए औ बड़ो शक्तिसित ती प्रेरितहरूले प्रभु येशूको पुनरूत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो***



***किनभने तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैन थियो, किनकि जत्ति जना जग्गा-जमीन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर बिक्रीको मोल ल्याउँथे, र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस जसलाई जे जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे"***

त्यही पवित्र आत्मा जसले येशू संसारमा छँदा परमेश्वर र उहाँका सामर्थी शक्तिलाई प्रकट गर्नुभयो, येशू स्वर्ग फर्कनु भएपछि उहाँले विश्वासीहरूका जीवनबाट त्यही काम सम्पन्न गर्नु भयो

यस्तो लेखिएको छ, ***येशू ख्रीष्ट हिज, आज, अँ, सधैंभरि एक समान हुनुहुन्छ*** अनि ***"यदि येशूलाई मरेकाबाट बिउँताउनुहुनेका आत्मा तिमीहरूमा बास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट बिउँताउनुहुनेलेनै तिमीहरूमा बास गरेका उहाँका आत्माद्वारा तिमीहरूका नाशमान शरीरहरूलाई पनि जीवित पार्नुहुनेछ"*** त्यही पवित्र आत्मा जो अब तपाईमा जिउनु हुन्छ उहाँले तपाईद्वारा येशू ख्रीष्टको जीवन आज प्रदर्शन गर्न चाहनु हुन्छ ख्रीष्टियन मतको शुरूका दिनहरूमा विश्वासीहरूले प्राप्त गरेका साहस, प्रेम र शक्तिको स्रोत पवित्र आत्मा हुनुहुन्थ्यो जो आज पनि तपाई र मेरो निम्ति उपलब्ध छ ताकि परमेश्वरले चाहनु भए अनुसार हामी पनि आफ्नो पुस्ता, परिवार, मित्रवर्ग र हरेक दिन हामी सम्पर्कमा आउने मानिसहरू बीच गवाही बन्न सक्छौं

***"साँचो खुशीयाली परमेश्वरसंग सहभागितामा रहनु हो"*** जसै हामी उहाँलाई पवित्र आत्माद्वारा हामीमा र हामीद्वारा काम गर्न दिन्छौं, अरूलाई येशूबारे शुभ खबर घोषणा गर्न लाग्छौं, हामी उहाँसंग सहभागी बन्छौं अनि उहाँ हामीसंग सहभागी बन्नु हुन्छ त्यसपछि उहाँ हामीसंग काम गर्नु हुन्छ, साथ- साथै पछ्याएका चिन्हद्वारा उहाँको वचनलाई सुदृढ़ पार्दै जसै तपाईले आफ्नो जीवनकालमा परमेश्वरलाई उहाँका उदेश्यहरू पूरा गर्ने अनुमति दिनु हुन्छ, तपाई यस्तो एक अवर्णनीय आनन्दले भरपूर बन्नु हुन्छ कि तपाईले कहिल्यै सम्भव होला भन्ने नसम्झनु भएको अझ बढ़ी साँचो खुशीयाली पाउनु हुनेछ तथापि यो साँचो खुशीयाली त त्यसदिन अनुभव गरिने महिमासंग तुलना हुने कुराको शुरूमा पनि आउँदैन जब तपाई येशूसंग स्वर्गमा पुग्नु हुनेछ र तपाईले उहाँलाई आफ्नो सम्मुख

देख्नु हुँदा उहाँले तपाईलाई भन्नु हुनेछः ***"श्याबास, असल र इमान्दार नोकर, तैलें थोरै कुरामा इमान देखाइस्, अब म धेरै कुरामा तँलाई नियुक्त गर्नेछु तँपनि आफ्ना मालिक सँगसँगै खुशी हो "***

शायद तपाईले यो पुस्तक तपाईको जीवनको रित्तोपनालाई भरूँ भनेर पढ्न थाल्नु भएको थियो तर येशूको कारण जीवन त तपाईले कल्पना गर्नु भएको र कल्पना गर्न सकिने कुरा भन्दा अझ धेरै बढ्ता रहेछ भन्ने अब आविष्कार गर्नु भएको छ यो अवसरलाई फुस्किन नदिनु होस् औ शैतानलाई अझ बढ़ी छक्याउन न दिनु होस् जुन कुराको निम्ति परमेश्वरले तपाईलाई पक्रनु भयो त्यस कुरालाई पक्रनु होस् तपाईलाई परमेश्वरले अब जस्तो बन्ने कारण दिनु भएको छ त्यसको पूर्णतामा जिउनु होस् परमेश्वरको नजीक आउनु होस र उहाँ तपाईको नजीक आउनु हुनेछ,

यसपछि रहेको परिशिष्ट पढ्नु भए पश्चात् तपाईले परमेश्वरको पुस्तकको एउटा मुफत प्रति पाउनलाई बिन्ती गर्न सक्नु हुन्छ ताकि तपाईले त्यसलाई पढ़ेर एंव अध्ययन गरेर त्यसले बताए अनुसार जान र काम गर्न सक्नु हुन्छ तर अहिलेदेखिनै तपाईले पढ्नु भएको र सिक्नु भए जति कुरामा काम गर्न र व्यवहारमा ल्याउन शुरू गर्नु पर्छ यो पुस्तकलाई बारम्बार पढ्नु होस साथै सित्थैमा पाइने अझ धेरै प्रति मगाउनु होस ताकि तपाईले येशू बिहीन जिउने अरू मानिसलाई त्यो बाँट्न सक्नु हुन्छ याद गर्नु होस्, ***"सित्तैंमा पायौ, सित्तैमा देओ"***

यहाँ एउटा प्रार्थना छ जसले तपाईलाई उहाँसंग सहभागितामा जिउँदा एउटा सेवाको जीवन बिताउनलाई परमेश्वरमा आफैलाई समर्पण गर्नमा सहायता गर्ने छ :

*प्रिय स्वर्गीय पिता,*

*तपाईलाई धेरै धन्यवाद छ तपाईका पुत्र येशूलाई मेरो सट्टा मर्न दिनु भएको निम्ति ताकि म तपाईकहाँ फर्कन सकूं र तपाईको बालक बन्न सकूं म तपाईको प्रेमको निम्ति र हरेक प्रकारले मेरो जीवनको प्रबन्ध गर्नु भएको निम्ति अति नै कृतज्ञ छु मेरो वास्ता गर्नु भएको निम्ति तपाईलाई धन्यवाद छ*

*तर अब प्रभु, म बुझ्छु कि तपाईले मलाई आफ्नै निम्ति मात्र बचाउनु भएन तर तपाई पवित्र आत्माद्वारा ममा जिउनलाई बचाउनु भयो*



*ताकि तपाईले मलाई दिनु भएका सबै कुरा अरूले पनि पाउन सकोस म जान्दछु कि ख्रीष्टको एक राजदूत बन्नु एउटा अचम्मको सौभाग्य हो अनि म आज तपाईबाट यो बोलाहटलाई नम्रतासंग ग्रहण गर्छु यो जानेर कि केवल तपाईको शक्तिद्वारा म यो जिम्मावारी निभाउन सक्छु यसकारण म तपाईसंग विन्ती गर्छु कि अहिले मलाई तपाईको पवित्र आत्माले भर्नु होस - मलाई चाहिने सबै कुरा प्रदान गरेर जसद्वारा मलाई जे हुन बोलाउनु भयो त्यो म बन्न सकूं पवित्र आत्मा, म तपाईको निम्ति यसै घड़ी आफ्नो जीवनलाई खुलस्त पार्छु र तपाई मेरो जीवनमा आउनलाई म स्वागत गर्छु औ मलाई भर्नु होस्, नियन्त्रण गर्नु होस अनि शक्तिले पूर्ण तुल्याउनु होस ताकि मेरो जीवनमा र जीवनद्वारा येशू ख्रीष्ट महिमित बन्न सकून जसै म उहाँलाई अरूसंग घोषणा गर्छु*

*धन्यवाद छ तपाईलाई येशू ,तपाईले प्रतिज्ञा गर्नु भए अनुसार मलाई पवित्र आत्माले बप्तिस्मा दिनु भएको निम्ति म तपाईको वचन अनुसार विश्वासद्वारा यसै घड़ी पवित्र आत्मालाई ग्रहण गर्छु औ अब म येशूको नाउँमा अरूकहाँ सेवा गर्न परमेश्वरबाट शक्तिले पूर्ण भएको छु भनी म विश्वास गर्छु अनि जसै म येशू बारे शुभ खबर अरूलाई सुनाउँछु, रोगीमाथि हात राख्छु र येशूको नाउँमा भूतहरू धपाउँछु, चिन्हहरूद्वारा तपाईका वचनलाई सुदृढ़ पार्दै तपाई मसंग काम गर्नु हुनेछ म विश्वास गर्छु कि आत्माका फलहरू मेरो जीवनमा र मेरो जीवनद्वारा पवित्र आत्मा, तपाईले चाहनु भएअनुसार मेरो जीवनलाई कुनै प्रकारले, कुनै समय र कुनै जगह प्रयोग गर्नु होस् तपाईका वरदानहरू र येशूको जीवनलाई मेरो जीवनद्वारा प्रकट गर्नु होस जसै म तपाईको निर्देशनलाई पछ्याउन र परमेश्वरले जो बन्न बोलाउनु भएको छ त्यस अनुसार हुनलाई प्रयास गर्छु*

*येशूको नाउँमा,*

*आमेन!*

❖

# परिशिष्ट

यो परिशिष्टमा, तपाई एक फलदायक ख्रीष्टियन बन्न र ख्रीष्टको असल प्रतिनिधित्व गर्ने एक राजदूत बन्न तपाईलाई सहायता हुने केही विषयहरूलाई चर्चा गरिनेछ

हामीले चर्चा गर्ने पहिलो विषय बप्तिस्मा हो बाइबल अनुसार जब मानिसहरूलाई बप्तिस्मा दिइन्छ त्यसबेला उनीहरूलाई केही क्षणको निम्ति पानी मुनि डुबाइन्छ अनि त्यसपछि पानीदेखि माथि निकालिन्छ यो काम येशूले आफ्ना चेलाहरूलाई दिनु भएको आज्ञालाई पालन गर्दै गरिन्छ :

अनि उहाँले तिनीहरूलाई भन्नुभयो, ***"सारा जगत्मा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ"*** अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसित यसो भन्दै बोल्नुभयो, ***"स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ यसकारण गएर सबै देशका जातिहरूलाई चेला बनाओ, र पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ जे जे मैले तिमीहरूलाई आज्ञा गरे तिनीहरूलाई ती सबै गर्नालाई सिकाओ र हेर, म सब दिन, अँ, जगतको अन्तसम्म तिमीहरूका साथमा छँदैछु"*** बप्तिस्मा लिने काम चाहिँ एउटा नयाँ ख्रीष्टियनले येशू ख्रीष्टलाई मुक्तिदाता र प्रभु भनी ग्रहण गर्न रोजेको कुराको निश्चयतालाई सर्वसाधारण तौरले घोषणा गर्नु हो यो बाहिरी एंव शारीरिक रूपले गर्ने काम चाहिँ त्यो नयाँ विश्वासीको जीवनमा आन्तरिक र आत्मिक रूपले भइसकेको कामको प्रतिच्छाँया हो

बाइबलका निम्नलिखित भागहरूमा मानिसहरूले विश्वास गरेपछि तिनीहरूलाई बप्तिस्मा दिनु एउटा सामान्य चलन थियो भन्ने दर्शाउँछ :

***"पत्रुसले तिनीहरूलाई भने, पश्चाताप गर, र तिमीहरू हरेकले पापमोचनको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ , र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, र तिमीहरूका सन्तानको निम्ति, र टाढ़ा टाढ़ामा रहेका सबैका निम्ति हो, जस जसलाई परमप्रभु हाम्रा***



***परमेश्वरबाट आह्वान हुन्छ औ अरू धेरै कुराहरूबाट तिनले तिमीहरूलाई प्रमाण दिई यसो भनेर अर्ती दिए, दुष्ट पुस्ताबाट बच तब जस जसले तिनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए, र त्यसै दिन प्राय: तीन हजार प्राणीहरू तिनीहरूमा थपिए"***

***तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपलाई विश्वास गरे, तब पुरूष र स्त्रीहरू दुवैले बप्तिस्मा लिए "तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै ठाउँदेखि लिएर येशूको सुसमाचार बताइदिए अनि उनीहरू बाटोमा जाँदाजाँदै कुनै पानीनेर आइपुगे औ ती नपुंसकले भने, 'हेर्नुहोस् , यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनालाई केले रोक्छ र? फिलिपले भने, 'यदि तपाईले हृदयलेनै विश्वास गर्नुहुन्छ भने तपाई हुन सक्नुहुन्छ अनि तिनले रथ रोक्नलाई आज्ञा दिए, औ फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए" "हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई बप्तिस्मा हुन नदिन कसले पानी मनाई गर्नसक्छ? अनि तिनले उनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनु भनी आज्ञा गरे तब उनीहरूले तिनलाई केही दिन त्यहीं रहनुहोस् भनी बिन्ती गरे" "अनि त्यस सभाघरका शासक क्रिस्पस र उनका सारा परिवार समेतले प्रभुमा विश्वास गरे, र कोरिन्थीहरूमध्ये पनि धेरै जनाले विश्वास गरे, र बप्तिस्मा लिए"***

बप्तिस्मा लिने काम चाहिँ एउटा विश्वासीले प्रभु येशू ख्रीष्टको मृत्यू, गाड़िनु र बौरि उठनुसंग उसले आफैलाई समानतामा ल्याउने तरिका हो ***अथवा के तिमीहरू अजान छौ, हामी सबै, जत्ति जनाले ख्रीष्टमा बप्तिस्मा लियौं, उहाँकै मृत्यूमा बप्तिस्मा लिएका थियौ? यसकारण त्यस बप्तिस्माद्वारा हामी उहाँसँगै गाड़ियौं, र जसरी ख्रीष्ट मरेकोबाट पिताको महिमाद्वारा बिउँताइनुभयो, त्यसरीनै हामी पनि नयाँ जीवनको चालामा हिँड़ौं*** यसकारण, बप्तिस्मा लिनको निम्ति तपाई ख्रीष्टको आज्ञा पालन गर्न इच्छुक भएको हुन्छ अरूलाई

तपाईले ख्रीष्टमा पाएको नयाँ जीवनलाई घोषणा गर्ने एउटा उदेकको तरिका हो परमेश्वरले तपाईलाई एउटा संगी-विश्वासी कहाँ डोरयाउन् भनेर प्रार्थना गर्नु होस जसले तपाईलाई बप्तिस्मा दिन इच्छुक बन्छन्, हुन सक्छ त्यो व्यक्ति जसले तपाईलाई यो पुस्तक दिएको थियो

नियमित रूपले येशू ख्रीष्टलाई पछ्याउने अरू मानिसहरूसंग तपाईले भेटनु पनि मुख्य छ येशूलाई र उहाँको वचनलाई प्रेम गर्ने अरू ख्रीष्टियनहरूसंग संगति गर्नाले तपाईलाई र उनीहरूलाई बलियो बन्नमा सहायता मिल्छ परमेश्वरले तपाईको निम्ति ख्रीष्टमा के गर्नु भयो त्यो अरू विश्वासीहरूलाई ठूलो उत्साहको कुरा हुन सक्छ, अनि अरू विश्वासीहरूको जीवनमा परमेश्वरले गर्नु भएको कुरा तपाईको निम्ति उत्साह र आशीष हुन सक्छ

तपाईले अध्याय - ७ मा पढ्नु भए जस्तो ती नयाँ विश्वासीहरू दिनहूँ संगति, प्रार्थना, संयुक्त भोज, परमेश्वरको वचन सुन्न र सिक्न, परमेश्वरलाई प्रशंसा चढ़ाउन, एका-अर्काका भौतिक र आत्मिक खाँचोहरू पूरा गर्न र अरू जगह गएर येशू बारे नसुनेका अरू मानिसलाई शुभ खबर बाँटनलाई भेला हुन्थे ***"परमेश्वरको स्तुति गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूमा बढ़ती गराउनुहुन्थ्यो " "यसरी पत्रुस*** **झ्यालखानमा राखिए।** ***तर तिनका निम्ति मण्डलीले परमेश्वरलाई बड़ो जोशसँग प्रार्थना गरिरहेको थियो "*** ती विश्वासीहरू विभिन्न समयहरूमा भिन्दा-भिन्दै जगहहरूमा भेला हुन्थे तिनीहरू भेला हुने ठाउँ मुख्य थिएन तर नियमित रूपले भेला हुनु मुख्य थियो, ताकि बलिया बनेका विश्वासीहरूले कमजोर विश्वासीहरूलाई सहायता दिन सक्थे परमेश्वरका साधनहरू जिम्मा पाएकाहरूले खाँचोमा परेकाहरूलाई बाँटने गर्थे

हिज-आज विश्वासीहरू भेला हुने भवनलाई मण्डली भनिन्छ तर बाइबलले मण्डली चाहिँ येशू ख्रीष्टका विश्वासीहरूको झुण्ड हो भनेर सिकाउँछ मण्डली वास्तविक मानिसहरूले बनिन्छ, तिनीहरू भेला हुने भवन वा घरले होइन ***"जुन परमेश्वरले संसार र त्यसमा भएका***



***यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका परमप्रभु भईकन हातले बनाएको मन्दिरमा बास गर्नुहुन्न"*** येशूले भन्नुभयो, ***"किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका बीचमा हुन्छु"***

तपाई येशूको नाउँमा अरूसंग मिलेर परमेश्वरको आराधना गर्दा परमेश्वरको आत्मा तपाईसंग विशेष प्रकारले रहनेछ, एका अर्कालाई निर्माण गर्न र प्रभुसंग तपाई हिँड्ने पाइलाहरूमा एका दुस्रालाई उत्साह दिन

तपाई पवित्र आत्माको मन्दिर हुनुहुन्छ भनेर याद गर्नु पनि मुख्य छ परमेश्वर उहाँका आत्माद्वारा तपाईमा जिउनु हुन्छ र बास गर्नु हुन्छ उहाँ कति प्रेमी र व्यक्तिगत प्रकारको परमेश्वर हुनुहुन्छ तपाईभित्र रहनु हुने परमेश्वरको आत्माप्रति तपाई अति संवेदनशील बन्नु होस, न केवल तपाई एकलो रहँदा, तर तपाई अरू विश्वासीहरूसंग भेला हुँदा पनि तपाईको शरीरले परमेश्वरको इज्जत गर्नु होस ***"तिमीहरूको शरीर तिमीहरूमा भएका पवित्र आत्माको मन्दिर हो, जो परमेश्वरबाट तिमीहरूले पाएका छौ भन्ने के तिमीहरूलाई थाह छैन? औ तिमीहरू आफै ता आफ्नै होइनौ किनभने तिमीहरू दाम तिरेर किनिएका हौ, यसकारण आफ्नो शरीरमा परमेश्वरको महिमा गर "***

अध्याय - ७ मा तपाईले कसरी पवित्र आत्माले शुरूमा येशूका अनुयायीहरूद्वारा तिनीहरू जहाँ-कहीँ गए अविश्वासीहरू अघि उहाँलाई प्रकट गर्ने काम गर्नु भयो भन्ने पढ्नु भयो यो कार्य दिनहूँ भइरहयो तिनीहरूले एका-दुस्राका खाँचो पूरा गर्दै औ एका-दुस्रालाई उत्साह दिँदै आपस्तमा संगति गर्थे अनि अन्य जगह गएर येशूको विषयमा शुभ खबर अरूलाई घोषणा गर्थे यहीनै अब तपाईको जीवनको सार बनेको छ: वचन र काम दुवै प्रकारले येशूलाई अरू मानिसमा चिनाउनु तपाई परमेश्वरका चुनिएको भाँड़ा हुनुहुन्छ, केवल तपाईभित्र रहनलाई होइन तर तपाईद्वारा जिउनलाई तपाईभित्र जिउनु हुने येशू अब तपाईसंग हरेक दिन सम्पर्कमा आउने मानिसको आशा हुनुहुन्छ तपाई विशेष व्यक्ति हुनुहुन्छ र यस पृथ्वीमाथि उहाँको योजना र इच्छा कार्यान्वित गर्न परमेश्वरलाई

तपाईको खाँचो छ परमेश्वरको निम्ति जिउनलाई सम्पूर्ण तौरले आफैलाई समर्पण गर्नु होस यसो गर्नु सधैं सजिलो हुने छैन तर त्यो सधैं नै मूल्यको हुनेछ धेरै ख्रीष्टियनहरू सतावटमा परेझैं अरूबाट तपाई पनि सतावटमा पर्न जाला तर तपाईले अनुभव गर्न पर्ने कुनै हलुंग र क्षणिक कष्टहरूभन्दा तपाईमा प्रकट हुने महिमाले अत्यन्तै उछिन्ने छ परमेश्वरका एक महान दासको वचनको विवरण पढ्नु होस :

***“किनभने हामी आफैलाई होइन, तर ख्रीष्ट येशूलाई प्रभुजस्तै, र हामी आफूलाई चाहिँ येशूको खातिर तिमीहरूका दास जस्तोगरी प्रचार गर्छौं किनभने अँध्यारोबाट ज्योति चम्कनेछ भन्ने परमेश्वरनै हुनुहुन्छ, जो येशू ख्रीष्टको मोहड़ामा परमेश्वरको महिमाको ज्ञानको ज्योति देखाइदिनलाई हाम्रा हृदयमा चम्कनुभयो तर शक्तिको सर्वश्रेष्ठ महत्व हामीबाट होइन, तर परमेश्वरको होस् भनेर हामीसँग यो धन माटोको भाँड़ामा छ हामी सबैतिरबाट मिचिएका छौं, तापनि चूर्ण पारिएका छैनौं अन्योलमा परेका छौं, तापनि निराश भएका छैनौं खेदिएका छौं, तापनि त्यागिएका छैनौं पिटिएका छौं, तापनि नष्ट भएका छैनौं येशूको जीवन पनि हाम्रा शरीरमा प्रकट होस् भनेर हामी येशूको मरणावस्था सधैं हाम्रा शरीरमा धारण गर्दछौं किनकि येशूको जीवन पनि हाम्रा मरणशील शरीरमा प्रकट होस् भनेरनै हामी जो जीवित छौं, येशूको खातिर सधैं मृत्यूको निम्ति सुम्पिएका हुन्छौं यसरी मृत्यूले हामीमा काम गर्दछ, तर जीवनले तिमीहरूमा। ‘मैले विश्वास गरे, यसकारण मैले बोले भन्ने लेखिएअनुसार विश्वासको त्यही आत्मा भएका हुनाले हामी पनि विश्वास गर्दछौं, यसैकारण हामी बोल्छौं पनि यो जानेर कि, प्रभु येशूलाई बिउँताउनुहुनेले हामीलाई पनि येशूसँगै बिउँताउनुहुनेछ, र तिमीहरूसँगै उहाँको सामने हामीलाई उपस्थित गराउनुहुनेछ किनभने अनुग्रह धेरैद्वारा वृद्धि भएर परमेश्वरको महिमाको निम्ति धन्यवाद दिने काम पनि प्रशस्त बढ़ने हुनाले सबै थोक तिमीहरूकै खातिरमा भएका हुन् यसकारण हामी हरेस खाँदैनौं, तर हाम्रो बाहिरी मनुष्यत्व नाश भइरहेको हुन्छ, तापनि हाम्रो भित्री मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदै आएको हुन्छ किनभने हाम्रो छिनभरको हलुका कष्टले हाम्रो निम्ति झन् बढ़ता गरेर महिमाको अनन्त बोझ उत्पन्न गरिदिन्छ हामी देखिने कुरालाई होइन, तर नदेखिने कुरालाई हेर्दैरहन्छौं, किनभने देखिने कुराहरू लौकिक मात्र हुन् तर नदेखिने कुराचाहिँ अनन्त हुन्”*** **“यसर्थ, जब हामीले कष्टहरू, जाँचहरू र परीक्षाहरू सामना गरिरहेका हुन्छौं औ विश्वासका कर्त्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं जसले उहाँको सामने राखिदिएको आनन्दको निम्ति शर्मलाई घिन गरेर क्रूसको शासना भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ”**



***हे मेरा भाइ हो, तिमीहरू अनेक किसिमका परीक्षाहरूमा पर्दा पूरा आनन्द सम्झ यो जानेर कि, तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गराउँछ तर धीरजलाई त्यसको पूरा काम गर्न देओ औ तिमीहरूमा कुनै कुराको अभाव नभएर सिद्ध र पूर्ण होओ*** **धीरज हाम्रो ख्रीष्टियन अनुभवको एउटा अत्यन्त मुख्य भाग हो हामीले आफ्नो जीवनमा यो गुणलाई वृद्धि गर्नु पर्छ कारण धीरज बिना हाम्रो विश्वास विशुद्ध र सिद्ध बन्न सक्तैन** ***भलाइ गर्नामा हरेस नखाऔं, किनभने, यदि थाकेनौं भने, ठीक समयमा हामी कटनी गर्नेछौं” त्यसकारण आफ्नो यो साहस नछोड़, जसमा इनामको ठूलो प्रतिफल छ परमेश्वरको इच्छा पालन गरेर प्रतिज्ञाको फल पाइने भएको हुनाले तिमीहरूलाई धीरजको आवश्यकता छ”*** **येशूसंग तपाई दिनहूँ हिँड़ने क्रमको आधार प्रेममा आफै प्रकट हुने विश्वास हो** परिस्थिति कस्तै जटिल किन नदेखियोस्, तपाईले परमेश्वरको वचनलाई विश्वास गर्न छोड़नु हुँदैन अनि तपाईले प्रेमको जीवन जिउन छोड़नु हुँदैन तपाई परमेश्वरका प्रतिज्ञाहरूबाट टाढ़ा हट्नु हुँदैन यस्तो समय पनि आउँछ जब परमेश्वरको वचनमा तपाईले राख्नु भएको विश्वासले काम गरे जस्तो लाग्दैन, तर त्यस्तो समय धीरज राख्नको निम्ति हो न कि छोड़ेर भाग्न।

जब तपाईले अरूबाट दुर्व्यवहार पाउनु हुन्छ उनीहरूलाई प्रेम गर्न नछोड्नु होस अनि कहिल्यै ***खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित***

***अन्त्यमा, प्रभुमा र उहाँको शक्तिको सामर्थ्यमा बलवान होओ शैतानका युक्तिहरूका विरूद्धमा खड़ा हुनसक्नालाई परमेश्वरको सारा हात-हतियार धारण गर किनकि हाम्रो यो लड़न्त मानिसहरूका विरूद्धमा होइन, तर प्रधानताहरू, अधिकारहरू, यस अन्धकारका सांसारिक शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टयाइँका आत्मिक सेनाहरूका विरूद्धमा हो यसैकारण परमेश्वरका सारा हात-हतियार उठाओ, र खराब दिनमा सामना गर्न र सबै काम गरेर खड़ा हुनसक्ने होओ यसकारण आफ्ना कम्मर सत्यताले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, औ खुट्टामा मिलापको सुसमाचारको तयारीका जुत्ता लगाओ, तीबाहेक विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निवाण निभााउनसक्ने हुनेछौ औ मुक्तिको टोप लेओ, र आत्माको तरवार जो चाहिँ परमेश्वरको वचन हो सारा प्रार्थना र अन्तरबिन्तीबाट, हर समय आत्मामा प्रार्थना गरेर, यसैमा सारा पवित्र जनहरूका निम्ति सतर्क भएर खुरन्धार अन्तरबिन्ती गर*** याद गर्नु होस् अब तपाई एउटा हराएको र मर्दै गरेको संसारको निम्ति ख्रीष्टको राजदूत हुनुहुन्छ तपाई परमेश्वरको सेनाको एक सिपाही हुनुहुन्छ ***विश्वासको उत्तम लड़न्त लड़*** यदि परमेश्वर तपाईको पक्षमा भए, तपाईको विरूद्ध को हुन सक्छ ***जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान हुनुहुन्छ तपाईलाई प्रेम गर्नु हुनेद्वारा तपाई विजयीहरूभन्दा पनि बढ़ी हुनुहुन्छ*** **जेको निम्ति ख्रीष्टले तपाईलाई पक्रनु भयो त्यो पक्रनु होस आफ्ना शत्रुहरूलाई प्रेम गर्नु होस्, तपाईलाई खेदो गर्नेहरूलाई आशीर्वाद दिनुहोस औ तपाईलाई हेला गर्नेहरूको निम्ति प्रार्थना गर्नु होस**

तपाई एउटा दिने व्यक्ति बन्नु होस| परमेश्वरले तपाईलाई जे दिनु भएको छ तपाईदेखि अझ दुर्भाग्यमा परेकाहरूसंग बाँटनु होस



***सित्तैमा पायौ, सित्तैमा देओ लिनु भन्दा दिनु अझ आशीषप्रद हो*** जब कसैलाई खाँचोमा परेको देख्नु हुन्छ, तपाईले मुठी बन्द नगर्नु होस, येशूको नाउँमा तिनीहरूको खाँचो पूरा गर्नु होस ***येशू चाँड़ै आउँदै छन्*** उहाँ पृथ्वीमा रहनु भएको बेला, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, ***मेरा पिताको घरमा धेरै बस्ने ठाउँहरू छन् त्यसो नभए, म तिमीहरूलाई भन्ने थिएँ, किनकि म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु औ यदि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउँछु , र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ***

***यसकारण यदि तिमीहरू ख्रीष्टसँगै बिउँतिएका छौ भने माथिका कुराहरू खोज, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ माथिका कुरामा मन लगाओ, पृथ्वीमा भएका कुरामा होइन, किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन ख्रीष्टसँग परमेश्वरमा लुकेर रहेको छ जब ख्रीष्ट अर्थात हाम्रो जीवन प्रकट हुनुहुन्छ, तब तिमीहरू पनि उहाँसितै महिमामा प्रकट हुनेछौ***

❖

# परमेश्वरको वचन



बाइबल जो परमेश्वरको लिखित वचन हो, यो सम्पूर्ण पुस्तकको आधार र जग हो यस पुस्तकमा लेखिएका सबै कुरा परमेश्वरको वचनको सत्यतामा आधारित छन् बाइबल चाहिँ परमेश्वरको आफ्नै बारे मानिस जातिलाई दिइएको लिखित विवरण, लेखा र प्रकाश हो

बाइबलबाट निकालिएका धेरै पवित्र शास्त्रका भागहरू यो पुस्तकमा प्रयोग गरिएको छ पुस्तक भरी ती वचनहरू चहकिलो अक्षरमा छापिएको छ जसै तपाई पुस्तकलाई फेरि पढ्नु हुन्छ, बाइबलबाट निकालिएका ती परमेश्वरका वचनहरूमा विशेष ध्यान दिनु होला बाइबलले आफ्नै विषयमा भनेका केही कुरा यस्तो छ :

***"तर पहिले यो जान, कि कुनै धर्मशास्त्रको कुनै अगमवाणी कसैले खास आफ्नै अर्थले दिएको होइन, किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट उत्तेजित भएर मानिसहरूले परमेश्वरका तर्फबाट बोल्दथिए"***

***"तिमीले बाल्यकालदेखि पवित्र लेखोटहरू जानेकाछौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई बुद्धिमान तुल्याउनसक्दछ। परमेश्वरबाट प्रेरणा भएको हरेक धर्मशास्त्र जो छ, सो सिकाउनलाई, अर्ती दिनालाई, सच्याउनलाई, उचित जीवन यापन गर्नालाई उपयोगी हुन्छ, र परमेश्वरको जन हरेक सुकर्ममा पूर्णरूपले सुसज्जित भई सिद्ध भएको होस्"***

परमेश्वरको वचन लेख्न र बोल्नको निम्ति जुन मानिसहरूलाई परमेश्वरले चुन्नु भयो तिनीहरूमा उहाँले आफ्ना वचनहरू स्वास झैं फुकिदिनुभएर तिनीहरूलाई पवित्र आत्माले नै डोरयाएका थिए बाइबल परमेश्वरको वचन हो, मानिसको वचन होइन औ यद्यपि परमेश्वरले उहाँको वचनको विवरण राख्न मानव माध्यम चलाउनु भयो तथापि उहाँको वचन कहिल्यै बितेर जाने छैन परमेश्वर अनन्त हुनु भए जस्तै ती अनन्त छन् ***'हे परमप्रभु तपाईको वचन सदा सर्वदा, स्वर्गमा स्थिर रहेको छ***

***"स्वर्ग र पृथ्वी बितेर जानेछ तर मेरो वचन चाहिँ बितेर जानेछैन"***

***"घाँस सुकिहाल्छ, फूल ओइलाइहाल्छ तर हाम्रा परमप्रभुको वचन सधैंभरि अटल रहनेछ"***

***"परमेश्वरको हरेक प्रतिज्ञा जाँचमा साँचो ठहरिएको छ उहाँमा शरण लिनेहरूका निम्ति उहाँ ढाल हुनुहुन्छ"***

***"किनकि परमेश्वरको वचन जीवित र प्रबल, र कुनै दुइधारे तरवारभन्दा पनि धारिलो, औ प्राण र आत्मालाई जोर्नी जोर्नी र हड्डीका मासीलाई भाग भाग पारूञ्जेलसम्म वारपार छेंड्ने, र हृदयको भावना र विचारलाई जाँच्न सक्ने हुन्छ"***

***"किनकि जत्ति कुरा अघि लेखिए, ती सबै हाम्रो शिक्षाको निम्ति हो, कि धीरज र धर्मशास्त्रको शान्तिद्वारा हामीलाई आशा होस् "***

तपाईले पढ्न सक्नु हुने सबैभन्दा मुख्य कुरा परमेश्वरको वचन हो जसै तपाई बारम्बार यस पुस्तकलाई पढ्न र अध्ययन गर्नु हुन्छ तपाईले यस पुस्तकभरी रहेका चहकिला अक्षरहरूमा रहेको पवित्र शास्त्रको सत्यताबाट एउटा जग बसाल्न शुरू गर्नु हुनेछ तर हामी तपाईको निम्ति

एउटा नयाँ करार पुस्तकको प्रति पनि पठाउन चाहन्छौं जो येशू ख्रीष्टको जन्मको विवरणबाट शुरू हुने बाइबलको लिखित वचनको एउटा भाग हो

***"साँचो खुशीयाली तपाईको हुनसक्छ"*** नामक यो पुस्तकमा धेरै बाइबलका उद्धारणहरू समावेश भए तापनि यो परमेश्वरको वचन होइन। नयाँ करार पुस्तकको एक प्रति आफ्नो बनाउनलाई हामीलाई निश्चय पत्र लेख्नु होस भनेर तपाईलाई हामी उत्साह दिन्छौं, जो हामी तपाईलाई सित्तैंमा पठाइदिनेछौं

अर्को पृष्ठमा तपाईले एउटा आदेश - फारम पाउनु हुनेछ त्यसलाई पूरा भरेर हामी कहाँ डाकद्वारा पठाउनु होस तपाईलाई हामी एउटा नयाँ करारको पुस्तक मुफतमा पठाइदिनेछौं जसले तपाईलाई येशूमा अझ बलियो बनेर बढ्नमा सहायता गर्नेछ औ उहाँलाई अझ घनिष्ठ प्रकारले चिन्दै जानमा सहायता गर्नेछ

त्यस आदेश-फारममा तपाईले मुफतमा आफ्ना परिवार, मित्रवर्ग र दिनहूँ भेटने मानिसहरूलाई थमाउनको निम्ति यस पुस्तकको अझ धेरै प्रति मगाउनलाई एउटा ठाउँ पाउनु हुनेछ यदि यस पुस्तकले तपाईलाई सहायता गरेको छ भने, यसले अरूलाई पनि सहायता गर्ने छ अरू मानिसले ख्रीष्टलाई चिन्नका निम्ति तपाईले चलाउने यो एउटा हतियार हुन सक्छ

यस पुस्तकका अन्तिम दुइ पृष्ठहरूमा परमेश्वरको उद्धारको योजनाको सारांशलाई समावेश गरिएको छ अन्य कसैले येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनी ग्रहण गरेर परमेश्वरसंग मिलापमा आउन चाहनेलाई सहायता गर्न तपाईले यो चलाउन सक्नु हुन्छ तपाईको ख्रीष्टियन जीवनको सबैभन्दा अर्थपूर्ण समय त्यो हुन्छ जब तपाईले अरू मानिसलाई येशू ख्रीष्टद्वारा तिनीहरूका सृष्टिकर्त्तासंग ठीक सम्बन्ध कायम गर्नमा सहायता गर्नु भएको हुन्छ तपाईले पाउनु भएको साँचो खुशीयाली अरूले पाउनमा तपाईले सहायता गर्नु हुँदा तपाई परमेश्वरबाट साँच्चै आशिषीत बनेका होऊन्

❖

## आदेश – फारम

कृपया मलाई एउटा नयाँ करार मुफतमा पठाइ दिनु होला साथै यस पुस्तक *"साँचो खुशीयाली तपाईको हुन सक्छ"* को ............. प्रति।

(तपाईलाई जति संख्याको खाँचो पर्छ, मगाँउनु होस, हामी ती पठाइदिने भरमग्दूर कोशिष गर्नेछौं।)

नाउँ :
ठेगाना :
शहर :
राज्य / प्रान्त :
पीन कोड :
देश :
उमेर :

यी रेखाहरूमा काटेर यो आदेश – फारमलाई यो ठेगानामा पठाउनु होस्ः

South Asia Co-Ordinator
Densu Ministries
P.O.Box : 969, Chennai - 600 012 India
E-mail : southasia@densu.com

AGAPE
GPO Box No. 111567
KATHMANDU, NEPAL
E-Mail : southasia@densu.com
robby@helpmins.wlink.com.np

कृपया यो आदेश–फारमको अर्को पृष्ठमा तपाईले कसरी यो पुस्तक पाउनु भयो र यसले तपाईलाई कस्तो सहायता गरयो त्यसबारे हामीलाई लेखि पठाउनु होस। साथै अरूले ख्रीष्टलाई चिन्नमा सहायता पुराउन तपाईले मुफतमा पाउनु भएको यस पुस्तकका प्रतिहरू कहाँ – कहाँ चलाउन चाहनु हुन्छ त्यो पनि हामीलाई लेख्नु होस्

# परमेश्वरको उद्धारको योजना



विश्वको सृष्टिकर्त्ता परमेश्वरले उहाँसंग हुने एउटा घनिष्ट र भरोसापूर्ण सम्बन्धद्वारा तपाई साँच्चै खुशी हुने सामर्थ्यसंग तपाईलाई सृजनु भयो तथापि, तपाई र सबै मानिस जाति आ–आफ्नै बाटो पैलाए, परमेश्वरसंग राख्ने भरोसालाई तोड़ेर अनि तपाईको सृष्टिकर्त्तदेखि अलग रहेर जीवन जिउन रोजे

शैतान जो दुष्टात्मा हो त्यसले परमेश्वरको चरित्र विषय छल गरेर मानिस जातिलाई परीक्षामा पारे, मानिसजातिलाई परमेश्वरमा भरोसा नराख्न र उहाँको विरूद्ध पाप गर्नको निम्ति उक्साए परमेश्वरले हरेक मानिसलाई दिन चाहनु भएको आनन्द, शान्ति र साँचो खुशीयालीदेखि पाप, अविश्वास र अनाज्ञाकारिताले मानिस जातिलाई वञ्चित गरायो

पापको कारण मानिसलाई परमेश्वरबाट अलग गराएकोले मानिसलाई रित्तो, अपूर्ण र परमेश्वरबाहेक अरू कुनै थोकले भर्न नसक्ने खालीपनमा राख्यो शताब्दीदेखि संसारले प्रदान गर्ने असल कुराद्वारा र खराब कुरा यहाँसम्म कि धर्मद्वारा मानिसले त्यो खालीपनलाई भर्ने प्रयास गरे तर तिनीहरू अझ रित्तो, भयभीत, एकलो, बोझले भरिएको र अन्योलमा रहे

परमेश्वरले मानिस जातिलाई प्रेम गर्न कहिल्यै छाड्नु भएन जो उहाँकै स्वरूपमा सृजिएका थिए तर त्यसको सट्टा उहाँको पुत्र येशू ख्रीष्टद्वारा उहाँले एउटा बाटो बनाउनु भयो सबै मानिसजाति उहाँकहाँ फर्कनलाई औ तिनीहरूको निम्ति उहाँले राख्नु भएको उहाँको मौलिक योजना तर्फ आउनलाई

***"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँबाट बाँचोस् भनेर पठाउनुभयो । "***

येशूले भन्नुभयो,***"बाटो, सत्य र जीवन मैं हुँ, मबाहेक अरू कोहीद्वारा पिताकहाँ जानसक्तैन " "परमेश्वरले उहाँलाई (येशू) जसमा पापै थिएन हाम्रो निम्ति पाप तुल्याउनु भयो, ताकि उहाँमा हामी परमेश्वरको धार्मिकता बन्न सकौं "***

***"किनकि पापहरूको खातिर ख्रीष्ट एकै चोटि मर्नु भयो, अधर्मीको निम्ति एक धर्मी, तपाईलाई परमेश्वर कहाँ ल्याउनलाई "***

***"किनकि मैले जे पाएँ त्यो तिमीहरूलाई अति मुख्य ठानी सुम्पि पनि दिएँ: अर्थात् धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रो पापको निम्ति मर्नु भयो, उहाँ गाड़िनु भयो औ धर्मशास्त्र अनुसार उहाँ तेस्रो दिनमा बौरि उठनु भयो"***

येशू ख्रीष्ट तपाईको निम्ति मर्नु भएको तात्पर्य – तपाईले आफ्ना पापहरूबाट क्षमा पाउन, परमेश्वर तपाईका सृष्टिकर्त्तासंग ठीक सम्बन्ध प्राप्त गर्न र येशूद्वारा अहिले अनि सदा–सर्वदा साँचो खुशीयाली अनुभव गर्नलाई हो

येशूले भन्नुभयो, ***"म ता तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ " येशूले भन्नुभयो, "हे सबै मेहनत गर्ने, र बोझले दबिएका हो मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु मेरो जुवा तिमी आफैले बोक, र मसँग सिक किनभने म विनयी, र नम्र हृदयको छु अनि तिमीहरूले आ–आफ्ना आत्मामा विश्राम पाउनेछौ किनकि मेरो जुवा सजिलो र मेरो भारी हलका छ"***

येशूले भन्नुभयो, ***"म संसारमा ज्योति झैं आएको छु, ताकि जसले मलाई विश्वास गर्छ त्यो अँध्यारोमा रहनु पर्दैन "***

***"किनकि पापको ज्याला मृत्यू हो, तर परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु येशू ख्रीष्टमा अनन्त जीवन हो "***

***"तर जत्तिले उहाँलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने हक दिनु भयो, अर्थात् उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई " "यदि तिमीले आफ्नो मुखले 'येशू प्रभु हुन्' भनेर स्वीकार गर्‍यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँताउनु भयो भनी हृदयमा विश्वास गर्‍यौ भने, तिम्रो उद्धार हुनेछ "***

***"जसले प्रभुको नाउँलाई पुकार्छ त्यो बाँच्ने छ। "***

तपाईले प्रभुको नाउँलाई यसै घड़ी पुकार्न सक्नु हुन्छ अनि निम्नलिखित प्रार्थना गर्दै येशू ख्रीष्टलाई तपाईको व्यक्तिगत मुक्तिदाता र प्रभु भनेर स्वीकार गर्न सक्नु हुन्छः

*प्रेमी परमेश्वर,*

*म विश्वास गर्छु कि येशू मेरो पापको निम्ति मर्नु भयो औ तपाईले उहाँलाई मृतकबाट बौरि उठाउनु भयो। मलाई तपाईको पुत्र दिनु भएको निम्ति धन्यवाद यसै घड़ी, म येशूको नाउँलाई पुकार्छु, र मेरो हृदयमा उहाँलाई मेरो मुक्तिदाता र मेरो जीवनको प्रभु मानेर स्वीकार गर्छु*

*धन्यवाद छ, परमेश्वर, मेरा पापहरूबाट मलाई बचाउनु भएको निम्ति अनि तपाईसंग एउटा ठीक सम्बन्धमा मलाई फर्काउनु भएको निम्ति हरेक दिन तपाईलाई अझ राम्ररी जान्न मलाई सहायता गर्नु होस अनि हर-तरिकाले तपाईलाई प्रसन्न तुल्याउने जीवन जिउन सकूं मेरो जीवनको हरेक क्षेत्रबाट म तपाईलाई भरोसा गर्न चाहन्छु र तपाईको आज्ञाकारी बन्न चाहन्छु म तपाईलाई प्रेम गर्छु !*

*येशूको नाउँमा, आमेन!*

❖